# ल्होमी जातिको वर्तमान शैक्षिक अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर
तह द्वितीय वर्षको आंशिक आवश्यकता
परिपूर्तिको प्रयोजनार्थ प्रस्तुत
शोधपत्र

शोधार्थी
छिरिङ्ग तेम्बा भोटे
त्रि.वि.दर्ता नं. : ९-३-२२२-०१३७-२०११
परीक्षा रोल्नं. : २२२००२९

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय
वरुण बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
खाँदबारी , सङ्खुवासभा
२०७०

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक, व्यवस्थापन र शिक्षाशास्त्र अध्ययन सङ्काय
**वरुण बहुमुखी क्याम्पस**
खाँदबारी, संखुवासभा
(जनस्तरमा सञ्चालित)
(स्था : २०४३)
फोन नं. : ०२९-५६०१९५
०२९-५६०६९५

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय वरुण बहुमुखी क्याम्पस खाँदबारी शैक्षिक योजना तथा व्यवस्थापन विषय एम.एड. शोध वर्षका छात्र छिरिङ्ग तेम्बा भोटेले ल्होमी जातिको वर्तमान शैक्षिक अवस्था शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । अध्ययन अनुसन्धानको सीमा र मर्मलाई ध्यानमा राखी मेहनतपूर्वक तयार गर्नुभएको यो शोधपत्र देखि म सन्तुष्ट भई मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

..................................

शोध निर्देशक
उप-प्राध्यापक सन्तोषकुमार बराल
शैक्षिक योजना तथा व्यवस्थापन विभाग

मिति : २०७० /  /

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक, व्यवस्थापन र शिक्षाशास्त्र अध्ययन सङ्काय
वरुण बहुमुखी क्याम्पस
खाँदबारी, संखुवासभा
(जनस्तरमा सञ्चालित)
(स्था : २०४३)
फोन नं. : ०२९-५६०१९५
०२९-५६०६९५

स्वीकृती-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह शोध वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि छिरिङ्ग तेम्बा भोटेले ल्होमी जातिको वर्तमान शैक्षिक अवस्था शीर्षकमा गर्नुभएको शोधपत्र शोध मुल्याङ्कन समितिबाट मुल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

शोध मुल्याङ्कन समिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | क्याम्पस प्रमुख टीकाराम गुरुङ्ग | अध्यक्ष | |
| २. | उप-प्राध्यापक सन्तोषकुमार बराल | शोध निर्देशक | |
| ३. | | | |

मिति : २०७०/ /

# प्राक्कथन

सर्वप्रथम म यस शोधपत्रको शीर्षक अनुसार वास्तविक र यथार्थ रुपमा शोध पत्र तयार पार्ने क्रममा आफ्नो अमुल्य र ब्यस्त समय दिइ सोधपत्रको प्रशतावना लेखन कार्य देखि अनुसन्धान कार्यको अन्त्य सम्म आफ्नो सद्भावपुर्ण सल्लाह , सुझाव तथा मार्ग निर्देशन प्रदान गर्नुहुने आदरणीय सोध निर्देशक, वरुण बहुमुखी  क्याम्पस अन्तर्गत शैक्षिक योजना र व्यवस्थापन विभागका विभागीय प्रमुख प्राध्यापक श्री शन्तोष बराल ज्यू  र वरुण बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख टिकाराम गुरुङ्ग प्रति हृदय देखि नै कृतज्ञता ज्ञापन गर्दछु ।

शोधकार्य पूरा गर्न अध्ययन भ्रमणका क्रममा सहयोग गर्नुहुने चेपुवा गाउँका लाक्पा छिरिङ्ग ल्होमी , पेम्बा भुटिक ल्होमी , ओङ्गमु भोटे एवं हुंगुङ् गाउँको याङ्जिन लामा र ज्यामु भोटेलाई धन्यवाद दिन चाहन्छु ।  यो शोध कार्यलाई विभिन्न तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नु हुने "ल्होमी महिला कल्याण मञ्च" को अध्यक्ष श्रीमति छिङ्चिप्पा ल्होमी र श्री अरुणोदय लिंगम स्रोत केन्द्रका स्रोत व्याक्ति श्री गोपाल प्रसाद दहाल एवं सो स्रोत केन्द्रको क्षेत्र अर्न्तगत पर्ने विद्यालयका प्र.अ., शिक्षकहरु, वि.व्य.सका अध्यक्ष र  पदाधिकारीहरु , शि.अ.स.का अध्यक्ष र पदाधिकारीहरु, अभिभावकहरु, अग्रजहरु, बुद्धिजिवीहरु , विद्यार्थीहरु , शिक्षा प्रेमी  व्यक्ति व्यक्तित्वहरु प्रति आभार व्यक्त गर्दै अमुल्य सहयोगका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । प्राप्त सूचानाहरुलाई संगठित रुप दिन साथै भाषाको शुद्धा शुद्धी हेर्नु हुने श्री मंगलादेवी माध्यमिक विद्यालयका शिक्षक श्री वसन्त लाल तामाङ्गज्युलाई पनि हार्दिक आभार प्रकट गर्दछु ।

अन्तमा मेरो अध्ययन कार्यमा निरन्तर प्रोत्साहन दिई थेसीसको प्रोसेस कार्य के हुदैछ ? भनी फोनमा झकझक्याई रहनुहुने श्री अरुणोदय उच्च माध्यमिक विद्यालय लिंगमका प्रधानाध्यापक  श्री किङ्सन लामालाई हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

मिति :२०७० शोधार्थी

## शोधसार

शिक्षा देशनिर्माणको लागि दक्ष , सिपयुक्त, चरित्रवान् एवंम् नैतिकवान् नागरिक तयार गर्ने मुख्य आधार हो । संयुक्त राष्ट्र संघले सन् १९४८ मानै शिक्षालाई मानवअधिकारको रुपमा घोषणा गरिसकेको र नेपालको अन्तरिम संविधान २०६३ को धारा १७ मा शिक्षालाई मौलिक हकको रुपमा मान्यता प्रदान गरिसकेको कारणले एंव सन् २०१५ सम्म सबैका लागि शिक्षा कार्यक्रम लागु गरिसकेको अवस्थामा नेपालका आदिवासी जनजाती अन्तर्गत सिमान्तकृत समुदायमा पर्ने आदिवासी जनजातिहरुलाई मध्यनजर गरि "ल्होमी जातिको वर्तमान शैक्षिक अवस्था " भन्ने शिर्षकमा यो शोधपत्र तयार गरिएको छ । यसका उदेश्यहरु ल्होमी जातिको वर्तमान शैक्षिक अवस्था पत्ता लगाउनु , यी जातिको जिवनस्तरमा शिक्षाले ल्याएको परिवर्तनको खोजी गर्नु , ल्होमी जातिहरु शिक्षामा पछाडी पर्नुका कारणहरु पहिचान गरि शिक्षाको मुलधारमा ल्याउन अपनाउनु सकिने उपायहरु प्रस्तुत गर्नु रहेको छ । यी उदेश्यहरु प्राप्तीका लागि यस सँग सम्बन्धित अनुसन्धानात्मक प्रश्ननिर्माण गरी उत्तर खोज्ने प्रयास गरिएको छ ।

अनुसन्धानलाई अगाडी बढाउन यस विषयसंग सम्बन्धित शोधपत्र, दस्तावेज, लेख ,पुस्तक तथा अन्य सन्दर्भ सामाग्रीहरुको अध्ययन गरिएको छ । अध्ययनको क्रममा ल्होमी जातिहरुको उत्पति थलो र हाल अधिकांश ल्होमीहरु बसोबास गरिरहेको क्षेत्र संखुवासभा जिल्लाको उत्तरी दुर्गम गा.वि.स चेपुवाका चेपुवागाउँ र गुम्बागाउँ त्यस्तै गरि हटिया गा.वि.स वडा नं. २ र ३ को हुगुङ्गगाउँ, लिंगम स्रोतकेन्द्रका स्रोत व्यक्ति , सो स्रोत केन्द्र अन्र्तगतका ३ वटा विद्यालय, विद्यालयका वि.व्य.स र शि.अ.सका अध्यक्षहरु, , विद्यालयमा अध्ययनरत ३० जना विद्यार्थीहरु , ४० जना अभिभावकहरु , २ जना बुद्धिजिवीहरु र हालसम्म ल्होमी जातिहरु मध्येबाट उच्च शिक्षा हासिल गरिसकेको १ जना पुरुष र १ जना महिलालाई जनसङ्ख्याको रुपमा लिइ यो अध्ययन कार्य गरिएको छ । समग्र जनसंख्याबाट नमुना छनोट गर्दा उदेश्यपूर्ण नमुना छनोट तथा छ्यसमिसे नमुना छनोटका आधारमा गरिएको छ । अनुसन्धान कार्यका लागि तथ्याङ्क सङ्कलन गर्न प्रश्नावली , जनसंख्या सर्वेक्षण फाराम , मत सर्वेक्षण फाराम ,अर्न्तवार्ता फाराम , अवलोकन फाराम तथा छलफल सुचि जस्ता सुचना सङ्कलनका साधन प्रयोग गरी प्राथमिक र द्धितिय दुवै स्रोतहरुबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी प्राप्त तथ्याङ्कहरु लाई तालिककरण गरि तालिका ,वृत्त चित्र र चार्टहरुको माध्यम द्धारा विश्लेषण एंव प्रस्तुतीकरण गरिएको छ । यस अध्ययनबाट

अध्ययन क्षेत्रको ६ वर्ष भन्दा माथिको ल्होमी पुरुषको साक्षरता प्रतिशत ४६ % र महिलाहरुको साक्षरता प्रतिशत ३८.८८ % रहेको र वर्तमान समयमा समग्र अध्ययन क्षेत्रका ल्होमीहरुको साक्षरता प्रतिशत ४२.२१ % मात्र रहेको पाइयो , जुन नेपालको साक्षरता प्रतिशत र अध्ययन क्षेत्रको जिल्लाको साक्षरता प्रतिशत भन्दा अत्यन्त न्युन रहेको छ । शिक्षाको कारणले यस जातिको स्वास्थ्यको स्थिती, व्यक्तिगत सरसफाई, खानपानको अवस्था, भाषिक अवस्थामा ,रोजगारमा र आर्थीक स्तरमा विगतको तुलनामा व्यापक परिवर्तन भइरहेको पाइयो । अध्ययनबाट प्राप्त सुचनाको आधारमा वर्तमान समयमा पनि ल्होमी जातिहरु गरिबी, भौगोलिक विकटता, राज्यको निति, अशिक्षा , भाषिक समस्या, राजनितिका कारणले गर्दा शिक्षामा पछाडी परिरहेको देखिन्छ । ल्होमी जातीहरुलाई शिक्षाको मुलधारमा ल्याई शैक्षिक हकबाट यस जातिलाई कुण्ठित हुन नदिनको लागि वर्तमान समयमा सबैका लागि शिक्षा कार्यक्रमको प्रभावकारी कार्यन्वयनका लागि शिक्षक तालिम ,विद्यालयको भौतिक, आर्थिक ,शैक्षिक पक्षको उचित व्यवस्थापन, शिक्षा सम्वन्धि विभिन्न अभिभावक सचेतना कार्यक्रम , शिक्षालाईअनिवार्य एवं नि : शुल्क बनाउनु , वालमैत्री विद्यालय वातारण कायम गरि पूर्णरुपमा छात्रवृत्ति तथा दिवा खाजाको व्यवस्था, प्रत्येक गाउँमा प्रा.वि. तहको विद्यालय स्थापना, विभिन्न अनौपचारिक शिक्षाकार्यक्रम संचालन , वि.व्य.स., शि.अ.स., प्र.अ. तथा शिक्षकहरुमा दायित्ववोध बनाउनका लागि सम्वन्धित निकाय वाट निरन्तर सुपरिवेक्षण र अनुगमन गर्नु पर्ने साथै नीतिगत तह ,कार्यन्वयन तह ,अनुसन्धान तह र राष्ट्रिय स्तरबाट नै सिमान्तकृत ल्होमी जातिहरुलाई शिक्षाको मुलधारमा ल्याउनको लागि पहल गर्नु पर्ने सुझाउ सहितको निष्कर्ष निकालिएको छ ।

# विषयसूची


| शीर्षक | पेज नं. |
| --- | --- |
| सिफारिस पत्र | i |
| स्वीकृती पत्र | ii |
| प्राक्कथन | iii |
| सोधसार | iv |
| विषय सूची | vi |
| सङ्क्षिप्त शब्दहरुको पुरा रुप | ix |
| तालिका सूची | x |
| चित्र सुची | xii |

परिच्छेद एक :

परिचय

| | |
| --- | --- |
| १.१ अनुसन्धानको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको औचित्य | ४ |
| १.४ अध्ययनको उद्देश्य | ५ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ६ |
| १.६ अध्ययनको परिसीमा | ६ |
| १.७ मुख्य शव्दहरुको परिभाषा | ८ |

परिच्छेद दुई :

सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा

| | |
| --- | --- |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |

२.२ अध्ययनको सैद्धान्तिक आधार ३४
२.३ अनुसन्धानमा पुनरावलोकनको प्रयोग ३६

## परिच्छेद तीन :

## अनुसन्धान विधि र प्रक्रिया

३.१ अनुसन्धान ढाँचा ३८
३.२ अध्ययनको जनसंख्या र नमुना ३८
३.३ तथ्याङ्कको स्रोत ४०
३.४ तथ्याङ्क संकलनका साधनहरु ४१
३.५ तथ्याङ्क संकलन प्रक्रिया ४३
३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया ४३

## परिच्छेद चार :

## नतिजा विश्लेषण

४.१ ल्होमी जातिको वर्तमान शैक्षिक अवस्था ४५
४.१.१ संखुवासभा जिल्लाको शैक्षिक अवस्था एक झलक ४५
४.१.२ ल्होमी जातिको परिचय ४२
४.२.३ चेपुवा ,हटिया गा.वि.स र नमुना छानोट गरिएका गाँउहरुको छोटो परिचय ४३
४.१.४ ल्होमी जातिको जनसंख्या ४७
४.१.५ अध्ययन क्षेत्रका ल्होमी पुरुष र महिलाहरुको जनसंख्या ४७
४.१.६अध्ययन क्षेत्रका ल्होमीहरुको उमेरगत जनसंख्या ४८
४.१.७ साक्षर ल्होमीहरुको जनसंख्या ५०
४.१.८ निरक्षर ल्होमीहरुको जनसंख्या ५१
४.१.९ साक्षरता शिक्षा प्राप्त गरिरहेका ल्होमीहरुको जनसंख्या ५२

४.१.१० तहगत रुपमा शिक्षा हासिल गरिसकेका ल्होमीहरुको स्थिती ५३
४.१.११ अध्ययन क्षेत्रका ल्होमी पुरुष तथा महिलाहरुको साक्षरता स्थिती ५४
४.१.१२ १६ वर्ष भन्दा मुनिका ल्होमीहरुको साक्षरता स्थिती ५५
४.१.१३ १६ वर्ष भन्दा माथिका ल्होमीहरुको साक्षरता स्थिती ५६
४.१.१४ अध्ययन क्षेत्रका विद्यालयमा ल्होमी वालवलिकाको सहभागिताको स्थिती ५७
४.२ शिक्षाका कारणले जिवनस्तरमा ल्याएको परिवर्तनको अवस्था ६१
४.२.१ स्वास्थ्यमा आएको परिवर्तन ६२
४.२.२ व्यक्तिगत सरसफाइमा भएको परिवर्तन ६३
४.२.३ खानपानमा आएको परिवर्तन ६४
४.२.४ लवाइमा आएको परिवर्तन ६५
४.२.५ बोलिचालिमा आएको परिवर्तन ६६
४.२.६ रोजगारमा आएको परिवर्तन ६७
४.२.७ आर्थिक स्तरमा आएको परिवर्तन ६८
४.३ ल्होमी जातिहरु शिक्षामा पछाडि पर्नुका कारणहरु ६९
४.४ ल्होमी जातिलाई शैक्षिक मुलधारमा ल्याउन अपनाउनु पर्ने उपायहरु ७०
४.४.१ राज्यले अपनाउनु पर्ने उपायहरु ७१
४.४.२ विद्यालयले अपनाउनु पर्ने उपायहरु ७२
४.४.३ अभिभावकवाट अपनाउनु पर्ने उपायहरु ७३
४.४.४ गैर सरकारी तथा अन्य दातृसंस्थाहरुले अपनाउनु पर्ने उपायहरु ७५
४.४.५ समग्रमा ल्होमी जातिलाई शिक्षाको मूलधारमा ल्याउन अपनाउनपर्ने उपायहरु ७६

परिच्छेद पाँच :
निष्कर्ष र सुझाव

५.१ निष्कर्ष ७७
५.२ सुझाव ७९
सन्दर्भ सामग्री
अनुसूचीहरु

# तालिका सुची


| तालिका नं. | शीर्षक |
|---|---|
| १. | ४.१.१ संखुवासभा जिल्लाको विद्यालय एवं शैक्षिक संस्थाहरुको विवरण |
| २. | ४.१.१ संखुवासभा जिल्लामा अध्ययनरत विद्यार्थीहरुको संख्यात्मक विवरण |
| ३. | ४.१.१ संखुवासभा जिल्लाको ५ वर्ष मथिका साक्षरता स्थिती |
| ४. | ४.१.३.१ चेपुवा गा .वि.स.को जनसांख्यिक विवरण |
| ५. | ४.१.३.१ चेपुवा गाँउको ल्होमीहरुको जनसंख्या |
| ६. | ४.१.३.१ गुम्बा गाँउको ल्होमीहरुको जनसंख्या |
| ७. | ४.१.३.२ हटिया गा.वि.स.को जनसांख्यिक विवरण |
| ८. | ४.१.३.३ हुगुङ्ग गाँउका ल्होमीहरुको जनसंख्या |
| ९. | ४.१.४ समग्र ल्होमीहरुको जनसंख्या |
| १०. | ४.१.५ छनौट गरिएका गाँउहरुको जनसंख्या विवरण |
| ११. | ४.१.६ अध्ययन क्षेत्रका ल्होमीहरुको उमेरगत जनसंख्या |
| १२. | ४.१.७ साक्षर ल्होमीहरुको जनसंख्या |
| १३. | ४.१.८ निरक्षर ल्होमीहरुको जनसंख्या |
| १४. | ४.१.९ साक्षरता शिक्षा प्राप्त गरिरहेका ल्होमीहरुको जनसंख्या |
| १५. | ४.१.१० तहगत रुपमा शिक्षा हासिल गरिसकेका ल्होमीहरुको जनसंख्या |
| १६ | ४.१.११ ल्होमी पुरुष तथा महिलाहरुको साक्षरता स्थिती |
| १७. | ४.१.१२ १६ वर्ष भन्दा मुनिका ल्होमीहरुको साक्षरता स्थिती |
| १८. | ४.१.१३ १६ वर्ष भन्दा माथिका ल्होमीहरुको साक्षरता स्थिती |
| १९. | ४.१.१४ श्री अरुणोदय उच्च माध्यमिक विद्यालयको विद्यार्थी विवरण |
| २०. | ४.१.१५ श्री शान्ति नि.मा.वि.को विद्यार्थी विवरण |
| २१. | ४.१.१६ श्री गुवाछेसा नि.मा.वि.को विद्यार्थी विवरण |
| २२. | ४.१.१६ अध्ययन क्षेत्रका विद्यालयहरुमा ल्होमी विद्यार्थीहरुको संख्या |
| २३. | ४.२.१ स्वास्थ्यमा आएको परिवर्तनको नतिजा |
| २४. | ४.२.२ व्यक्तिगत सरसफाइमा आएको परिवर्तनको नतिजा |
| २५. | ४.२.३ खानपानमा आएको परिवर्तनको नतिजा |

२६. ४.२.४ लवाइमा आएको परिवर्तनको नतिजा
२७. ४.२.५ बोलिचालिमा आएको परिवर्तनको नतिजा
२८. ४.२.६ रोजगारमा आएको परिवर्तनको नतिजा
२९. ४.२.७ आर्थिक स्तरमा ल्याएको परिवर्तनको नतिजा
३०. ४.३ ल्होमी जातिहरु शिक्षामा पछाडि पर्नुका कारणहरु
३१. ४.४.१ राज्यले अपनाउनु पर्ने उपायहरु
३२. ४.४.२ विद्यालयले अपनाउनु पर्ने उपायहरु
३३. ४.४.३ अभिभवकहरुले अपनाउनु पर्ने उपायहरु
३४. ४.४.४ गैर सरकारी तथा अन्य दातृसंस्थाहरुले अपनाउनु पर्ने उपायहरु

# चित्र सुची


| चित्र नं. | शिर्षक |
|---|---|
| १. | ४.१.५ छनोट गरिएका गाँउहरुको जनसंख्या विवरण |
| २. | ४.१.६ अध्ययन क्षेत्रका ल्होमीहरुको उमेरगत जनसंख्या |
| ३. | ४.१.७ साक्षर ल्होमीहरुको जनसंख्या |
| ४. | ४.१.८ निरक्षर ल्होमीहरुको जनसंख्या |
| ५. | ४.१.९ साक्षरता शिक्षा प्राप्त गरिरहेका ल्होमीहरुको जनसंख्या |
| ६. | ४.१.१० तहगत रुपमा शिक्षा हासिल गरिसकेका ल्होमीहरुको जनसंख्या |
| ७. | ४.१.११ ल्होमी पुरुष तथा महिलाहरुको साक्षरता स्थिती |
| ८. | ४.१.१२ १६ वर्ष भन्दा मुनिका ल्होमीहरुको साक्षरता स्थिती |
| ९. | ४.१.१३ १६ वर्ष भन्दा माथिका ल्होमीहरुको साक्षरता स्थिती |
| १०. | ४.१.१६ अध्ययन क्षेत्रका विद्यालयहरुमा ल्होमी विद्यार्थीहरुको संख्या |
| ११. | ४.२.३ खानपानमा आएको परिवर्तनको नतिजा |
| १२. | ४.२.४ लवाइमा आएको परिवर्तनको नतिजा |

# सङ्क्षिप्त शब्दहरुको पुरा रुप

| | |
|---|---|
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| जि.शि.का | जिल्ला शिक्षा कार्यालय |
| गा.वि.स | गाउँ विकास समिति |
| वडा नं. | वडा नम्वर |
| ज. | जम्मा |
| उ.शि. | उच्च शिक्षा |
| सं.स. | संखुवासभा |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नियमावली | शिक्षा नियमावली २०५७ (संशोधन सहित) |
| पा.वि.के | पाठ्यक्रम विकास केन्द्र |
| शै.ज.वि.के | शैक्षिक जनशक्ति विकास केन्द्र |
| प्र.अ. | प्रधानाध्यपक |
| वि.नि. | विद्यालय निरिक्षक |
| वि.व्य.स. | विद्यालयको  व्यवस्थाप समिति |
| शि.अ.स. | शिक्षक अभिभाव सघं |
| शै.उ. | शैक्षिक उपलब्धि |
| शै.स. | शैक्षिक सत्र |

# परिच्छेद एक :

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा व्यक्तिभित्र रहेको अर्न्तनीहित प्रतिभाको प्रस्फुटन गरी समाज र देश विकासको लागि चरित्रवान एवं नैतिकवान नागरिक तयार पार्ने मुख्य आधार हो। देश निर्माणको लागि दक्ष ,सीपयुक्त र शिक्षित मानव संसाधनको आवश्यकत्ता पर्दछ। नेपालको वर्तमान साक्षरता दर ६५.९ प्रतिशत रहेको छ , भने २०५८ सालको जनगणना अनुसार नेपालको कूल साक्षरता दर ५४.१ प्रतिशत रहेको थियो। (स्रोत :केन्द्रिय तथ्याङ्क विभाग ) सो तथ्याङ्कलाई हेर्दा नेपालको साक्षरता प्रतिशत बढेको देखिन्छ।

सन् १९९४ मा सेनेगलको डकार सम्मेलनबाट पारित सन् २०१५ सम्म सवै वालवालिकाहरुलाई प्राथमिक स्तरको शिक्षा गुणस्तरीय , निःशुल्क र अनिवार्य रुपमा उपलब्ध गराउने ,आदिवासी तथा अल्पसंख्यक भाषिक समुदाय लगायत सबै बालवालिकाहरुको सिकाइ आवश्यकता परिपूर्ति गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। सो घोषणा-पत्र अनुसार सन् २०१५ सम्ममा सबैका लागि शिक्षा हासिल गर्न ६ वटा मुख्य उदेश्यहरु राखिएका छन् भने नेपालले देशको भाषिक तथा जातीय यथार्थतालाई ध्यानमा राखी छुट्टै सातौं लक्ष्य निर्धारण गरी त्यसकालागि आवश्यक कार्ययोजना बनाइएको पाईन्छ । देशमा निरक्षर उन्मुलन गर्ने योजना स्वरुप अनौपचारिक शिक्षा केन्द्रले विभिन्न साक्षरता कार्यक्रमको साथै नेपालको ६ वर्ष देखि १४ वर्ष उमेर समुहका बालबालिकाहरुलाई लक्ष्यित गरी विद्यालयमा आधारित वैकल्पिक विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। अनौपचारिक शिक्षा केन्द्रका साथ साथै हाल निरक्षर व्यक्तिहरुलाई साक्षर बनाउने कार्यमा गैरसरकारी संस्थाहरु विभिन्न कार्यक्रमका साथ लागि परिरहेको देखिन्छ।

सन् २०१५ सम्म सबैकालागि शिक्षाको लक्ष्य पुरा गर्ने कुरालाई मुख्य मन्त्रका रुपमा लिइ नेपालको शैक्षिक क्षेत्रमा आर्थिक वर्ष २०६६/०६७ देखि वि.सं.२०७२/०७३ सम्मकालागि दीर्घकालीन रणनीतिको रुपमा तयार गरिएको विद्यालय क्षेत्र सुधार योजना , जसलाई नेपालको शिक्षा विकासको लागि नेपाल सरकारको मुख्य दस्तावेजको रुपमा स्वीकार गरि विभिन्न रणनीतिक कार्यक्रम कार्यान्वयन गर्न शुरु गरिसकेको छ।

नेपालका ५९ वटा सूचिकृत आदिवासी जनजातिहरु मध्ये ५० औं आदिवासी जनजातिको सूचिमा पर्ने ल्होमी जाति सिमान्तकृत हिमाली आदिवासी जनजाति अन्तर्गत पर्दछ। ल्हो+मी (दक्षिण र मानिस) दुइवटा शब्दको संमिश्रणबाट ल्होमी शब्दको विकास भएको पाइन्छ ,जो आदीमकालदेखि नै तिब्बतको दक्षिण भागमा बसोवास गर्दै आएको पाइन्छ। तिब्बतको दक्षिण क्षेत्रमा बसोबास गर्ने भएबाट नै ल्होमी जातिको नामाकरण रहन गएको देखिन्छ। सांस्कृतिक विविधताले सम्पन्न यस ल्होमी जातिलाई भोटे, शिंशावा, कारभोटे, लामा जस्ता शब्दले पनि सम्बोधन गर्ने गरिन्छ। ल्होमी जातिको उद्गम स्थल पूर्वी नेपालको कोशी अञ्चल, संखुवा-सभा जिल्लाको उत्तरी भाग चीनको स्वसासित क्षेत्र तिब्बतसंग सीमाना जोडिएको, उपल्लो अरुण उपत्यका अन्तर्गत अति दूर्गम गा.वि.स. चेपुवा र हटीया भएता पनि हाल आएर संखुवासभा जिल्लाको सदरमुकाम खाँदवारी , नेपालको राजधानी शहर काठमण्डौ, भक्तपुर तथा ललितपुरमा पनि बसोवास गरी आएको पाइन्छ। साथै धनकुटा, धरान जस्ता शहरहरुमा पनि केही संख्यामा बसाँइसराई हुँदै बसोबास गरी आएको पाइन्छ र भारतको पश्चिम वंगालको दार्जिलिङ जिल्लामा पनि यस जातिको अस्तित्व रहेको पाइन्छ। शैक्षिक, आर्थिक , राजनैतिक रुपमा पिछडिएको यस जाति सामाजिक तथा सांस्कृतिक रुपमा सम्पन्न देखिन्छ। भौगोलिक रुपले समेत पिछडिएका कारण बाह्रै महिना खान नपुग्ने यस जातिको मुख्य पेशा कृषि र पशुपालन रहेको छ। परम्परागत कृषिमा निर्भर ल्होमी जातिहरु बोन तथा बुद्ध धर्म मान्ने गर्दछन् भने हाल आएर ईसाइ धर्ममा पनि आस्था राख्नेहरुको संख्या पनि वृद्धि भएको अवस्था देखिन्छ। ल्होमी जातिहरुमा अशिक्षाका कारण परम्परागत रुढीवादी विश्वास ,अन्धविश्वास, छोराछोरीवीच भेदभाव जस्ता सामाजिक कुप्रथाहरु कायम रहेको पाइन्छ। भौगोलिक विकटता र दुरीको कारणले समुचित रुपमा शिक्षा प्राप्त गर्नको लागि पर्याप्त मात्रामा उपयुक्त ठाँउमा विद्यालयहरु स्थापना गरीएको छैन। उच्च शिक्षा प्राप्त गर्न जिल्ला सदरमुकाम आउनु पर्ने भएकोले आर्थिक अवस्था कमजोर भएकाहरुको निमित्त उच्च शिक्षा हासिल गर्न कठिन परेको देखिन्छ तर शैक्षिक सत्र २०६८/०६९ बाट भने यस जातिको वाहुल्यता रहेको स्थान चेपुवा र हटिया गा.वि.स. को एकमात्र मा.वि. श्री अरुणोदय माध्यमिक विद्यालयमा उच्च माध्यमिक तहमा शिक्षा शास्त्र र मानविकी संकायमा संवधन प्राप्तगरी प्रमाण पत्र तहको पठन-पाठन हुदै आएको छ। यसकारणले गर्दा उच्च माध्यमिक तहको शिक्षा प्राप्त गर्नको लागि केही राहत भने अवश्य पुगेको देखिन्छ।

आजसम्म विभिन्न शिक्षाशास्त्री ,समाजशास्त्री तथा मानवशास्त्रीहरुले जति पनि खोज, अनुसन्धान, अध्ययन गरेका छन् तर यी ल्होमी जातिहरुको बारेमा विस्तृत रुपमा अध्ययन गरेको पाइदैन।

त्यस्तै सरकारी तथा गैरसरकारी स्तरबाट पनि यी जातिहरुको शैक्षिक अवस्थाको वारेमा गहन अध्ययन गरी यी जातिहरुको जीवनस्तर उकास्न, उचित शिक्षा, स्वास्थ्यका सुविधाहरु उपलब्ध गराउन , सन् २०१५ सम्म सवैका लागि शिक्षा कार्यक्रमको प्रभाव पहिचान गराउन , मानवअधिकारका रुपमा घोषित शिक्षाको अधिकारहरु प्राप्ति गराउन , समतामूलक र समावेशी शिक्षा प्राप्त गराउन , यिनीहरुको शैक्षिक हक अधिकार संरक्षण, सम्वर्द्धन र विकास गर्ने कुनै ठोस योजनामा प्रयत्न भएको पाइदैन । यदी यी जातिको शैक्षिक अवस्थाको वारेमा खोज, अध्ययन, अनुसंधान हुन नसकेमा यस क्षेत्रको शैक्षिक हक एवं अधिकारको संरक्षण साथै विकासको लागि ठोस योजना बनाइ कदम चाल्न सकिदैन , अन्ततः ल्होमी जातिको शैक्षिक हक र अधिकार कुण्ठित हुने सम्भावना हुन्छ । यसै सन्दर्भमा नेपालको आदिवासी जनजाति अर्न्तगत सिमान्तकृत जनजातिको सूचिमा रहेको ल्होमी जातिको वास्तविक शैक्षिक अवस्था पत्तालगाई ,शैक्षिक क्षेत्रमा पछाडि पर्नुका कारण र हालसम्म शिक्षाका कारणले के कस्ता परिवर्तन ल्याएका छन् सो कुराहरुको यथोचित पहिचान गरी ल्होमी जातिको शैक्षिक स्तर उकास्न समग्र शैक्षिक योजनाकार तथा नीति निमार्ताहरुलाई मार्गदर्शनको आधार मिलोस् भनी ल्होमी जातिको वर्तमान शैक्षिक अवस्थालाई केन्द्रविन्दु बनाइ यो अध्ययन अनुसन्धानलाई केन्द्रित गरिएको छ ।

## १.२ समस्याको कथन

शिक्षा समाज परिवर्तनको मूल वाहक तत्व हो । ल्होमी जातिको शैक्षिक अवस्थाको वारेमा हाल सम्म कुनै पनि सरकारी तथा गैरसरकारी, व्यक्ति, समुहबाट कुनै किसिमको खोज अध्ययन अनुसंधान भएको पाइदैन । यस जातिको शैक्षिक अवस्था को सत्य तथ्य रुपमा अध्ययन साथै संयुक्त राष्ट्र संघ ले सन् १९४८ मा मानव अधिकारको रुपमा शिक्षा लाई घोषण गरिसकेको र नेपालको अन्तरिम संविधान २०६३ को धारा १७ मा शिक्षा र संस्कृतिलाई मौलिक हकको रुपमा स्थापित गरिसकेको कारणले सिमान्तकृत आदिवासी जनजातिमा सुचिकृत ल्होमी जातीहरुको वर्तमान शैक्षिक अवस्था , शिक्षामा पछाडि पर्नुका कारणहरु ,शिक्षाले जिवनस्तरमा ल्याएको परिवर्तन र शिक्षाको मुलधारमा ल्याउने उपायहरुको सही तथ्याङ्कको आधारमा गहन अध्ययन पश्चात सम्बन्धित पक्षहरुलाई सल्लाह एवं सुझाव प्रदान गर्नु आजको आवश्यकत्ता रहेको छ ।

तसर्थ नेपालको सिमान्तकृत हिमाली आदिवासी जनजाति अर्न्तगत पर्ने ल्होमी जातिको शैक्षिक अवस्थाको अध्ययन गर्न निम्न प्रश्नहरुको उत्तर खोजी गर्ने प्रयास गरिएको छ ।

क. औपचारिका शिक्षा प्राप्तिको क्षेत्रमा ल्होमी जातिहरुको वर्तमान शैक्षिक अवस्था कस्तो रहेको छ ?

ख. शिक्षाका कारणले जीवन स्तरमा के कस्ता परिवर्तनहरु आएका छन् ?

ग. ल्होमीहरुले शिक्षा आर्जन गर्दा के कस्ता समस्याहरु भोगिरहेका छन् ?

घ. ल्होमी जातिहरुलाई शिक्षाको मुलधारमा ल्याउनुपर्ने अवश्यकता र उपायहरु के के हुनसक्छन् ?

## १.३ अध्ययनको औचित्य

नेपाल एउटा बहुजातीय, बहुभाषिक्, बहुधार्मिक एवं बहुसांस्कृतिक् देश हो । यहाँका विविध जनजातिहरु यस देशका विविध फूलहरु हुन् । यो देशका विभिन्न आदिवासी जनजातिहरुको भाषा, साहित्य, कला, लिपी तथा संस्कृतिहरुले यो देशलाई अन्तराष्ट्रिय स्तरमा वेग्लै पहिचान दिएको छ । नेपालका विविध आदिवासी जनजातिहरुको भाषा, साहित्य, कला, लिपी तथा संस्कृतिहरु लोप हुने अवस्थामा रहेकोले सोको संरक्षण र बिकास गरी आदिवासी जनजातिहरुको शैक्षिक ,सामाजिक, आर्थिक, तथा सांस्कृतिक विकास गरी उनीहरुलाई राष्ट्रको मूल प्रवाहमा समाहित गर्नु आजको आवश्यकत्ता हो । यस अध्ययनमा ल्होमी जातिको शैक्षिक अवस्थाको बारेमा विस्तृत रुपमा अध्ययन गरी शोध ग्रन्थ तयार गरीएकोले यसबाट भविश्यमा सरकारी, गैरसरकारी, व्यक्ति तथा समुहबाट ल्होमी जातिको शैक्षिक अवस्थाको वारेमा अध्ययन अनुसंधान गर्नु परेमा एउटा आधार तयार हुनेछ भन्ने विश्वास लिएको छु । नेपालको आदिवासी जनजातिहरु मध्ये पनि सिमान्तकृत जाति अर्न्तगत पर्ने ल्होमी जातिको वर्तमान शैक्षिक अवस्था कस्तो छ ? शिक्षाको कारणले जिवनस्तरमा के कस्ता परिवर्तनहरु भइरहेको छ ? शैक्षिक क्षेत्रमा पछाडि पर्नुका कारणहरु के के हुन् ? सो को पनि जानकारी यस अध्ययनबाट लिन सकिन्छ ।

साथै यस अध्ययनको आफ्नै सैद्धान्तिक तथा व्यवहारिक महत्व रहने छ । सैद्धान्तिक महत्व अन्तर्गत यस ल्होमी जातिको शैक्षिक अवस्था शीर्षक अन्तर्गत अध्ययनबाट प्राप्त जानकारीहरुले ल्होमी जातिको शैक्षिक अवस्थाको वर्तमान स्वरुप , शैक्षिक क्षेत्रमा पछि पर्नुका मुख्य कारणहरुको वारेमा ज्ञान हुनाका साथै विगतका अवस्थाको बारेमा समेत थाहा हुन सक्छ । यस जातिमा राज्यको

तर्फ बाट गरिएको शैक्षिक लगानी , विद्यालयको अवस्था र शैक्षिक क्षेत्रमा आएको परिवर्तन र वर्तमान अवस्थामा के कस्ता परिवर्तन भइरहेको छ र यस परिवर्तनको दिशा, स्वरुप , गति आदिका बारेमा शैक्षिक नीति निर्माता र सम्वन्धित कार्यन्वयन कर्ताहरु साथै शिक्षासँग सम्वन्धित सरकारी तथा गैर सरकारी संघ सस्थाहरुको लागि नीति निर्माण , योजना र लगानिको लागि पनि सैद्धान्तिक ज्ञान तथा आधार प्राप्त हुन्छ ।

यस अध्ययनको अर्को पक्ष व्यवहारिक महत्वलाई लिन सकिन्छ । नेपालको विभिन्न जनजातिहरु मध्ये यस ल्होमी जातिको शैक्षिक अवस्थाको बारेमा हाल सम्म कुनै पनि औपचारिक अध्ययन अनुसंधान भएको पाइदैन । यस अध्ययनको सैद्धान्तिक ज्ञान बाट यी ल्होमी जनजातिहरुको वर्तमान शैक्षिक अवस्था र शिक्षाको कारणले जिवनस्तरमा आएका परिवर्तनको बारेमा जानकारी गरी यसबाट समाजमा परिरहेको सकारात्मक तथा नकारात्मक असरहरुको बारेमा समेत जानकारी लिन सकिन्छ र यसबाट विभिन्न शिक्षाशास्त्री तथा समाजशास्त्रीहरुलाई यो जातिको बारेमा थप अध्ययन , अनुसंधान गर्नका निमित्त मार्गदर्शकको रुपमा रहि सहयोग पुऱ्याउन मद्दत गर्दछ । यसका साथै यो अध्ययन प्रतिवेदन भविष्यमा यस जातिको बारेमा अध्ययन गर्न चाहने अनुसंधानकर्ताहरुलाई समेत एउटा आधार हुने भएकोले यो अध्ययनको औचित्य रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

नेपालको हिमाली आदिवासी जनजाति अर्न्तरगत पर्ने सिमान्तकृत ल्होमी जातिको वर्तमान शैक्षिक अवस्था अध्ययनका उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

१. ल्होमी जातिको वर्तमान शैक्षिक अवस्था पत्ता लगाउनु ,
२. शिक्षाको कारणले जिवनस्तरमा ल्याएको परिवर्तन खोजी गर्नु ,
३. ल्होमी जातिहरु शिक्षामा पछाडि पर्नुका कारणहरु पहिचान गर्नु ,
४. शैक्षिक मुलधारमा ल्याउन सकिने उपायहरु प्रस्तुत गर्नु ।

## १.५ अनुसन्धानका प्रश्नहरु

ल्होमी जातिको वर्तमान शैक्षिक अवस्था , शिक्षाको कारणले यस जातिमा ल्याएको परिवर्तन ,शैक्षिक क्षेत्रमा पछाडि पर्नुका कारण र राज्यको  शैक्षिक मुलधारमा यस जातिलाई ल्याउन सकिने उपायहरुको खोजी गर्नका लागि निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ :–

क. ल्होमी जातिहरुको वर्तमान शैक्षिक अवस्था कस्तो छ ?

ख. ल्होमी जातिमा शिक्षाले के कस्तो परिवर्तनहरु ल्याएका छन् ?

ग. ल्होमी जातिहरु शिक्षामा पछाडि पर्नुका कारणहरु के के हुन् ?

घ. शिक्षामा पहुँच बढाउन के कस्ता उपायहरु अवलम्बन गर्नु पर्ला ?

## १.६ अध्ययनको परिसीमा

प्रत्येक अध्ययन अनुसंधानको आफ्नै निश्चित उद्देश्यहरु निर्धारण गरीएको हुन्छ ।  निर्धारित उद्देश्यलाई प्राप्त गर्न अध्ययन अनुसंधानको आफ्नै सीमाहरु हुन्छन् । अध्ययनको उद्देश्य प्राप्त गर्नको लागि अध्ययनलाई सीमाबद्ध गर्नुपर्ने आवश्यकता हुन्छ , त्यसैले यो अध्ययन अनुसंधान कार्यको पनि निश्चित सीमाहरु भित्र मात्र यसको परिणाम र निष्कर्षहरुले मान्यता पाउने भएबाट यस अध्ययनको  निम्नानुसार आफ्नै सीमाहरु निर्धारण  गरिएको छ :

१. ल्होमी जातिको बसोबास रहेको  सबै गाँउहरुको केन्द्र विन्दु चेपुवा गा.वि. स. वडा नं. २ र ३ को चेपुवा गाउँ र गुम्बा गाँउ  तथा  सबै भन्दा ठूलो गाँउ हटिया गा.वि.स. अर्न्तरगत वडा नं. २ र ३  हुगुङ्ग गाउँ ,

२. सोही  गा.वि.सहरुमा रहेको श्री शान्ति नि.मा.वि.चेपुवा , श्री गुवाछेसा नि.मा.वि. हटिया र श्री अरुणोदय उच्च माध्यमिक विद्यालय लिङ्गम , चेपुवा– ३ संखुवासभा ,

३. लिंगम स्रोत केन्द्रका स्रोत व्यक्ति ,

४. प्रत्येक विद्यालयहरुको प्र.अ.हरु ३ जना ,

५. छनोट गरिएका विद्यालयहरुको २-२ जना शिक्षकहरु ,

६. छनोट गरिएका विद्यालयहरुको व्यवस्थापन समितिको अध्यक्षहरु ३ जना ,

७. छनोट गरिएका विद्यालयहरुको शि.अ.स.अध्यक्षहरु ३ जना ,

८. हालसम्म यस ल्होमी जातिमध्येबाट सबैभन्दा उच्च शिक्षा हासिल गरिसकेका १ पुरुष र

१ महिला ,

९. अध्ययन क्षेत्रका २ जना बुद्धिजिविहरु ,

१०. छनोट गरिएका गाँउहरु बाट १०-१० जना अभिभावकहरु ,

११. अध्ययन क्षेत्रको विद्यालयहरुमा अध्ययनगर्ने प्रत्येक विद्यालयको १०-१० जना विद्यार्थीहरु ।

## १.७ मूख्य शब्दहरुको अर्थ

| | |
|---|---|
| ल्होमी | : नेपालका ५९ वटा आदिवासी जनजातिहरु मध्ये ५० औं आदिवासी जनजातिमा अति सिमान्तकृत हिमाली आदिवासी जनजाति । |
| सामुदायिका विद्यालय | : नेपाल सरकार बाट नियमित रुपमा अनुदान पाउने गरि अनुमति वा स्वीकृत प्राप्त विद्यालय । |
| स्रोत केन्द्र | : शैक्षिक कार्यक्रम संचालन गर्न निर्माण भएको क्षेत्रगत शैक्षिक एकाइ । |
| वि.व्य.स. | : विद्यालयको संचालन ,रेखदेख र व्यवस्थापन गर्नको लागि शिक्षा नियमावली वमोजिम गठित समिति । |
| शि.अ.स. | : विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको अभिभावकहरु बाट वि.व्य.स ले शिक्षा नियमावली वमोजिम गठित समिति । |
| प्रा.वि. | : कक्षा १देखि कक्षा ५ सम्मको विद्यालयको तह । |
| नि.मा.वि. | : कक्षा ६ देखि कक्षा ८ सम्मको विद्यालयको तह । |
| मा.वि. | : कक्षा ९ देखि कक्षा १० सम्मको विद्यालयको तह । |
| उ.मा.वि. | : कक्षा ११ देखि कक्षा १२ सम्मको विद्यालयको तह । |
| पहुँच | : पुग्नु/प्राप्त गर्नु |
| समाहित | : समावेश गर्नु |
| पुनरावलोकन | : कुनै पनि विषयवस्तुलाई पटक पटक हेर्नु गहिरिएर हेर्नु । |
| समतामुलक | : रुची, योग्यता र क्षमताका आधारमा सवैजनालाई समान व्यवहार गर्नु । |
| समानता | : सबैलाई समान व्यवहार गर्नु । |
| सरोकारवला | : विद्यालयमा प्रत्यक्ष वा परोक्ष रुपमा संवन्ध भएका व्यक्ति वा समूह । |

# परिच्छेद दुई :

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

ल्होमी जातिको बारेमा लेखिएका गहन अध्ययनहरुको विस्तृत पुनरावलोकन गर्न नपाइएता पनि जति पनि यस जातिको विषयमा अध्ययन भए , लेख , रचना , पुस्तक , दस्तावेज र प्रतिवेदनहरु प्रकाशित भए त्यसको भने अवश्य नै यस “ल्होमी जातिको शैक्षिक अवस्था ” विषय अन्तरगतको अध्ययन अनुसंधानमा अध्ययन गरिने प्रयास गरिएको छ , साथै प्रस्तुत अनुसन्धानसँग सम्बन्धित निम्न लिखित २ वटा शोधपत्रहरु ,२ वटा लेखहरु तथा एउटा पुस्तकको पुनरावलोकन गरीएको छ ।

### क) विधा : शोधपत्र

१.शोध शीर्षक : “झापा जिल्ला भद्रपुर नगरपालिकाको सामुदायिक प्राथमिक विद्यालयहरुमा दलित बाल बालिकहरुको सहभागिता एक अध्ययन ।”

शोध कर्ता : श्री दामोदर चापागाईं

शोध वर्ष : २०६३

क्याम्पस : श्री महेन्द्र मोरङ्ग वहुमुखी क्याम्पस, मोरङ्ग,विराटनगर

### शोधपत्रको सामान्य पक्ष

यस शोध पत्रमा शोधकर्ता श्री दामोदर चापागाईंले सामुदायिक प्राथमिक विद्यालयमा दलित र गैरदलित विद्यार्थीहरुको भर्ना स्थिति , उत्तीर्णदर, कक्षा छोड्ने दरका साथै दलित विद्यार्थीहरुको सहभागिता न्यून हुने कारण र शैक्षिक सहभागिता सम्बन्धी समस्याहरुमा झापा जिल्लाको भद्रपुर नगरपालिकाका सामुदायिक विद्यालयहरुमा अनुसन्धान गर्नु भएको छ । यस शोध पत्रको क्षेत्र र विषयमा निम्नानुसार अवस्था रहेको छ :

## १. परिचय

प्रस्तुत शोधपत्र सर्वेक्षण विधिमा आधारित, अनुसन्धान परिमाणात्मक, गुणात्मक तथा विश्लेषणात्मक प्रकृतिको रहेको छ। यस अनुसन्धानमा उद्देश्य प्राप्तीको लागि विद्यार्थी तथ्याङ्क संकलन फाराम, भर्ना उपस्थिती रुजुसूचि तथा शिक्षक र प्र.अ. सँग प्रश्नावली अन्तरवार्ता निर्देशिका र दलित अभिभावकहरुसँग अन्तरवार्ता जस्ता Tools हरुको प्रयोग गरी प्राथमिक तथा सहायक स्रोतहरुको माध्यमहरुबाट तथ्याङ्क संकलन गरिएको छ। शोध कर्ताले यस अध्ययनको अध्ययन क्षेत्र झापा जिल्लाको भद्रपुर नगरपालिकाका ५ वटा सामुदायिक प्राथमिक विद्यालयहरुलाई अध्ययनको केन्द्र बनाई विद्यालयहरुबाट १ -१ जना शिक्षक, प्र.अ., २ जना विद्यार्थी तथा २ जना दलित अभिभावकको दरले नमुना छनौट गरेको देखिन्छ।

सो अध्ययनको निश्कर्षमा पुग्दा शोधकर्ताको अध्ययन क्षेत्रका सामुदायिक प्राथमिक विद्यालय उमेरका धेरै बालबालिकाहरु बाहिर रहेका, त्यस मध्ये पनि दलितको संख्या अत्याधिक रहेको विद्यालयमा भर्ना भएका मध्ये विद्यालय जाने संख्या गैरदलित बढी रहेको, त्यसै गरी गैर दलित भन्दा दलितको नियमितता र सरसफाईमा कमी, गृहकार्य नगर्ने, कक्षामा पछाडि बस्ने आदि जस्ता अवस्था रहेको र प्रायः सबै विद्यालयमा जातिगत भेदभाव रहेको, शिक्षकले गर्ने व्यवहारमा खासै फरक नपाइएको, अन्य विद्यार्थीहरुले दलितहरुलाई सिक्ने कार्यमा सहयोग पुऱ्याएको तथा दलितहरुको नियमिततामा कमी हुनुका प्रमुख कारणमा गरीबी ,चेतनाको कमी ,परीक्षामा कम उत्तीर्ण हुनुका साथ-साथै आफूलाई तल्लो वर्गको ठान्ने आफ्नै सोच हो भन्ने पाइँदछन्।

## २. उद्देश्य

शोधकर्ता श्री दामोदर चापागाईका मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन् :

क. अध्ययन क्षेत्रका सामुदायिक प्राथमिक विद्यालयमा अध्ययन गर्ने दलित र गैर दलित बालबालिकाहरुको विद्यालय भर्ना स्थिति, कक्षा उत्तीर्ण, कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने संख्या पत्ता लगाउने।

ख. दलित बालबालिकाहरुको विद्यालय सहभागितामा असर पार्ने कारणहरु पत्ता लगाउने।

## ३. अध्ययन विधि

कुनै पनि अध्ययनलाई पुरा गर्नको निम्ति विषयवस्तुको प्रकृति अनुसार उद्देश्य हासिल हुने गरी विभिन्न तौर तरिका वा उपायहरुको अवलम्बन गर्नुपर्ने हुन्छ जसलाई विधिको रुपमा लिइन्छ। यस अध्ययनमा अध्ययनकर्ताले तथ्याङ्क संकलनका लागि अभिलेख फाराम र रुजुसूची, आवश्यकता अनुसार अन्तरवार्ता तालिका र असंरचित अन्तरवार्ताको साथै विद्यार्थीहरुको कक्षा अवलोकनका फारामका आधारमा अवलोकन गरी अध्ययन गरेका छन् ।

### ३.१. समग्र संख्या

झापा जिल्लाको भद्रपुर नगरपालिकाका ५ वटा सामुदायिक प्राथमिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थी , शिक्षक, प्रधानाध्यापक तथा दलित अभिभावकहरु समग्र संख्याको रुपमा रहेका छन् ।

### ३.२. नमूना

झापा जिल्लाको भद्रपुर नगरपालिकाका ५ वटा सामुदायिक प्राथमिक विद्यालयलाई नमूना बनाई प्रत्येक विद्यालयबाट १/१ जना शिक्षक र प्र.अ. २ जना विद्यार्थी तथा २ जना दलित अभिभावकहरु बाट (Randomly) नमुना छनौट गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

क. पाँच वटा सामुदायिक प्राथमिक विद्यालयका सबै प्रधानाध्यापकसँग प्रश्नोत्तर तथा छलफल ।

ख. प्रत्येक विद्यालयका १/१ जना शिक्षकसँग प्रश्नोत्तर तथा छलफल ।

ग. प्रत्येक विद्यालयका २/२ जनाका दरले दलित अभिभावकसँग अन्तरवार्ता एंव प्रत्येक

घ. विद्यालयका २/२ जना विद्यार्थीसँग प्रश्नोत्तर ।

ङ. विद्यार्थीहरुसँगको कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क रहेका छन् ।

### ३.३.२ सहायक स्रोत

सहायक स्रोतका रुपमा जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्र तथा सम्बन्धित विद्यालयको अभिलेख उपलब्धी विवरण, नगरपालिका अभिलेख र पत्रपत्रिका आदिलाई लिइएको छ ।

### ३.३.३ तथ्याङ्क संकलनका साधनहरु

तथ्याङ्क संकलनका लागि अभिलेख फारम र रुजुसूची आवश्यकता अनुसार निर्माण गरी प्रयोग गरिएको , प्र.अ. र शिक्षकसँग खुल्ला प्रश्न र अन्तरवार्ता , दलित अभिभावकसँग संरचित अन्तरवार्ता तालिका र असंरचित अन्तवार्ताको साथै विद्यार्थीहरुको कक्षा अवलोकन फारामका आधारमा अवलोकन गरिएको छ ।

## ४. निष्कर्ष

झापा जिल्लाको भद्रपुर नगरपालिका अन्तर्गतका ५ वटा सामुदायिक प्राथमिक विद्यालयहरुमा दलित र गैरदलित विद्यार्थीहरुको भर्ना स्थिति, उत्तीर्णदर, कक्षा दोहोऱ्याउने दर, कक्षा छाड्नेदरका साथै दलित विद्यार्थीहरुको सहभागिता न्यून हुने कारणहरु र शैक्षिक सहभागिता सम्बन्धी समस्याहरुमा विभिन्न तरिकाबाट संकलित राय एवम् तथ्याङ्कको विश्लेषण र व्याख्याका आधारमा निम्न निष्कर्षमा पुगेको छन् :

क) प्राथमिक विद्यालयमा भर्ना भएका सबै बालबालिकाहरु मध्ये गैर दलित भन्दा दलितको संख्या कम छ । प्राथमिक विद्यालय शिक्षाबाट बन्चित बालबालिकामध्ये पनि बढी संख्या दलित कै रहेको छ ।

ख) प्राथमिक विद्यालयमा शुरुमा भर्ना दर र उत्तीर्ण दर प्रतिशतमा हेर्दा दलित र गैरदलित बराबरी देखिए तापनि कक्षा ४ र ५ मा पुगेपछि कक्षा दोहोऱ्याउने र छाड्ने दर दलितको बढी रहेको छ ।

ग) नियमित उपस्थितिमा गैरदलित भन्दा दलितको कमी छ , यसबाट दलित बालबालिकाको कक्षामा नियमिततामा पनि कमी देखिन्छ ।

घ) डर तथा लाजको कारणले दलित विद्यार्थीहरु शिक्षकसँग प्रश्नोत्तर गर्न नसक्दा शैक्षणिक क्रियाकलापमा अपेक्षित प्रगति हुन सकेको छैन ।

ङ) दलित समूहमा चेतनाको कमी र अन्धविश्वास व्याप्त भएकोले धेरैजसो बालबालिका विद्यालयमा नजाने र गएका पनि बीचैमा विद्यालय छाड्ने स्थिति देखा परेको देखिन्छ ।

च) दलित बालबालिकाहरुमा कक्षामा न्यून उपस्थिती हुनुको कारण ज्ञानको कमी हुन गई विद्यालयमा कम सहभागि हुन्छन् ।

छ) प्राथमिक विद्यालय उमेरका बालबालिकाहरु मध्ये गैरदलितको तुलनामा दलित बालबालिकाहरु विद्यालयमा कम सहभागी हुन अर्थात धेरै जसो शिक्षा प्राप्त गर्नबाट बन्चित हुनुका कारणहरुमा घरका काममा बढी संलग्न हुनुपर्ने बाध्यता, घरायसी शैक्षिक वातावरण प्रतिकूल हुनु ,अन्य पेशा प्रति आकर्षण परम्परावादी र रुढीवादी संस्कार विद्यमान हुनु, गरीबी तथा दलित स्वयंले आफूलाई तल्लो वर्गको ठान्ने सोच नै प्रमुख छन् ।

## सन्दर्भ खण्ड

यस अध्ययनको पहिलो अध्यायमा अध्ययनको परिचय खण्ड राखिएको छ , भने दोश्रो अध्यायमा अध्ययनको बारेमा उल्लेख गरिएको छ । तेश्रो अध्यायमा अध्ययन विधि चौथो अध्ययनमा तथ्याङ्कको विश्लेषण, व्याख्या तथा प्रस्तुतीकरण, पाँचौ अध्यायमा परिणाम, निष्कर्ष तथा सुझाव र सिफारिसहरु उल्लेख गरिएको छ । अध्ययनको अन्त्यमा सन्दर्भ सामग्रीहरु, परिशिष्टमा विद्यालयको नामावली, जातजातिमा र उमेरगत विद्यार्थी संख्या गैर दलित तथा दलित विद्यार्थी भर्ना उत्तीर्ण हुने, दोहोऱ्याउने, छाड्ने संख्या कक्षागत रुपमा उल्लेख गर्नुका साथै नमूनाको रुपमा लिइएका विद्यालय प्र.अ. र शिक्षकको नामावली दलित अभिभावकको नामावली प्रस्तुत गर्नुको साथै प्रधानाध्यापक शिक्षक अभिभावकका लागि खुल्ला तथा अन्तरवार्ता प्रश्नावली तथा विद्यार्थी अवलोकन फाराम समावेश गरिएको छ ।

## शोधपत्रका सवल पक्षहरु

अनुसन्धानकर्ता श्री दामोदर चापागाईंले गर्नु भएको यस अनुसन्धानका सवलपक्षहरु देहाय बामोजिम रहेको छ :

क. शोधपत्रमा प्राथमिक विद्यालयमा दलित तथा गैरदलित विद्यार्थीहरुको भर्ना सहभागिताको अवस्था जानकारी हुनु ।

ख. शोधपत्र सरल र स्पष्ट रुपमा प्रस्तुत हुनु र गर्नु ।

ग. अध्ययनकर्ता स्वयं अनुसन्धानको क्रममा सम्बन्धित विद्यालयमा गई अनुसन्धानका सबै पक्षहरुसँग प्रत्यक्ष सम्पर्कमा रही बास्तविकताको पहिचान गरिनु ।

घ. अनुसन्धानका उपयुक्त तरिका र तालिकाको प्रयोग गरिनु ।

ङ. कक्षा शिक्षण क्रियाकलापमा शिक्षक विद्यार्थी अन्तरक्रिया समेतको अवलोकन गरिनु ।

च. अनुसन्धानमा परिमाणहरुलाई तथ्याङ्कगत रुपमा प्रस्तुत गरिनु ।

छ. अनुसन्धान विश्वको समेत चासो रहेको राष्ट्रले प्राथमिकता सुचीमा राखेको वर्ग र सामुदाय संग सम्बन्धित भएकोले वर्तमान समय सार्न्दर्भिक छ ।

## शोधपत्रमा सुधार गर्नुपर्ने पक्षहरु

अनुसन्धानकर्ता श्री दामोदर चापागाईले सामाजिक क्षेत्रमा गर्नु भएको यो अनुसन्धानमा उहाँको प्रयास राम्रो छ तर यति हुँदा हुँदै पनि वैज्ञानिक अनुसन्धानमा जस्तो नभई सामाजिक अनुसन्धानमा अकाट्य प्रमाणको अभाव हुने तथा बहुमतको रायलाई मान्यता दिई निष्कर्षमा पुग्नु पर्ने बाध्यता रहने हुँदा निश्चय नै यस अनुसन्धानमा केही सुधार गर्नुपर्ने पक्षहरु रहेका छन् । जसलाई यहाँ निम्नानुसार प्रस्तुत गरिएको छ :

क. दलित बालबालिकामा कामी, दमाई, सार्की लगायत अन्य २० भन्दा बढी दलित जातिहरुको बालबालिकाहरुलाई समावेश गरिएकोले यस मध्ये पनि दलित जातिमध्ये कुन जाति बढी पिछडिएको हो त्यसलाई छुट्याइएको भए अझ अनुसन्धान राम्रो हुने थियो ।

ख. दलित जातिहरु भनी ईङ्गित गरिएको सबै दलित जातिहरुको संख्या प्रतिशत छुट्टाछुट्टै देखाइएको भए अझ अनुसन्धानलाई थप सहजता पुग्ने थियो ।

ग. समग्र संख्याबाट नमुना छनौट गर्दा छनौट गरिएका पक्षहरु प्र.अ., शिक्षक, विद्यार्थी र दलित अभिभावकको अलावा गैर दलित अभिभावकबाट पनि छनौट गरी राय संकलन गरिएको भए दलित र गैर दलितका बीच भएका पारिवारिक चेतनाको स्तरको फरक वास्तविक रुपमा पत्ता लगाउन सकिन्थ्यो ।

घ. अनुसन्धानको शीर्षक सामुदायिक प्रथामिक विद्यालयहरुमा दलित बालबालिकाहरुको सहभागिता एक अध्ययन राखिएको तर व्याख्या र विश्लेषणमा संस्थागत प्राथमिक विद्यालयहरुलाई समेत लिने भन्ने पाइएकोले स्पष्ट छुटिएको भए राम्रो जानकारी प्रप्त हुने थियो ।

ङ. अध्ययन नगरपालीकालाई मात्र लिइएको छ, नमुना छनौटमा सानो संख्या लिई छिमेकी गा.वि.स. लाई समेत समावेश गरिएको भए समन्यिकरणमा सहजताआई अध्ययनको महत्व अझ बढ्ने थियो ।

च. श्री दामोदर चापागाईले गर्नुभएको यस अध्ययनमा केही सुधार गर्नु पर्ने पक्षहरु भेटिए तापनि यो विद्यालयमा दलित बालबालिकाहरुको सहभागीताको अवस्थाका सथै उनीहरुको शैक्षिक गतिविधिका समस्याहरु ठोस रुपमा पत्ता लगाई समस्या निराकरणका उपायहरुको समेत सिफारिस गरिएको छ ।

ख. शोध शीर्षक : "अल्पसंख्यक लोपोन्मुख जनजातिमा पर्ने ल्होमी समुदायका महिलाहरुको अवस्था"

शोध कर्ता : श्री गोपालप्रसाद भट्टराई

शोध वर्ष : २०६६

क्याम्पस : सुकुना वहुमुखि क्याम्पस इन्द्रपुर मोरङ

## शोधपत्रको सामान्य पक्ष

यस शोधपत्रमा शोधकर्ता श्री गोपाल प्रसादभट्टराई ले सिमान्तकृत आदिवासी जनजातिमा पर्ने ल्होमी महिलाहरुको समाजिक जीवन ,आर्थिक अवस्था , महिलाहरुले भोगेका समस्याहरुको पहिचान र समस्या समाधान गर्ने उपायहरु प्रस्तुत गर्नको लागि संखुवासभा जिल्लाको किमाथाङ्का, चेपुवा र हटिया गा.वि.स मा रहेका ल्होमी महिलाहरुलाई अध्ययनको मुख्य केन्द्र विन्दु वनाई अनुसन्धान गर्नु भएको छ । यस शोधपत्रको क्षेत्र र विषयमा निम्नानुसार अवस्था रहेका छन् :

## १. परिचय

प्रस्तुत शोधपत्रमा मिश्रित अनुसन्धान ढाँचाको प्रयोग गरी उदेश्य प्राप्तिको लागि ल्होमी महिलाहरु सँग छलफल , अर्न्तवार्ता , प्रश्नावली , बुँदा टिपोट , विद्यार्थी , प्र.अ. , शिक्षक , गा.वि.स सचिव र स्वास्थ्यकर्मीहरु सँग विभिन्न तथ्याङ्क संकलनका औजारहरु प्रयोग गरी प्राथमिक तथा सहायक स्रोतहरुको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । शोध कर्ताले यस अध्ययनको क्षेत्र संखुवासभा जिल्लाको किमाथाङ्का, चेपुवा र हटिया गा.वि.सका ल्होमी विद्यार्थी महिला हरु मध्ये ३ जना महिला ,

प्र.अ. ३ जना , महिला शिक्षक २ जना , भु.पु गा.वि.स अध्यक्षहरु २ जना ,स्वास्थ्यकर्मी ३ जना र समाजशेवी तथा बौद्धिक व्यक्तिहरु ४ जनालाई नमुना छनोटका रुपमा लिई अध्ययन गरिएको पाइन्छ ।

यस अध्ययनको निष्कर्षमा पुग्दा यहाँका ल्होमी महिलाहरुले जीवनका सम्पूर्ण घडिहरु दुःख पूर्ण अवस्थामा रहेको , वाल विवाह , वहुविवाह , वहुपति प्रथा जस्ता अमानविय प्रथा सहनु परेको , वर्षेनी खाद्यान्न संकट सामना गर्नु परेको यर्थाथता देखाएको छ । ल्होमी महिलाहरु सामजिक , आर्थिक , शैक्षिक र स्वास्थ्यको दृष्टिकोणले अत्यन्तै पछाडि परेको निष्कर्ष निकालिएको छ ।

## २. उद्देश्य

शोधकर्ता श्री गोपाल प्रसादभट्टराईले अनुसन्धान गर्नुभएको ल्होमी समुदायका महिलाहरुको अवस्था अध्ययनका उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

क. ल्होमी जातिका महिलाहरुको सामाजिक अवस्थाको अध्ययन गर्नु ,

ख. ल्होमी जातिका महिलाहरुको आर्थिक अवस्था अध्ययन गर्नु ,

ग. ल्होमी जातिका महिलाहरुले भोगेका समस्याहरुको पहिचान गर्नु ,

घ. समस्या समाधानका उपायहरु प्रस्तुत गर्नु ।

## ३. अध्ययन विधि

कुनै पनि अनुसन्धानलाई निष्कर्षम पुर्याउनका लागि विषयवस्तुको प्रकृति अनुसार उद्देश्य हासिल हुनेगरी विभिन्न तरिकाहरु अपनाउनु पर्ने हुन्छ , जसलाई अध्ययन विधि भनिन्छ । यस अनुसन्धान लाई सार्थक बनाउनका लागि अनुसन्धान कर्ताले नमूना छनोट गरिएका व्यक्तिहरु सँग विभिन्न छलफल , बुदाँ टिपोट , समस्या टिपोट , अवलोकन , सामान्य भेला ,अर्न्तवार्ता , प्रश्नावली र अर्न्तक्रियाको माध्यमबाट आवश्यकत्ता अनुसारको तथ्याङ्क संकलन गरेका छन् ।

## ३.१ जनसंख्या

संखुवासभा जिल्लाको उत्तरी गा.वि.स हरु किमाथांका ,चेपुवा र हटिया गा.वि.स.मा रहेका ल्होमी महिलाहरु , शिक्षक , प्र.अ , स्वास्थ्यकर्मी र समाजशेवी बुद्धिजीवि वर्गलाई अध्ययनको समग्र जनसंख्या मानिएको छ ।

## ३.२ नमूना

शोध कर्ताले यस अध्ययनको क्षेत्र संखुवासभा जिल्लाको किमाथाङ्का, चेपुवा र हटिया गा.वि.सका ल्होमी विद्यार्थी महिलाहरु मध्येबाट ३ जना महिला ,सो क्षेत्रका विद्यालय नजाने ल्होमी महिलाहरु ३ जना , प्र.अ. ३ जना , महिला शिक्षक २ जना , भू.पू. गा.वि.स अध्यक्षहरु २ जना ,स्वास्थ्य कर्मी ३ जना र समाजशेवी तथा बौद्धिक व्यक्तिहरु ४ जना लाई नमूना छनोटका रुपमा लिई अध्ययन गरिएको पाइन्छ ।

## ३.३. तथ्याङ्कका स्रोत

शोधकर्ताले तथ्याङ्कहरु संकलनका लागि प्राथमिक र सहायक स्रोतहरुको प्रयोग गरेका छन् । प्राथमिक स्रोत अर्न्तगत नमुना छनोटमा परेका व्यक्तिहरुसँग प्रत्यक्ष छलफल ,अर्न्तवार्ता , प्रश्नावली , बुँदा टिपोट गरी आवश्यक तथ्याङ्कहरु संकलन गरिएको पाइन्छ , भने सहायक स्रोत अर्न्तगत ल्होमी महिलासँग सम्बन्धित विभिन्न लेख रचना , पुस्तकहरु , विद्यालयमा र गा.वि.स.मा रहेका अभिलेखहरु अध्ययन गरी तथ्याङ्कहरु संकलन गरिएका छन् ।

## ४.निष्कर्ष

संखुवासभा जिल्लाको उत्तरी दूर्गम गा.वि.स किमाथांङ्का , चेपुवा र हटिया गा.वि.समा ल्होमी समुदायका महिलाहरुको अवस्थाको वारेमा विभिन्न तथ्याङ्कहरुको व्याख्या विष्लेषणबाट प्राप्त नतिजाको आधारमा निम्न निष्कर्षहरु निकालिएका छन् :

क. ल्होमी महिलाहरुको जीवन अत्यन्तै दुःखदायी हुनु ।
ख. ल्होमी महिलाहरु वालविवाह , वहुविवाह र वहुपति प्रथा जस्ता सामजिक

कुसंस्कृतिहरुको सिकार बन्नु ।

ग. ल्होमी महिलाहरुले विभिन्न आर्थिक समस्याहरु भोग्न बाध्य हुनु ।

घ. ल्होमी महिलाहरु स्वास्थ्यसेवा र शिक्षा बाट अत्यन्तै टाढा रहनु ।

## सन्दर्भ खण्ड

यस अध्ययनको पहिलो अध्यायमा अध्ययनको परिचय खण्ड राखिएको छ । दोश्रो अध्यायमा अध्ययनको बारेमा उल्लेख गरिएको छ । तेश्रो अध्यायमा अध्ययन विधि चौथो अध्ययनमा तथ्याङ्कको विश्लेषण, व्याख्या तथा प्रस्तुतीकरण, पाँचौ अध्यायमा परिणाम, निष्कर्ष तथा सुझाव र सिफारिसहरु उल्लेख गरिएको छ । अध्ययनको अन्त्यमा सन्दर्भ सामग्रीहरु, परिशिष्टमा  नमूनाको रुपमा लिइएका महिलाहरु , विद्यालय प्र.अ. , शिक्षकहरु , समाजशेवी बुद्धिजीवि , स्वास्थ्यकर्मीहरुको नामावली प्रस्तुत गर्नुको साथै छनोट गरिएका व्यक्तिहरुका लागि खुल्ला तथा अन्तरवार्ता प्रश्नावली एवं अवलोकन फाराम समावेश गरिएको छ ।

## शोधपत्रका सवल पक्षहरु :

अनुसन्धानकर्ता श्री गोपालप्रसाद भट्टराईले गर्नु भएको यस अनुसन्धानका सवलपक्षहरु देहाय बामोजिम रहेको छ :

क. शोधपत्रबाट ल्होमी समुदायका महिलाहरुको सामाजिक ,आर्थिक र शैक्षिक अवस्था जानकारी हुनु ।

ख. शोधपत्र सरल र स्पष्ट रुपमा प्रस्तुत हुनु र गर्नु ।

ग. अध्ययनकर्ता स्वयं अनुसन्धानको क्रममा सम्बन्धित क्षेत्रमा गई अनुसन्धानका सबै पक्षहरुसँग प्रत्यक्ष सम्पर्कमा रही वास्तविकताको पहिचान गरिनु ।

घ. अनुसन्धानका उपयुक्त तरिका र तालिकाको प्रयोग गरिनु ।

ङ. अनुसन्धानमाबाट आएको परिमाणहरुलाई तथ्याङ्कगत रुपमा प्रस्तुत गरिनु ।

च. अनुसन्धान विश्वको समेत चासो रहेको राष्ट्रले प्राथमिकता सुचीमा राखेको वर्ग र सामुदाय संग सम्बन्धित भएकोले वर्तमान समय सार्न्दर्भिक छ ।

शोधपत्रमा सुधार गर्नुपर्ने पक्षहरु

अनुसन्धानकर्ता श्री गोपाल प्रसाद भट्टराईले सामाजिक क्षेत्रमा गर्नु भएको यो अनुसन्धानमा उहाँको प्रयास राम्रो छ तर यति हुँदा हुँदै पनि वैज्ञानिक अनुसन्धानमा जस्तो नभई सामाजिक अनुसन्धानमा अकाट्य प्रमाणको अभाव हुने तथा बहुमतको रायलाई मान्यता दिई निष्कर्षमा पुग्नु पर्ने बाध्यता रहने हुँदा निश्चय नै यस अनुसन्धानमा केही सुधार गर्नुपर्ने पक्षहरु रहेका छन् । जसलाई यहाँ निम्नानुसार प्रस्तुत गरिएको छ :-

क. ल्होमी महिलाहरु मध्ये भिन्ना भिन्नै गा.वि.स बाट  समावेश गरिएकोले यस मध्ये पनि कुन गा.वि.सको ल्होमी महिला बढी पिछडिएको  हो त्यसलाई छुट्याइएको भए अझ अनुसन्धान राम्रो हुने थियो ।

ख. ल्होमी जातिका महिलाहरुलाई उमेरगत रुपमा अझ बढी नमूना छनोट गरिएको भए अझ अनुसन्धानलाई थप महत्व पुग्ने थियो ।

ग. समग्र संख्याबाट नमूना छनौट गर्दा छनौट गरिएका पक्षहरु प्र.अ., शिक्षक, विद्यार्थी , बुद्धिजीवि , स्वास्थ्यकर्मी , समाजशेवी  एवं ल्होमी महिलाको साथै शिक्षित महिला  र अभिभावकहरु मध्येबाट पनि छनौट गरी राय संकलन गरिएको भए शिक्षित महिलाको अवस्था र अभिभावकको चेतनाको स्तर एवं धारणाको वास्तविक रुपमा पत्ता लगाउन सकिन्थ्यो ।

घ. अनुसन्धानको शीर्षक ल्होमी समुदायका महिलाहरुको अवस्था  भएता पनि ल्होमी बालिकाहरुको सामाजिक, आर्थिक अवस्था, शैक्षिक अवस्था को विषयमा कुनै चर्चा नगरिएकोले सो विषयमा चर्चा गरिएको भए ल्होमी वालिका हरुको विषयमा  पनि जानकारी  हुने थियो ।

ङ. अध्ययनको क्षेत्र अलिक व्यापक पारिएको भए सो गा.वि.स भन्दा बाहिर बस्ने ल्होमी महिलाहरुको वारेमा पनि जानकारी हुने थियो ।

च. श्री गोपालप्रसाद भट्टराईले गर्नुभएको यस अध्ययनमा केही सुधार गर्नु पर्ने पक्षहरु भेटिए तापनि यो ल्होमी समुदायका महिलाहरुको समाजिक ,आर्थिक ,महिलाहरुले भोगेका समस्याहरुको पहिचान र समस्याहरु पत्ता लगाई समस्या निराकरणका उपायहरुको समेत सिफारिस गरिएको छ ।

## ख .विधा : जर्नल लेख

१. पत्रिका : शिक्षक मासिक (०७० जेष्ठ)

लेखक : गुरु मैनाली

शिर्षक : समाहित शिक्षाको आवश्यकत्ता र महत्व

प्रकाशित वर्ष : २०७०

प्रकाशक : शिक्षक मासिक

### १. लेखको परिचय

यस लेखमा लेखकले समाहित शिक्षा भित्र आपाङ्ग तथा प्रतिभावान् वयक्तिहरु , सडकमा सुत्ने बस्ने तथा कामदार बालबलिका , दुर्गम क्षेत्रका तथा घुमन्ते जाति , भाषिक , सांस्कृतिक , अल्पसंख्यक जातिहरु तथा अन्य सुविधाविहिन वा सीमान्तकृत वर्ग वा क्षेत्रका बालबालिका समेत पर्दछन् । यस लेखमा समाहित शिक्षाको शुरुवात प्राचिन समयमा युरोपको बौद्धिक जागरण देखि मानवअधिकारको विश्वव्यापी घोषणाअघि सम्म अपाङ्गहरु दयाका पात्र मात्र रहेको अवस्थामा मानवअधिकारको घोषणापछि उनीहरु अरु सपाङ्ग व्यक्ति सरह अधिकार प्राप्त गर्ने हैसियतमा पुगेका थिए । पछि अपाङ्गताको परिभाषालाई अझ व्यापक बनाइयो र यसलाई विशेष शिक्षाको आवश्यकता भन्न थालियो । यो परिभाषामा अपाङ्गता भएका , सुविधाविहीन वर्ग र कठिनाई भएका वालवालिकालाई सामेल गरियो । अपाङ्गभित्र दृष्टिविहीन , सुष्त मनस्थिती , बहिरा , शुस्त श्रवण र शारीरिक अङ्गभङ्ग भएकाहरुलाई राखियो । सुविधाविहीन वर्गमा विपन्नता , भाषिक तथा सांस्कृतिक अल्पसंख्यक जातिहरु , अल्पसंख्याक जनजाति , आप्रवाशी तथा फिरन्ते आदिलाई समेटियो । यी विभिन्न किसिमका अपाङ्गहरुको पठनपाठनका लागि अलग्गै विद्यालयहरुको स्थापना भए , यस्ता विद्यालयलाई विशेष विद्यालय भनियो तर यसरी अध्ययन अध्यापन गराउदा थोरै व्याक्तिहरुलाई मात्र शिक्षा दिन सकिने , खर्चिलो तथा यस्ता अपाङ्गहरुको सामाजिकिकरणमा कठिनाई पैदा भयो । अपाङ्गहरुलाई शिक्षा दिन अवलम्बन गरिएको दोस्रो उपागम एकिकृत शिक्षा हो । यसमा अपाङ्ग भएका व्यक्तिहरुलाई एउटै विद्यालय भित्र फरक कक्षाकोठामा अध्ययन गराउने काम गरिन्छ । कक्षा बाहेकको बाँकी समय उनीहरु विद्यालयका अन्य विद्यार्थीहरुसँगै रहन्छन् । यस उपागम मार्फत केही बढी विद्यार्थीलाई अध्यापन गराउन सम्भव भयो साथै अपाङ्गहरुलाई सामजिकिकरण गर्न मद्धत् मिल्यो तर यो उपाय पनि सबै अपाङ्गहरुलाई शिक्षा दिन पर्याप्त भएन । सन् १९९० मा

थाइल्याण्डको जोम्टिनमा भएको शिक्षा सम्मेलनले शताब्दीको अन्त्यसम्ममा सबैका लागि प्राथमिक शिक्षामा पहुँच पुर्‍याउने प्रतिबद्धता व्यक्त गर्‍यो तर विश्वको जनसंख्याको झण्डै १० प्रतिशत संख्या अपाङ्गहरुको रहेको हुँदा ती अपाङ्गहरुलाई शिक्षा नदिई लक्ष्य हासिलस हुन नसक्ने प्रष्ट देखियो । सन् १९९४ सम्ममा विकासोन्मुख मुलुकका १ प्रतिशत भन्दा कम अपाङ्गले मात्र शिक्षा हासिल गरेको सार्वजानिक भयो । यसका लागि शैक्षिक उपागममा परिवर्तन गर्नु जरुरि देखियो । त्यसपछि प्रारम्भ भएका हो तेस्रो उपागम अर्थात् समाहित शिक्षा (Inclusive Education) को अवधारणा ।

शिक्षामा समाहित शिक्षाको प्रयोग कही अघिदेखि नै हुदै आएतापनि सन् १९९४ को स्पेनको सालमाङ्का सम्मेलनले यसलाई व्यापक बनाउने काम गर्‍यो । सालामाङ्का सम्मेलन अनुसार “समाहित शिक्षा भन्नाले विद्यालयले शारीरिक , मानसिक , सामाजिक , संवेगात्मक , भाषिक तथा अन्य अवस्थाका बाबजुत सबै वालबालिकाई समायोजित गरेको हुनुपर्दछ । यसभित्र अपाङ्ग , तथा प्रतिभावान् व्याक्तिहरु , सडकमा सुत्ने बस्ने तथा कामदार बालबालिका , दूर्गम क्षेत्रका  तथा घुमन्ते जाति , भाषिक , सांस्कृतिक , अल्पसंख्यक जातिहरु तथा अन्य सुविधाविहीन वा सीमान्तकृत वर्ग वा क्षेत्रका बालबालिका समेत
पर्दछन् ।

लेखकले सबैकालागि विद्यालय बनाउनुपर्ने , विद्यालयले सबैलाई समावेश गराउनुपर्ने , यसले विभेदलाई अन्तय गर्नुपर्ने , सिकाईमा सहयोगी र सिकरुका व्यक्तिगत आवश्यकता माथि विचार पुर्‍याउनु प्रमुख सिद्धान्तका रुपमा उल्लेख गरिएको छ । यसो गर्नका लागि विद्यालयका विद्यमान भौतिक संरचना , पाठ्यक्रम , शैक्षणिक विधिमा परिवर्तन र परिमार्जनको जरुरत पर्न सक्ने कुरा उल्लेख गरिएको छ ।

## २. लेखको समिक्षात्मक टिप्पणी

प्रस्तुत लेख वर्तमान सर्न्दभमा सन् २०१५ सम्म सबैका लागि शिक्षा को लक्ष्य पुरा गर्नको लागि शारीरिक , मानसिक , सामाजिक , संवेगात्मक , भाषिक तथा अन्य अवस्थाका बाबजुत सबै वालबालिकाई समायोजित समायोजित गर्दौ अपाङ्ग , तथा प्रतिभावान् व्याक्तिहरु,सडकमा सुत्ने बस्ने तथा कामदार बालबालिका , दुर्गम क्षेत्रका  तथा घुमन्ते जाति , भाषिक , सांस्कृतिक , अल्पसंख्यक जातिहरु तथा अन्य सुविधाविहिन वा सीमान्तकृत वर्ग वा क्षेत्रका बालबालिका समेत लाई

उनिहरुको आवश्यकत्ता , रुचि र क्षमतको आधारमा शिक्षा प्रदान गरि विभेद रहित समाज निर्माण समाहित शिक्षाले गर्ने कुरालाई प्रस्तुत गरिएकोले यो लेख उचित समयमा सार्न्दर्भिक पृष्ठभूमिमा आएको मान्न सकिन्छ ।

## ३. लेखको उद्देश्य

क. समाहित शिक्षाको पृष्ठभुमिको जानकारी गराउन ,

ख. समाहित शिक्षा सम्बन्धि जानकारी दिन ,

ग. समाहित शिक्षाका सिद्धान्तहरुको जनकारी गराउन ,

घ. समाहित शिक्षाको आवश्यकत्ताहरु प्रस्तुत गर्न ,

ङ. समाहित शिक्षाको महत्वहरुको जानकारी गराउन ।

## ५. लेखका सवल पक्षहरु

क. लेखको विषयवस्तु समयसामयिक  र सार्न्दर्भिक छ ।

ख. यस लेखले समाहित शिक्षाको विकास क्रम र यसका सिद्धान्तहरुको जानकारी प्रदान गरिएको छ ।

ग. समाहित शिक्षाको आवश्यकता र महत्वको वारेमा जानकारी गराएको छ ।

घ. विभेदरहित समाज निर्माण गर्ने उपायहरु प्रस्तुत गरिएको छ ।

ङ. सबैकालागि शिक्षा प्रदान गर्ने उत्तम विकल्पका रुपमा समाहित शिक्षालाई प्रस्तुत गरिएको छ ।

## ५.लेखका सुधार गर्नुपर्ने पक्षहरु

क. समाहित शिक्षालाई कस्तो स्थानमा कसरि प्रयोग गर्ने कुरा उल्लेख गरिएको छैन ।

ख. समाहित शिक्षा कार्यन्वयन गर्नुपर्ने कुरा उल्लेख गरेको पाइदैन ।

ग. समाहित शिक्षाको महत्वलाई स्पष्ट रुपमा व्याख्या गरेको पाइदैन ।

घ. समाहित शिक्षाका कमजोरीहरु उल्लेख गरेको पाइदैन ।

ङ. नेपालको सर्न्दभलाई अत्यन्तै कम उल्लेख गर्नु ।

च. समाहित शिक्षाको सिद्धान्तहरु कस्तो वातावरणमा लागु हुन्छ भन्ने कुरा स्पष्ट नहुनु ।

छ. लक्ष्यित वर्गको लागि उपयुक्त शिक्षा प्रणालि उल्लेख नगरिनु ।

## ५.निष्कर्ष

समाहित शिक्षा प्रणालिले शारीरिक , मानसिक , सामाजिक , संवेगात्मक , भाषिक तथा अन्य अवस्थाका बाबजुत सबै वालबालिकाई समायोजित गर्दै अपाङ्ग , तथा प्रतिभावान् व्याक्तिहरु , सडकमा सुत्ने बस्ने तथा कामदार बालबालिका , दुर्गम क्षेत्रका  तथा घुमन्ते जाति , भाषिक , सांस्कृतिक , अल्पसंख्यक जातिहरु तथा अन्य सुविधाविहीन वा सीमान्तकृत वर्ग वा क्षेत्रका बालबालिका समेत लाई उनीहरुको आवश्यकता , रुचि र क्षमताको आधारमा विनाभेदभाव शिक्षा प्रदान गर्ने भएकोले नेपालमा यसको आवश्यकता रहेको देखिन्छ ।

निष्कर्षमा भन्नुपर्दा नेपाल जस्तो हरेक कुराहरुमा विविधतायुक्त देशमा समाहित शिक्षा लागु गरि प्रभावकारी रुपमा कार्यन्वयन गर्न सकेको खण्डमा सन् २०१५ सम्म सबैकालागि शिक्षा को लक्ष्य पुरा गरी सवै जाति , जनजाति , वर्ग , लिङ्ग , अल्पसंख्यक , अपाङ्ग , सिमान्तकृत जनजाति , अल्पभाषि हरुलाई शिक्षाको पहुँचमा ल्याउन सकिन्छ ।

२. पुस्तकको नाम :  शिक्षाको बहुआयामिक चिन्तन

लेखक : गणेश प्रसाद भट्टराई

लेखको शिर्षक : लोकतन्त्र र शिक्षा

प्रकाशित वर्ष : २०६८

प्रकाशक : सोपान मासिक

सम्पादक : खगराज बराल र सीताराम कोइराला

## १.लेखको परिचय

श्री गणेश प्रसाद भट्टराईद्वारा लिखित तथा खगराज बराल र सीताराम कोइरालाद्वारा सम्पादित ‘लोकतन्त्र र शिक्षा ’ विषयक लेख सोपान मासिक पत्रिकामा शिक्षाको बहुआयामिक चिन्तन नामक पुस्तकबाट प्रकाशित भएको हो ।

लेखमा उल्लेख भए अनुसार बालकलाई केन्द्र मानी उनीहरुलाई दैनिक कार्यमा सहभागी बनाएर विद्यार्थीको परिवेश , उसले छनौट गरेको विषय र उसकै सहभागितामा सिक्ने बालमैत्री वातावरण सृजना गर्ने , पाठ्यसामग्री , शिक्षक विकास ,भौतिक श्रोत विकास र सिकाई संस्कृति विकास सं-संगै शिक्षामा लोकतान्त्रिकरण हुन सक्छ । शिक्षामा विद्यार्थीहरुको चेतना शक्तिलाई मूल प्रणालीको रुपमा स्वीकार्न सक्ने पहुँच गुणस्तर र प्रतिस्पर्धामा लोकतान्त्रिकरण सम्भव हुन सक्छ । यसका लागि जनताका प्रतिनिधिका मष्तिष्कमा शैक्षिक योजना , शैक्षिक व्यवस्थापनको सुधार र शैक्षिक संरचनाको सामयिक समायोजनको दुरगामी नविन सोच घुस्नु पर्छ भनेर जोड दिइएको छ ।

शिक्षा प्रजातान्त्रिक हुनु पर्छ र वर्तमान सन्दर्भमा समावेशी लोकतन्त्रको आवश्यकता औंल्याउदै नेपालको अन्तरिम संविधान २०६३ अनुसार शिक्षा तथा सांस्कृतिको रुपमा भनिएको वाक्यांसहरु निम्न अनुसार दिइएको छ :

क. प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुनेछ ।

ख. प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भए बमोजिम निःशुल्क शिक्षा दिनु पर्छ ।

ग. नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा,लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण साथै सम्बर्द्धन गर्ने हक हुनेछ ।

नेपालको शिक्षा नीतिलाई निर्देश गर्ने मुख्य आधार यहि संवैधानिक व्यवस्था प्रति लक्षित गर्दै राज्यको पुनसंरचना पछि निर्धारण हुने शिक्षा नीतिले शिक्षाको लोकतान्त्रिक गोरेटो कोर्नेछ , भनी राज्यको पुनःसरचना पछिको शिक्षामा राजनितिक उत्पीडन सामाजिक पछौटेपन र शोषण अन्त्य हुनु पर्ने तर्क दिइएको छ । यसले राजनितिक र सामाजिक चेतना जगाउदै शिक्षा लोकतान्त्रिकरण गर्दा समावेश हुनुपर्ने पक्षहरु समेत निम्नानुसार दिइएको छ :

क. सामाजिक विकृतिको अन्त्य र वैयक्तिक चेतनाको विकास

ख. शिक्षा योजना र आर्थिक राजनैतिक विकार बिच सामन्जस्यता

ग. काम (Labor) र सीप (Manual Skills) को विकास

घ. जनशक्तिको आवश्यकता उत्पादन विकास र शिक्षाबीच समन्वय व्यवसायिक र प्राविधिक शिक्षामा जोड

ङ. आत्मपहिचान र चरित्र निर्माण

च. मनोवैज्ञानिक बौद्धिक र सामाजिक परिवर्तनमा व्यक्तिको समायोजन

छ. संस्कृति जगेर्ना आत्मा निर्भरता शिष्टचार र अन्तराष्ट्रिय समाजदारी

ज. सामाजिक परम्पराका समिकरण र सृजनात्मक क्षमताको प्रोत्साहन

## २. लेखको समिक्षात्मक टिप्पणी

लेखकले लेखन कार्य अगाडी बढाउदा यथार्थ धरातलमा उभिएर विषयवस्तु केन्द्रीत भई कलम चलाउनु पर्ने हुन्छ । यस लेखले समेटन खोजेका कुराहरुमा लोकतन्त्र चाहना हो भने शिक्षा चेतनाको सुद्धिकरण पर्ने हुन्छ । शिक्षाले सामाजिक अवश्यकता पुर्तिका साथै देशको सामजिक र आर्थिक विकासलाई दिशा निर्देश गर्न सक्नु पर्छ । शिक्षाका निति निर्माण लगानी र योजनामा लक्षित सरोकारवालको अर्थपूर्ण सहभागिता बिना शिक्षाको क्रान्तिकारीकार्य पुरा हुदैन । श्रम बजारको पूर्ण सूचनाका आधारमा तहगत पाठ्यक्रम सेवा क्षेत्रका संलग्नतामा लगानी तथा पठनपाठन प्रतिस्पर्धात्मक क्षेत्र संवद्ध सरोकारावालाको सहभागिता र स्वामित्व पहुँच र समानता तथा बालमैत्री सिकाई कक्षा व्यवस्थापना शिक्षामा लोकतान्त्रीकरणका साधन बन्न सक्नेछन् भनी दिईएको छ । यस लेखले वर्तमान सन्दर्भमा नेपालका लोकतन्त्र र शिक्षा शुरुवात हुन यस कार्यमा प्रत्यक्ष संलग्न हुने शैक्षिक प्रशासक, सुपरिवेक्षक प्रधानाध्यापक लगायत सम्वद्ध व्यक्तिहरुलाई धारणागत स्पष्टता प्रदान गर्नुको साथै लोकतान्त्रिकरण शिक्षा नीति निर्माण कर्ताहरुलाई समेत स्पष्ट नीति निर्माण र कार्यान्वयनमा ल्याउन प्रेरित गरी प्रभावकारी लोकतान्त्रिकरण शिक्षाको माध्यमबाट शैक्षिक गुणस्तर वृद्धि गर्न निर्देशन गरेको छ । तसर्थ यो लेख उचित समायमा सान्दर्भिक पृष्ठभूमिमा आएको मान्न सकिन्छ ।

## ३. लेखका सबल पक्षहरु

क. लेखका विषयवस्तु समसामयिक र सान्दर्भिक छ । यसले लोकतन्त्र र शिक्षाका सैद्धान्तिक अवधारणा र विकास क्रमलाई स्पष्ट पारेको छ ।

ख. लोकतान्त्रिकरणको लागि शिक्षामा आवश्यक पहल हुनुपर्छ भनी यसको विकास क्रममा प्रभावकारी बनाउन विभिन्न विद्वानहरुले प्रतिपादन गरेका सिद्धान्त प्रष्ट राखिएको छ ।

ग. लोकतन्त्र र शिक्षाको लागि आगामी दिनहरुमा मार्गदर्शनको भूमिका राख्न सक्नु

पर्ने वाक्यांस राखिएको छ ।

घ. विभिन्न विद्धानहरुले परिभाषित गरेका लोकतन्त्र र नेपालको अन्तरिम संविधान २०६३ अनुसार संघीयलोकतान्त्रिक गणतन्त्रात्मक शिक्षाको तुलना गरिएको छ ।

ङ. शिक्षामा लोकतात्रिकरणको बारे प्रभावकारी उपायहरु प्रस्तुत गरिएको छ ।

च. शिक्षामा लोकतान्त्रिकरणकोलागि सरोकारवालाहरुको ध्यानआकर्षण गरिएको छ ।

छ. लोकतन्त्र र शिक्षामा आवश्यक सुझाव प्रस्तुत गरिएको छ ।

## ४. लेखका सुधार गर्नुपर्ने पक्षहरु

क. शिक्षामा लोकतान्त्रिकरणको लागि देखा परेका कमजोरीहरु हटाउने उपायहरु उल्लेख नभएको ।

ख. नेपालमा शिक्षामा लोकतान्त्रिकरणको बारेमा भएको विकासक्रमलाई छोटोरुपमा मात्र उल्लेख गरिनु ।

ग. लेखको शीर्षक अनुसार विषयवस्तु अलिक नमिलेको ।

घ. शिक्षामा लोकतान्त्रिकरणको सुरुवात भएको मिति उल्लेख भएको भए अझ उपलब्धिमूलक हुने थियो ।

## ५. निष्कर्ष

निश्कर्षमा भन्नु पर्दा नेपालमा शिक्षामा लोकतान्तित्रकरणको क्षेत्र प्रभावकारी हुन नसक्दा गूणस्तरीय शैक्षिक उत्पादनमा कमी हुन गएको वर्तमान सन्दर्भमा यस क्षेत्रमा संलग्न सम्पूर्ण व्यक्तित्वहरुलाई आ-आफ्नो ठाउँबाट निर्दिष्ट नीति नियमको अनुसरण गर्दै व्यवहारिकतामा जोड दिई शिक्षाको लोकतान्त्रिकरण अभिवृद्धिमा पहल गर्न यस लेखले बाटो देखाइदिएको छ ।

## ग. पुस्तक समिक्षा

क. पुस्तकको नाम : भोटे जातिको छोटो परिचय

लेखक : फिन्जो भोटे

प्रकाशन वर्ष : २०६१

प्रकाशक : लेखक

## १. पुस्तकको परिचय

प्रस्तुत पुस्तक भोटे जातिको इतिहास खोज्ने र यस जातीको लोप हुन लागेका परम्परा , धर्म , संस्कृति , रीतिरिवाज लाई संरक्षण गरी विश्वमा नै यस जातिलाई चिनाउने उदेश्यका साथ लेखिएको हो । यस पुस्तकमा भोटे जतिको मुख्य बसोवास रहेको गा.वि.स हरुको परिचय र त्यस गा.वि.स अर्न्तगत पर्ने गाँउहरुको पनि छोटो परिचय उल्लेख गरिएको छ । प्रत्येक गाँउको केही मात्रमा फरक फरक रहेका रहनसहन र चालचलनलाई पनि यस पुस्तकले समेटेको छ । भोटे जातिहरुको उत्पत्ति , यस जातिको विवाह गर्ने तरिका र मर्दापर्दा यस जातिले अपनाउने विधिहरुको पनि यस पुस्तकमा उल्लेख गरिएको छ । यस पुस्तकमा विवाह गर्दा केटा पक्ष र केटी पक्षले गर्नुपर्ने विभिन्न कार्यहरु , विवाह गर्दा गाउनुपर्ने गितहरु , विभिन्न प्रकारका वेदहरु , आषिस दिदाँ गाउनुपर्ने गितहरुको पनि छोटो परिचय का साथ विस्तृत रुपमा प्रस्तुत गरिएको छ , साथै मृत्यु हुदाँ , घरको जग खन्दा ,ज्याला दिदाँ भन्नुपर्ने वेदहरु पनि यस पुस्तकमा उल्लेख गरिएको छ । परापुर्वकालदेखि यस क्षेत्रमा चलिआएको उखान टुक्काहरु , यस जातिले लगाउने भेषभुषा र भोटे जातिहरुले विवाह गर्ने कुरा कहाँवाट सिके भन्ने वारे पौराणिक किम्बदन्तिलाई पनि पुस्तकले समेटिएको छ । यस पुस्तकमा यस जातीको मुख्य वसोवास रहेका क्षेत्रहरुको तिर्थस्थल ,महत्वपुर्ण पर्यटकिय स्थल , गुम्बाहरुको पनि परिचय उल्लेख गरिएको पाइन्छ । यस पुस्तकमा भोटे भाषामा शरिरका अङ्गहरुको नाम , दिन , वार हप्ता , महिना , वर्ष , लुगा कपडा , सम्वोधन गर्दा प्रयोग गरिने भाषा, नाता साइनो , फलफुलहरुको नाम , जिवजनावरहरुको नाम ,जडीबुटि ,चराचुरुङ्गीहरुको नामलाई नेपाली र भोटे भाषामा प्रस्तुत गरिएको छ । यस पुस्तकको अन्तिममा वि.सं.२०६० साल सम्ममा एस.एल.सी र सो भन्दा माथि उत्तिर्ण गरेका र अध्ययन गरिरहेका भोटे विद्यार्थीहरुको संख्या तलिकामा प्रस्तुत गरिएको छ ।

## २. पुस्तकको समिक्षात्मक टिप्पणी

प्रस्तुत पुस्तक भोटे जातिको इतिहासलाई समेट्ने प्रकृतिको रहेको छ । यसले गर्दा भविश्यमा यस जातिको उत्पत्ति , यस जातिको चालचलन , रहनसहन , भेषभुषा , मृत्यु संस्कार , विवाह र यस जातिले गर्ने विभिन्न संस्कृतिहरुको विधिको वारेमा भावि पुस्तालाई जानकारी हुन जान्छ । साथै यस जातिहरु वसोवास गर्ने गाँउहरुको परिचय दिएको , विभिन्न भाषागत वेदहरु , गितहरु , आषिसका

वाणिहरु , विभिन्न उखान टुक्काहरु  र भाषावाट विभिन्न चिजविजहरुको नाम समेत उल्लेख गरिएको कारणले भोटे जातिको उत्पति , चालचलन रहनसहन र  संस्कृतिको जानकारी एवं भाषाको पनि संरक्षण गर्न मद्दत पुग्ने भएकोले यो पुस्तक उचित समयमा सान्दर्भिक पृष्ठभूमिमा आएको मान्न सकिन्छ ।

## ३. पुस्तकको उद्देश्य

क. भोटे जातिको उत्पत्तिको जानकारी गराउन ,

ख. भोटे जातिहरु बसोबास गर्दै आइरहेको गाँउहरुको सामाजिक साँस्कृतिक चालचलनहरुको जानकारी  गराउन ,

ग. विवाह परम्परा र मृत्यु संस्कारको जानकारी गराउन ,

घ. यस जातिको भाषा , संकृति , परम्परा , भेषभुषा र चालचलनको संरक्षण गर्न ,

ङ. केही महत्वपुर्ण वस्तुहरुको भाषिक ज्ञान दिन,

च. शिक्षाको स्थितीको जानकारी गराउन ।

## ४. पुस्तकका सवल पक्षहरु

क. पुस्तकका विषयवस्तुहरु सान्दर्भिक रहेको छ ।

ख. यस पुस्तकले भोटे जातिको उत्पति , संस्कृति , रहनसहन , भेषभुषा , विवाह परम्परा ,मृत्युसंस्कार ,भाषा र शिक्षाको वारेमा जानकारी प्रदान गरिएको छ ।

ग. भोटेहरुले विभिन्न कार्यक्रम गर्दा खेरि गाउनु पर्ने गितका शब्दहरु र वेदहरु उल्लेख गरिएको छ ।

घ. यस जातिको वसोवास रहेका महत्वपुर्ण तिर्थस्थल र गुम्बाहरुको वारेमा जानकारी प्रदान गरिएको छ ।

ङ. दैनिक जिवनमा प्रयोग गरिरहनुपर्ने वस्तु तथा चिजविजहरुको भोटेभाषामा उल्लेख गरिएको छ ।

च. यस जातिको वसोवास रहेको गाँउहरुको जानकारी दिएको छ ।

छ. भोटे जातिको विभिन्न थर र गोत्रहरुको जानकारी प्रदान गरिएको छ ।

## ५. पुस्तकमा सुधार गर्नुपर्ने पक्षहरु

क. भोटे जातिको जनसंख्या उल्लेख गरेको छैन ।

ख. यस जातिको परम्परा , रितिरीवाज ,चालचलन , भेषभुषा र संस्कृतिहरुको संरक्षण एवं सर्वद्धन गर्ने उपायहरुका उल्लेख गरेको पाइदैन ।

ग. भोटे जातिलाई सिंशावा र ल्होमी जाति भनिन्छ , भनेर उल्लेख गरिएको पाइदैन ।

घ. विगतको परम्परा , रहनसहन र संस्कृतिलाई मात्र मुख्य रुपमा पुस्तकमा चर्चा गरिएको पाइएता पनि छ , भोटेहरुको वर्तमान अवस्था विषयमा चर्चा गरिएको पाइदैन ।

## ६. निष्कर्ष

प्रस्तुत पुस्तक भोटे जतिको उत्पति र यस जतिको लोप हुन लागेका परम्परा , धर्म , संस्कृति , रितिरिवाज लाई संरक्षण गरि यस भोटे जातिको इतिहासलाई विस्तार गरि विस्तारै राष्ट तथा विश्वमा नै चिनाउन सक्ने आशाका साथ यो पुस्तक लेखिएको कारणले यस जातिको वारेमा विविध एतिहासिक जानकारी प्राप्त गरेको छ । वास्तवमा भोटे जातिलाई ल्होमी जाति भनिन्छ । नेपालको आदिवासी जनजातिहरु मध्ये संखुवासभा जिल्लाको उत्तरी गा.वि.स चेपुवा र हटिया गा.वि.समा वसोवास गर्ने व्याक्तिहरु ल्होमी हुन् भनेर परिभाषित गरेको पाइन्छ । यसकारणले यस पुस्तक वाट ल्होमी जातिको उत्पति ,भाषा ,धर्म ,सस्कृति , रहनसहन , भेषभुषा , विवाह पद्धति , मृत्यु संस्कार , विभिन्न विधिहरु र शिक्षा सम्वन्धि जनकारि प्रदान गरेको छ ।

## २.२.अध्ययनको सैद्धान्तिक आधार

यो अध्ययन संचालन गर्न तथा शैद्धान्तिक ज्ञानलाई अझ फराकिलो वनाउन विभिन्न सिद्धान्तकारहरुले प्रतिपादन तथा प्रयोग गरेका धारणाहरुलाई आधार मानिएको छ । यिनै सैद्धान्तिक आधारलाई यस अध्ययनको प्रमुख पक्षको रुपमा लिएको छ । यस अध्ययनलाई प्रभावकारी ,उद्देश्यमुलक तथा यथार्थ वनाउन निम्न विद्धान , सिद्धान्तकार , चिन्तक तथा विचारकहरुका चिन्तनहरुलाई प्रमुख आधार वनाइएको छ ।

पाउलो फ्रेरेले Education for oppressed मा उनले उत्पीडित ,हेपिएका ,चेपिएका ,दबिएका वर्गका लागि माथिल्लो तहबाट लादिएको शिक्षाले काम नगर्ने भएकोले तल्लो तहको स्थान ,क्षमता ,इच्छा र चाहना अनुरुपको शिक्षा हुनुपर्दछ भन्ने मान्यता राखेको पाइन्छ । उनले शिक्षा सधै निष्पक्ष हुदैन र यसले की उन्मुक्तिकरण गर्छ की त घरेलुकरण गर्दछ भन्ने मान्यता राखेको पाइन्छ । उनले शिक्षा आर्जनको क्षेत्रमा सम्वन्धित व्यक्ति नै बढी सक्रिय हुनुपर्ने र शिक्षा समाजमा भएका जल्दाबल्दा समस्याहरुको समाधान गर्न सक्ने सान्दर्भिक खालको  हुनुपर्ने धारणा राखेको पाइन्छ ।

वर्तमान अवस्थामा ल्होमी जातिहरु शिक्षाको दृष्टिकोणले हेपिएको ,दविएको र आफ्नो स्थान ,क्षमता ,इच्छा  र चाहना अनुरुपको नभई माथिल्लो तहबाट लादिएको शिक्षा लिनु पर्ने बाध्यात्मक परिस्थिती रहेको अवस्थामा पाउलो फ्रेरेको Education for oppressed मा उल्लेख गरिएको चिन्तन र सिद्धान्तलाई यस अनुसन्धानको सैद्धान्तिक आधार मानिएको छ ।

ग्रिकका दार्शनिक प्लेटोले आदर्श राज्यको परिकल्पना गर्दै समाजलाई विभिन्न वर्गमा विभाजन गर्ने , कामको बाँडफाड गर्ने , अनुशासन कायम गर्ने विचार प्रस्तुत गरेका छन् । यस सिद्धान्तले सामजिक व्यवस्था न्यायपुर्ण वन्ने परिकल्पनाका  आधारमा नै सामाजिक विभेदको परिकल्पना आएको छ  । ग्रिकका अर्का दार्शनिक  अरस्तुका चिन्तनमा विभेदिकरणको मुल कारण आर्थिक कारण हो । समाजमा धनि र गरिव , उच्च र निम्न वर्गमा मानिसहरु रहेका हुन्छन् । यस किसिमको विभेदिकरणको अवस्थाले सामाजिक न्यायमा वाधा पुगि रहेको हुन्छ ।इटालिका चिन्तक म्याकीमेलीका विचारमा समाजमा सम्भ्रन्त वर्ग र निम्न वर्ग रहेका हुन्छन् । सम्भ्रन्त वर्ग आर्थिक,सामजिक र राजनितिक दृष्टिले सम्पन्न रहेको शासक वर्ग हो भने निम्न वर्ग शोषित र उत्पीडित वर्ग हो । समाजमा जहिले पनि यी दुई वर्गमा द्धन्द्ध चलि रहन्छ । जसले गर्दा समाजमा न्याय स्थापना हुन सकिरहेको हुदैन ।

माथिका समाजशास्त्री तथा दार्शनिकहरुका विचारबाट सामाजिक विभेदिकरणको सिद्धान्तले के अर्थ दिन्छ भने विभेदिकरण समाजमा हुनु आवश्यक छ । किनभने यसबाट नै कथित उपल्लो वर्ग र तल्लो वर्ग बीच समानता र न्यायका लागि द्धन्द्ध भइरहन्छ । तल्लो तहमा परेका वर्गले न्यायका लागि संघर्ष गर्दछ भने उपल्लो वर्गले बाध्य भई आफ्ना  अधिकार रवाफ र थिचोमिचो गर्ने  एक शासकिय प्रवृत्ति त्याग गर्दछ । त्यसपछि  शोषित वर्गले सामाजिक न्याय पाउछ । हिजोको दिनमा

शिक्षाबाट वञ्चित गराउने सम्भ्रान्त वर्गका विरुद्ध राज्यले सामाजिक न्याय जनतालाई दिनु पर्दछ तव समाजमा पछि परेका व्यक्ति , वर्ग ,समुदाय ,जात ,जनजाति र लोपोन्मुख सिमान्तकृत जनजातिहरुको समाजिक न्यायको ढोका सदाका खुल्ला राख्नु पर्ने भएकोले  विभेदिकरणको सिद्धान्तलाई यस अध्ययनको सैद्धान्तिक आधार मानिएको छ  ।

मास्लो (१९४३)का अनुसार मानविय आवश्यकत्ताहरु विभिन्न प्रकारका हुन्छन् । मानिसका आफ्ना आवश्यकत्ता पुरा गर्न उ प्रयत्नशिल रहन्छ जव उसको एक तहका आवश्यकत्ता पुरा हुन्छ ,उ निकै उत्प्रेरित भएर अर्को आवश्यकता पुरा गर्न तल्लिन हुन्छ अर्थात् उसको एक आवश्यकत्ता पुरा हुने वित्तिकै अर्को आवश्यकत्ता पुरा गर्न उसमा उत्प्रेरणा जाग्छ । मानिसको आधारभुत तहको आवश्यकत्ता पुरा गरेर मात्र अर्को माथिल्लो तहको आवश्यकत्ता पुरा गर्न चाहन्छ । यो आवश्यकत्ताको शृङखलाको सिद्धान्त हो । यसको मुख्य भाव भनेको आफ्नो आवश्यकत्ता परिपुर्ति भएपछि उसलाई सन्तुष्टि प्राप्त हुन्छ र उसमा उत्प्रेरणा जागेर आउँछ । मानिसको आवश्यकताहरु अनन्त हुन्छन् एक आवश्यकताहरुलाई परिपुर्ति गर्ने वित्तिकै अर्को आवश्यकत्ताको जन्म हुन्छ र त्यस आवश्यकत्ताहरुलाई पनि पुरा गर्न उत्प्रेरण जाग्छ । यसरी व्यक्तिका आवश्यकत्ताहरु संृखलाबद्ध रुपमा वृद्धि हुदै जान्छन् । मास्लोको धारणा अनुसार हरेक व्यक्तिका आवश्यकत्तालाई ५ तहमा विभाजन गरिएको छ ।

शिक्षा निरन्तर रुपमा चलिरहने प्रक्रिया भएकोले व्यक्तिमा पनि अनन्त शैक्षिक आवश्यकताहरु हुन्छन् ।  व्यक्ति वा शिक्षार्थीको शैक्षिक आवश्यकत्तालाई हेर्दा व्यक्तिको कुनै एउटा शैक्षिक आवश्यकत्ता पुरा हुने वितिकै अर्को आवश्यकत्ताको जन्म भै सो पनि प्राप्ती भएपछि शिक्षार्थीहरुमा उत्प्रेरण जागेर  क्रमशः शैक्षिक प्रगति हुनजान्छ । मानिसको आधारभुत आवश्यकता भित्र गाँस ,बाँस र कापास जस्तै शिक्षा पनि पर्ने भएकोले शिक्षाको आधारभुत आवश्यकत्ता पुरा गरेपछि मात्र मानिसले उसका विभिन्न आवश्यकत्ता हरु पुरा गर्न सहज देखिन्छ ।  नेपालको अन्तरिम संविधान २०६३ भाग ३ को धारा १७ ले मौलिक हकका रुपमा शिक्षा लाई मान्यता प्रदान गरेकोले र संयुक्त राष्ट्र संघ ले १९४८ मा शिक्षालाई मानव अधिकारको रुपमा घोषणा गरिसकेको कारण शिक्षालाई मास्लोको मानविय अवश्यकत्ता को आधारमा प्रस्तुत गर्न सक्ने भएकोले यस सिद्धान्तलाई अध्ययनको सैद्धान्तिक आधार मानिएको छ ।

## २.३. अनुसन्धानमा पुनरावलोकनको प्रयोग

कुनै पनि अनुसन्धान कार्य सो अनुसन्धान सँग सम्बन्धित विभिन्न साहित्यहरुको पुनरावलोकन विना सहि दिशा लिन नसकेर अर्थहिन हुन पुग्दछ । प्रस्तुत अध्ययनमा यस अध्ययनको शिर्षक र उदेश्यसँग सम्बन्धित विभिन्न शोधपत्र , लेख , पुस्तक तथा सम्वन्धित साहित्यहरुको अध्ययन र विश्लेषण गर्दा सवैवाट यस शोधकर्तालाई विभिन्न जातिको शैक्षिक अवस्था , उत्पति र राज्यको निति एवं कार्यनिति संम्बन्धि विभिन्न विद्धानका विचार , धारणा , चिन्तनहरु नजिकबाट अध्ययन अवलोकन गर्ने अवसर प्राप्त भएको छ । प्रस्तुत सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यहरुको पुनरावलोकनबाट अहिले सम्म यस विषय सँग सम्बन्धित भई स्थापित भएका सिद्धान्त र सिद्धान्तले वनाएका मुलभुत पक्षहरु उजागर हुने गर्दछ । यसबाट यस विषयमा अध्ययन गर्नका लागि विषयवस्तुको गहिराई सम्म पुग्न मद्धत पुगेको छ । यी सामाग्रीहरुको अध्ययनबाट शोधकार्य गर्न मार्गनिर्देशन प्राप्त भएकोले अनुसन्धान विश्वसनिय , यर्थाथ र प्रभावकारि हुनमा मद्धत पुगेको छ ।

यसरी हरेक अध्ययनका आ-आफ्नै प्रयोजनहरु हुन्छन् । यसकै आधारमा ल्होमी जातिहरुको वर्तमान शैक्षिक अवस्था को जानकारी लिन , शिक्षाले यस जातिको जिवनस्तरमा ल्याएको परिवर्तन पहिचान गर्न ,यस जाति शिक्षाको पहुँचमा पछि पर्नुका कारणहरु पत्ता लगाउन , शिक्षाको मुलप्रवाहमा ल्याउने उपायहरुको खोजी गर्न , राष्ट्रिय तथा अन्तराष्ट्रिय मञ्चहरुमा गरेका प्रतिवद्धताहरुको कार्यन्वयनको स्थिति पत्ता लगाउन , आर्थिक , सामाजिक र राजनैतिक कारणले शिक्षामा पारेको प्रभाव अध्ययन गर्न र सबैका लागि शिक्षा कार्यक्रम २०१५ का लक्ष्य हाँसिल गर्न विद्यालय र समुदायले अन्य के कति थप प्रयासहरु गर्नु पर्ने हो ? यी कुराहरुको जानकारी लिन र शिक्षा सम्बन्धी अध्ययन अनुसन्धान गर्ने व्यक्ति, संस्था, स्थानिय तथा केन्द्रिय सरकारलाई सिमान्तकृत जातिको शिक्षा सम्बन्धि निति निर्माण गर्न एवं यसको सफल कार्यान्वियन गर्ने उपायहरु पहिचान गर्न सघाउ पुग्ने भएकोले पुनरावलोकन गरिएका सामाग्रीहरुको अनुसन्धानमा गहन रुपबाट नै प्रयोग भएको छ ।

# परिच्छेद तीन :
# अनुसन्धान विधि

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धानको सम्पूर्ण योजना ,संरचना एवम् कार्यक्रमलाई अनुसन्धान ढाँचा भनिन्छ । मुख्य गरि अनुसन्धान ढाँचा गुणात्मक र परिमाणात्मक गरि २ प्रकारको हुन्छ । परिमाणात्मक अनुसन्धान ढाँचा भनेको अनुसन्धान कार्यमा गणितीय /तथ्याङ्क शास्त्रीय विश्लेषण विधिको प्रयोग गरेर गरिने अनुसन्धानलाई भनिन्छ भने , अनुसन्धान कार्यमा तथ्याङ्कको सङ्कलन , विश्लेषण गणितीय / साङ्ख्यिकीय क्रम र शाब्दिक बढी गरिने प्रकृतिको अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ । ल्होमी जातिको वर्तमान शैक्षिक अवस्थाको बारेमा अध्ययन गर्न मिश्रित ढाँचा प्रयोग गरिएको छ ।

## ३.२ जनसंख्या र नमुना

### क. जनसंख्या

यस अध्ययनमा ल्होमी जातिहरुको बसोबास रहेको चेपुवा गाउँ विकास समितिको वडा नं.२ मा पर्ने चेपुवा गाउँको ५२ घरधुरिका १९८ जना , यसै गा.वि.स. अर्न्तगत वडा नं. ३ गुम्बा गाउँको ३४ घरधुरिको १४१ जना , हटिया गा.वि.सको वडा नं. २ र ३ जसलाई समग्रमा हुगुङ्ग गाँउ भनिन्छ , सो गाँउको भिसिङचेम र महि टोलको ४० घरधुरीका १५२ जना , त्यस्तै सो गाँउकै ढोङ्दे र छोथाङ्ग टोलका ७४ घरधुरिका ३०३ जना , श्री अरुणोदय लिंगम स्रोत केन्द्र अर्न्तगत पर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरु , प्र.अ. , शिक्षक , अभिभावकहरु , वि.व्य.सका पदाधिकारीहरु , शि.अ.स.का पदाधिकारीहरु , स्रोत व्यक्ति , बुद्धिजिवि र शिक्षित महिला तथा पुरुषहरु जनसंख्या भित्र रहेका छन् ।

ख. नमुना

प्रस्तुत अध्ययनको नमुना छनोट गर्दा निम्न प्रक्रिया अपनाइएको छ :

१. अध्ययनक्षेत्रमा रहेका विद्यालयहरुबाट यस क्षेत्रमा रहेको एकमात्र उ.मा.वि.श्री अरुणोदय उ.मा.वि. , ल्होमि जातिको बाक्लो बसोवास रहेको चेपुवा गाँउको श्री शान्ति नि.मा.वि र हटिया गा.वि.स मध्ये सवैभन्दा ठुलो गाउँ हुगुङ्गमा रहेको श्री गुवाछेसा निम्न माध्यमिक विद्यालयलाई उद्देश्यपुर्ण नमुना छनोटवाट छनोट गरिएको छ ।

२. संखुवासभा जिल्लाको लिङ्गमा स्रोत केन्द्र र स्रोत व्यक्तिलाई उद्देश्यपुर्ण नमुना छनोटवाट छनोट गरिएको छ ।

३. विद्यालयहरुको प्र.अ.हरु ३ जना उद्देश्यपुर्ण नमुना छनोटका आधारमा छनोट गरिएको छ ।

४. छनोट गरिएका विद्यालयहरुको शिक्षकहरुबाट २-२ जना शिक्षक पर्ने गरि महिला र पुरुष छुट्याई गोलाप्रथा विधिद्धारा ६ जनालाई छनोट गरिएको छ ।

५. छनोट गरिएका विद्यालयहरुको व्यवस्थापन समितिको ३ जना अध्यक्षहरुलाई उद्देश्यपुर्ण नमुना छनोटका आधारमा छनोट गरिएको छ ।

६. छनोट गरिएका विद्यालयहरुको शि.अ.स.अध्यक्षहरु ३ जनालाई पनि उद्देश्यपुर्ण नमुना छनोट विधि द्धारा छनोट गरिएको छ ।

७. हालसम्म यस ल्होमी जातिमध्येबाट सवैभन्दा उच्च शिक्षा हासिल गरिसकेका १ पुरुष र १ महिला लाई पनि उद्देश्य पुर्ण नमुना छनोट वाट छनोट गरिएको छ ।

८. अध्ययन क्षेत्रका बुद्धिजिविहरुमध्ये उद्देश्यपुर्ण नमुना छनोट विधिका आधारमा २ जना विशिष्ट व्यक्तिहरुलाई छनोट गरिएको छ ।

९. छनोट गरिएका गा.वि.सका गाँउहरु बाट गोलाप्रथा विधि द्धारा १०-१० जना अभिभावक गरि जम्मा ४० जना अभिभावकलाई छनोट गरिएको छ ।

१०. अध्ययन क्षेत्रको विद्यालयहरुमा अध्ययन गर्ने प्रत्येक विद्यालयको तहगत विद्यार्थीहरु मध्ये बाट गोलाप्रथा द्धारा छनोट गरिएका १०-१० जना गरि जम्मा ३० जना विद्यार्थीहरु ।

## ३.३ तथ्याङ्कको स्रोत

कुनै पनि अध्ययन अनुसन्धानलाई अध्ययन गर्न विभिन्न तथ्याङ्कहरुको आवश्यकत्ता पर्दछ । जुन व्यक्ति , समुह र स्थान वाट तथ्याङ्कहरु प्राप्त गरिन्छ ती व्यक्ति , समुह र स्थानहरुलाई तथ्यांकका स्रोतहरु भनिन्छ । यस अध्ययन पुरा गर्नका लागि निम्न स्रोतहरुवाट तथ्याङ्क संकलन गरिएको छ :

### क. प्राथमिक स्रोत

अनुसन्धानका लागि आवश्यक तथ्यांक संकलन गर्न नमुना छनोटमा परेका व्यक्ति र स्थानमा अनुसन्धान कर्ता प्रत्यक्ष रुपमा उपस्थित भई आफुले तयार पारेका सर्वेक्षण फाराम , अवलोकन फाराम, अन्तवार्ता र प्रश्नावलीहरुको आधारमा तथ्याङ्क संकलन गरिएको छ ।

### ख. सहायक स्रोत

सहायक स्रोतको रुपमा ल्होमी जातिको वारेमा प्रकाशित पुस्तकहरु, ल्होमी जातिको वारेमा अध्ययन गरेका शोध पत्रहरु, पत्र पत्रिकाहरु तथा विभिन्न अभिलेखहरुलाई लिइएको छ , तर ल्होमी जातिको शैक्षिक अवस्थाको बारेमा यो भन्दा पहिला कसैले पनि विस्तृत रुपमा अध्ययन गरेको नहुनाले यस अध्ययनमा प्राथमिक स्रोतलाई नै मुख्य स्रोतको रुपमा लिइएको छ ।

## ३.४ तथ्याङ्क संङ्कलनका साधनहरु

ल्होमी जातिको वर्तमान शैक्षिक अवस्था , शिक्षाले जीवनस्तरमा ल्याएको परिवर्तन परिवर्तन खोजी गर्न , ल्होमी जातिहरु शिक्षामा पछि पर्नुका कारणहरु पहिचान गरी निष्कर्ष निकाल्न एवं सम्वन्धित निकाय र पक्ष (नीतिगत तह ,अभ्यास तह र कार्यान्वयन तह )लाई सल्लाह तथा सुझाव प्रदानकम लागि निम्न लिखित तथ्याङ्क संकलनका साधनहरुको प्रयोगरि तथ्याङ्क संकलन गरिएको छ :

क. प्रश्नावली

ख. अन्तर्वार्ता फाराम

ग. छलफल सुची

ङ. अवलोकन फाराम

च. मत सर्वेक्षण फाराम

छ. रेकर्डर

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अध्ययनमा प्राथमिक र द्धितिय दुवै खालका तथ्याङ्क सङ्कलन गरिएको छ । नमुना छनोटमा पर्नु भएका उत्तरदाताहरुको सहमतिको आधारमा प्रश्नावली , अर्न्तवार्ता , अवलोकन तथा सर्वेक्षण फाराम र अभिलेख अध्ययन तथा स्थलगत अध्ययनको मिति तयार गरियो । अनुसन्धानकर्ताले अध्ययनको लागि तयार पारिएका साधनहरुको प्रयोग गरि उत्तरदाताहरुबाट सत्य, तथ्य र यर्थाथ विवरण टिपोट गरि तथ्याङ्क संकलन गरियो , साथै चेपुवा र हुंगुङ गाउँका खाँदवारीमा बस्ने ल्होमीहरुलाई पनि यस अध्ययनको क्रममा थप तथ्याङ्क प्राप्त गर्नको लागि अन्तरवार्ता लिइएको छ । यसरी नमुना छनौटमा लिइएको व्यक्तिहरुलाई आवश्यकत्ता अनुरुप आफुले तयार गरिएको तथ्याङ्क संकलन साधनहरुका आधारमा प्रश्न सोधी परिमाणात्मक तथ्य र गुणात्मक तथ्यहरु संकलन गरिएको छ । यसरी प्रश्न सोध्ने क्रममा प्रसंगवस थप अन्य मौखीक प्रश्नहरु पनि सोधी तथ्यांक संकलन गरिएको छ , साथै प्रश्न सोध्ने क्रममा उत्तरदाता संगै रहेका साथीको जवाफलाई पनि संयुक्त रुपमा समावेश गरी विशेष गरी स्मरण गर्न सजिलोको लागि रेकर्डरमा रेकर्ड गरी त्यसको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

३.६ तथ्यांकको विश्लेषण प्रक्रिया

तथ्यांक संकलनका क्रममा प्राथमिक र द्धित्तिय स्रोतको आधारमा संकलन गरिएका तथ्यांकहरुलाई तथ्यांकको प्रकृतिको आधारमा परिमाणात्मक र गुणात्मक रुपमा वर्गीकरण गरिएको छ । यसरी वर्गिकरण गरिएका परिमाणात्मक तथ्यांकहरुलाई संख्यात्मक रुपमा तालिकिकरण गरि व्याख्यात्मक रुपमा व्याख्या गरिएको छ । गुणात्मक प्रकृतिका तथ्याङ्कहरुलाई आवश्यकत्ता अनुसार विश्लेषणगरी तथ्यपरक, वोधगम्य बनाउन त्यसलाई विश्लेषण र विस्तार गरिएको छ । परिमाणात्मक प्रकृतिका तथ्यांकहरुलाई आवश्यकता अनुसार तालिकामा सूचनाहरुलाई वोधगम्य बनाउन सांख्यिकीय विधिको प्रयोगबाट विश्लेषण गरिएको छ । तथ्याङ्कहरुको विश्लेषण गरिसकेपछि तथ्याङ्कको पकृति र स्वभाव अनुसार तालिकिकरण पश्चात वृत्तचित्र र स्तम्भचित्रमा प्रस्तुत गरी सके सम्म सबैले बुझ्न सक्ने गरी प्रश्तुतिकरण गरिएको छ , तर कुनै तथ्यङ्कहरुलाई वृत्त चित्र र स्तम्भचित्रमा प्रस्तुत गर्न कठिन भएकोले तालिकामा प्रस्तुत गरि तुलनात्मक रुपमा शाब्दिक व्याख्या विश्लेषण गरिएको छ ।

# परिच्छेद चार :
# नतिजा विश्लेषण

अनुसन्धानबाट प्राप्त नतिजाहरुलाई प्रस्तुतगरि व्याख्या विश्लेषण द्धारा निष्कर्ष निकाल्नुलाई नतिजा विश्लेषण भनिन्छ । ल्होमी जातिको वर्तमान शैक्षिक अवस्था अध्ययनमा निर्धारण गरेका उद्देश्य परिपुर्ति गर्नका लागि विभिन्न तथ्य तथ्याङ्कहरुलाई विभिन्न उपशीर्षकमा विभाजन गरी तर्क पुर्ण, अर्थपूर्ण वनाउन तालिकीकरण गरी स्तम्भरेखा र वृत्त चित्रमा प्रस्तुत गरी नतिजा विश्लेषण गरिएको छ ।

## ४.१. ल्होमी जातिको शैक्षिक अवस्था

### ४.१.१. ल्होमी जातिको बसोबास रहेको संखुवासभा जिल्ला शैक्षिक संस्था तथा विद्यार्थी संख्याहरुको एक झलक

संखुवासभा जिल्ला २७° ०६ देखी २७°५५ उत्तरी अक्षांश र ८६०५७ देखी ८७०४० पुर्वी देशान्तर विचमा रहेको हिमली जिल्ला हो । यस जिल्लाको कुल क्षेत्रफल ३४८६ .१७ वर्ग किलो मिटर ( नेपालको कुल क्षेत्रफलको २.१८%) रहेको छ । यस जिल्लाको उचाई समुन्द्री सतहवाट ४५७ मिटर छ । संसारको सबैभन्दा होचो उपत्यका अरुण उपत्यका देखी ८,४६३ मिटरको उचाइमा विश्वको पाचौं सर्वोच्च शिखर मकालु हिमाल यहि जिल्लामा रहेको छ ।

यस जिल्लालाई २ वटा निर्वाचन क्षेत्र, ११ वटा इलाका क्षेत्र, १ नगरपालिका र ३३ वटा गा. वि. स. मा विभाजन गरिएको छ । यस जिल्लाको इलाका क्षेत्र नं. १ मा जम्मा चार वटा गा. वि. स., हटिया, चेपुवा, पावाखोला र किमाथाङ्का गा.वि. स. पर्दछन् । यस जिल्लामा विशेषगरी बाहुन, क्षेत्री, गुरुङ, राई, लिम्बु, तामाङ, शेर्पा र ल्होमी जातिहरुको बसोवास रहेको पाइन्छ ।

संखुवासभा जिल्लामा सामुदायिक रुपमा ५ वटा क्याम्पसहरु संचालित छन् । यस जिल्लको २ वटा क्याम्पसहरुमा स्नातकोत्तर सम्मको अध्ययन हुन्छ । २०५८ सालको जनगणना अनुसार यस जिल्लाको साक्षरताको स्थिति ५३.८ रहेकोमा २०६८ सालको जनगणनाको तथ्याङ्क अनुसार कुल

साक्षरता दर ६९.३७ % पुगेको छ , जसमा ७७.४६ % पुरुष र ६२.१९ % महिला रहेको उल्लेख छ। २०६८ सालको जनगणना अनुसार यस जिल्लामा स्नात्तकोतर तह उत्तिर्ण पुरुष ४७ जना र महिला ३६ गरि जम्मा ८३ जना , स्नातक तह उर्तिण ३०१ जना , प्रमाणपत्र तह उर्तिण ११०२ जना रहेको देखिन्छ। संखुवासभा जिल्लाको समग्र शैक्षिक स्थिती अन्य हिमाली जिल्लाको तुलनामा सन्तोषजनक रहेको छ।

यस जिल्लामा भएका विद्यालय एवं शैक्षिक संस्थाहरुको संख्यात्मक विवरणलाई निम्न अनुसार प्रस्तुत गरिन्छ :

तालिका नं. १

संखुवासभा जिल्लाको विद्यालय एवं शैक्षिक संस्थाहरुको संख्यात्मक विवरण

| क.सं. | विद्यालय/शैक्षिक संस्था | संख्या | क.स. | विद्यालय तह | संख्या |
|---|---|---|---|---|---|
| १ | बाल विकास केन्द्र | २३० | ४ | माध्यमिक विद्यालय | ४४ |
| १.१ | समुदायमा आधारित | ३ | ४.१ | सामुदायिक | ४० |
| १.२ | विद्यालयमा आधारित | २२७ | ४.२ | संस्थागत | ४ |
| २ | प्राथमिक विद्यालय | २८७ | ४.३ | समुदाय द्वारा व्यवस्थीत | ११ |
| २.१ | सामुदायिक | २६९ | ५ | सुस्तश्रवण प्राथमिक तह | १ |
| २.२ | संस्थागत | १८ | ६ | सुस्तमन स्थिति प्राथमिक तह | १ |
| २.३ | समुदायद्वारा व्यवस्थीत | ३८ | ७ | दृष्टि बिहिन प्राथमिक तह | १ |
| ३ | नि.मा.वि. | ६४ | ८ | प्राथमिक शिक्षा विस्तार कक्षा | ५ |
| ३.१ | सामुदायिक | ६१ | ९ | सामुदायिक अध्ययन केन्द्र | १६ |
| ३.२ | संस्थागत | ३ | १० | उच्च माध्यमिक विद्यालय | १८ |
| ३.३ | समुदायद्वारा व्यवस्थीत | १४ | ११ | क्याम्पस | ५ |

स्रोत : जि.शि.का संखुवासभा २०६९

यस जिल्लामा  विभिन्न तहमा अध्ययनरत विद्यार्थीहरुको संख्यात्मक विवरण निम्न अनुसार रहेको छ :

तालिका नं. २

संखुवासभा जिल्लामा तहगत रुपमा  अध्ययनरत विद्यार्थीहरुको संख्यात्मक विवरण

| तह | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | जनजाती विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| बाल विकास | २७३५ | २८०८ | ५५४३ | | | ६०२ | | | ३९३६ |
| प्रा.वि. | १८४४१ | १८३८० | ३६८२१ | १८५३ | १८१२ | ३६६५ | १२७७६ | १२८३४ | २५६१० |
| नि.मा.वि. | ६६८७ | ६३९४ | १३०८१ | ५३० | ४८२ | १०१२ | ४४४० | ४२०८ | ८७४८ |
| मा.वि. | २८१७ | २८१४ | ५६३१ | १६५ | १८२ | ३४७ | १७७० | १८१३ | ३५८३ |
| कुल जम्मा | ३०६८० | ३०३९६ | ६१०७६ | २५४८ | २४७६ | ५६२६ | १८९८६ | १८९५५ | ४१८७७ |

स्रोत : जि.शि.का संखुवासभा २०६९

माथिको तालिकाहरु लाई हेर्दा संखुवासभा जिल्लामा प्राथमिक तहको विद्यालय २८७ , नि.मा.वि तहको विद्यालय ६४, माध्यमिक तहको विद्यालय ४४ र उच्च माध्यमिक विद्यालय १८ वटा रहेको छ । यस जिल्लामा विद्यालयमा अध्ययनरत  वर्तमान अवस्थालाई हेर्दा  प्रा.वि. तहमा सवै भन्दा वढि अध्ययनरत विद्यार्थीहरु ३६८२१ , नि.मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरु १३०८१ र मा.वि. तहमा सवै भन्दा कम अध्ययनरत विद्यार्थीहरु २८०८ जना रहेको छ । जनजातिहरुको विद्यार्थी संख्यालाई हेर्दा जम्मा वाल विकासमा ३९३६ , प्रा.वि तहमा २५६१०, नि.मा.वि तहमा ८७४८ र मा.वि तहमा ३८८३ गरी जम्मा ४१८७७ विद्यार्थीहरु यस जिल्लामा रहेको देखिन्छ । संखुवासभा जिल्लाको ५ वर्ष माथिका साक्षरता स्थिती निम्न अनुसार रहेको छ :

तालिका नं. ३

संखुवासभा जिल्लाको ५ वर्ष माथिका साक्षरता स्थिती

| | जनसंख्या | पढ्न र लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न र लेख्न नसक्ने | उल्लेख नभएको |
|---|---|---|---|---|---|
| जम्मा | १४३४७८ | ९९५४२ | ४०३८ | ३९७४२ | १५६ |
| पुरुष | ६७४६९ | ५२२६७ | १९६६ | १३१९० | ४६ |
| महिला | ७६००९ | ४७२७५ | २०७२ | २६५५२ | ११० |

स्रोत : केन्द्रिय तथ्याङ्क विभाग २०६८

प्रस्तुत तथ्याङ्कलाई हेर्दा संखुवासभा जिल्लाको जम्मा जनसंख्या १४३४७८ जना रहेको छ। जस मध्ये ९९५४२ (६९.३७ प्रतिशत) पढ्न र लेख्न सक्ने साक्षर जनसंख्या रहेको देखिन्छ , जसमा पुरुषको साक्षरता संख्या ५२२६७ (७७.४६ प्रतिशत ) र महिलाको साक्षरता संख्या ४७२७५ (६२.१९ प्रतिशत ) रहेको देखिन्छ। पढ्न लेख्न नसक्ने निरक्षर जनसंख्यामा १३१९० (३३.१८ प्रतिशत) पुरुष र २६५५२ (६६.८१ प्रतिशत) महिला गरि जम्मा ३९७४२(२७.६९) जना रहेको देखिन्छ।

### ४.१.२ ल्होमी जातिको परिचय

नेपालको आदिवासी जनजातिहरु मध्ये ल्होमी जाति एक सिमान्तकृत आदिवासी जनजातिमा सुचिकृत जाति हो। ल्होमी जातिको उद्‌गम स्थल पुर्व नेपालको कोशी अंचल, सखुवासभा जिल्लाको उत्तरी भाग चिनको स्वसाशित क्षेत्र तिब्बतसंग सिमाना जोडिएको अति दुर्गम गा.वि.स. चेपुवा र हटिया भएतापनि हाल आएर सदरमुकाम खाँदवारी , नेपालको राजधानी शहर काठमण्डौ , भक्तपुर तथा ललितपुरमा पनि बसोवास गरी आएको पाइन्छ। ल्होमी जातिहरु धनकुटा, धरान जस्ता शहरहरुमा पनि केही संख्यामा बसाइसराई गरी बसोबास गरी आएको पाइन्छ र भारतको दार्जिलिङमा पनि यस जातिको समुदाय अस्तित्वमा रहेको छ। ल्होमी जातिको जनसंख्या करीब ८ देखी १२ हजार सम्म रहेको अनुमान गरीएता पनि २०५८ सालको जनगणनाले ४ जना मात्र उल्लेख गरीएको पाइन्छ भने २०६८ सालको जनगाणनामा ल्होमी हरुको जनसंख्या ३१५६ पुरुष र ३१८४ महिला गरि ६३४० रहेको छ।

### ४.१.३ ल्होमी जातिको वसोवास रहेको क्षेत्र र नमुना छनोट गरिएका गाउँहरुको छोटो परिचय

#### ४.१.३.१ चेपुवा गाउँ विकास समितिको परिचय

चेपुवा गाउँ विकास समिति पूर्वी सिमानामा ताप्लेजुङ जिल्ला र पश्चिमी सिमानामा हटिया र उत्तरी सिमानामा किमाथांका गा.वि.स. र चीन पर्दछ र दक्षिणमा ताप्लेजुङ र पावाखोला गा.वि.स. पर्दछ।

यो गाउँ विकास समिति उत्तर र दक्षिण केही फुकेको पाइन्छ। जिल्लाको सदरमुकामबाट करिब ४० कोष उत्तरमा अवस्थित छ । यस गा.वि.स.मा एक गुठी गाउँ पनि पाइन्छ । यस गा.वि.स.मा भोटखोला क्षेत्रको एक मात्र उच्च माध्यमिक विद्यालय श्री अरुणोदय उ.मा.वि र श्री गागालाल प्रा.वि.रहेको छ ।

यस गा.वि.सको जनसंख्या विवरण तथा अन्य जनसांख्यिक विवरण निम्न अनुसार रहेको पाइन्छ :-

तालिका नं. ४

चेपुवा गा.वि.स.को जनसांख्यिक विवरण

| विवरण | २०६८ साल | | | |
|---|---|---|---|---|
| क्षेत्रफल | ४३४.९४ वर्ग कि. मि. | | | |
| जनसंख्या | पुरुष | महिला | जम्मा | |
| ल्होमी जाति | ८४९ | ८९० | १७३९ | |
| दलित जाति | ८ | ३ | ११ | |
| कुल जनसंख्या | ८५७ | ८९३ | १७५० | |
| घरधुरी संख्या | ४०६ | | | |
| परिवारको आकार | ४.७२ | | | |
| जनघनत्व | ४ | | | |
| परिवारको आकार | ४.७२ | | | |
| जनघनत्व | ४ | | | |
| शिक्षा | | | | |
| कुल प्राथमिक विद्यालय | ७ | | | |
| कुल निम्न माध्यमिक विद्यालय | १ | | | |
| कुल उ.मा.वि | १ | | | |
| कुल उपस्वास्थ्य चौकी | १ | | | |

स्रोत : जि.वि.स. कार्यालय तथ्याङ्क २०७०

## क. चेपुवा गाउँ

चेपुवा गाउँ चेपुवा गा. वि. स. को वडा नं. २ अन्तर्गत पर्दछ। यो गाउँमा जम्मा ५२ घरधुरीको १९८ जना जम्मा जनसंख्या रहेको छ। यो गाउँमा बस्नेहरु सबै ल्होमी जाति नै रहेको छ। यो

गाउँमा ल्होमी बाहेक अन्य जातिको बसोवास रहेको छैन । ल्होमी जाति अन्तर्गतको विभिन्न थरहरुमा यहाँ नुप्पा थरको ९७ % बसोवास रहेको छ भने अर्को थिकेप्पा थरको यहाँ ४ घरको बसोवास रहेको छ । यी चार घर मध्ये १ घर च्याम्ताङ् लिंगम, १ जना रुकुमा र बाँकी दुई जना चीनको लुङ्देक भन्ने गाउँबाट बसाइँ सरेर आएको पाइन्छ । यो गाउँको दक्षिणमा अरुण नदी र पश्चिममा हटिया गा. वि. स.को हुंगुङ् अवस्थित छ त्यसै गरी पूर्वमा च्याम्ताङ् गाउँ र उत्तरमा सिम्बोक्प हिमाल र गुठी गुम्बा गाउँ पर्दछ । यस गाँउमा चेपुवा गा.वि.सकै एकमात्र निम्न माध्यमिक तहको विद्यालय श्री शान्ति नि.मा.वि. रहेको छ ।

तालिका नं. ५

चेपुवा गाँउको ल्होमीहरुको जनसंख्या

| गाँउ | घरधुरी संख्या | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| चेपुवा गाँउ | ५२ | १९८ | ९८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

## ख. गुम्बा गाउँ

गुठी गुम्बा गाउँ चेपुवा गा.वि.स को वडा नं. ३ अर्न्तगत पर्दछ । यो गाँउमा जम्मा ३४ घरधुरी र १४१ जना जनसंख्या रहेको छ । यस गाँउमा एउटा प्राथमिक विद्यालय र ल्होमी जातिको मुख्य वसोवास क्षेत्रका रुपमा रहेको चेपुवा र हटिया गा.वि.सको एकमात्र उच्च माध्यमिक विद्यालय रहेको छ । यस गाँउमा ल्होमी हरुको मात्र वसोवास रहेको छ ।

तलिका ६

गुम्बा गाँउको ल्होमीहरुको जनसंख्या

| गाँउ | घरधुरी संख्या | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| गुम्बा गाँउ | ३४ | १४१ | ६५ | ७६ |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

### ४.१.३.२ हटिया गाउँ विकास समितिको परिचय

यस गाउँ विकास समितिको पूर्वी सिमानामा चेपुवा गा.वि.स. र पश्चिमी सिमानामा पाथीभरा गा.वि.स. र मकालु गा.वि.स.को विश्वको पाँचौ अग्लो शिखर मकालु हिमाल पर्दछ । उत्तरी सिमानामा किमाथांका गा.वि.स. र चीन पर्दछ साथै दक्षिणमा पावाखोला गा.वि.स. पर्दछ। यो गाउँ विकास समिति उत्तर र दक्षिण भागमा केही फुकेको पाइन्छ। यस गा.वि.समा लगभग ६२४ घरधुरी संख्या रहेको छ । जिल्लाको सदरमुकामबाट करिब ३५ कोष उत्तरमा अवस्थित बगरमा हरेक वर्षको माघ १ गते बरुणमेला लाग्ने गर्दछ। हटिया गा.वि.स.को जनसाँख्यिक विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ७

हटिया गा.वि.स.को जनसांख्यिक विवरण

| विवरण | २०६८ साल | | | कैफियत |
|---|---|---|---|---|
| क्षेत्रफल | २२१.४४ वर्ग कि. मि. | | | |
| जनसंख्या | पुरुष | महिला | जम्मा | |
| ल्होमी | १४७७ | १५९६ | २३९५ | |
| नाबा | १६१ | १८३ | ३४४ | |
| गुरुङ्ग | ९६ | १०२ | १९८ | |
| राई | ३२ | २४ | ५६ | |
| दलित | ६३ | ३४ | ९७ | |
| कुल जनसंख्या | १५१३ | १५८३ | ३०९० | |
| घरधुरी संख्या | ६२४ | | | |
| परिवारको आकार | ४.९६ | | | |
| जनघनत्व | ४ | | | |
| परिवारको आकार | ४.७२ | | | |
| जनघनत्व | १४ | | | |
| शिक्षा | | | | |
| कुल प्राथमिक विद्यालय | ५ | | | |
| कुल निम्न माध्यमिक विद्यालय | ३ | | | |
| उपस्वास्थ्य चौकी | १ | | | |

स्रोत : जि.वि.स. कार्यालय तथ्याँङ्क २०७०

## क. हुगुङ्ग गाँउ

ल्होमी जातिको सबभन्दा बढी बाक्लो बस्ती भएको गाउँ हटिया गा.वि.स.मा अवस्थित हुँगुङ् गाउँ हो , जहाँ लगभग ११४ घरधुरी संख्या छन् । यस गाँउको जनसंख्या ४५५ जना रहेको छ र यस गाउँमा १ निम्न माध्यमिक विद्यालय पनि रहेको छ । यस गाउँमा जम्मा ५ वटा गुम्बा छन् । यी पाँच गुम्बा मध्ये युम ल्हाखाङ् सबभन्दा ठुलो रहेको छ । यस गाउँमा लामा पढ्नको लागि विभिन्न गुफामा वस्ने चलन रहेको छ । यस गाउँको मुख्य बाली भनेको आलु हो,त्यसैले गाउँ आलु उत्पादनको लागि प्रख्यात छन् । यस गाउँमा जिल्लाको विभिन्न क्षेत्रबाट आलुको विउ साट्न आउछन् ।

तालिका नं. ८

हुगुङ्ग गाँउको ल्होमीहरुको जनसंख्या

| गाँउ | घरधुरी संख्या | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| हुगुङ्ग गाँउ | १४४ | ४५५ | २१० | २४५ |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

## ४.१.४ ल्होमी जातिको जनसंख्या

ल्होमी जातिको मुख्य वसोवास रहेको गा.वि.स चेपुवा र हटिया गा.वि.सका १८ वटा वडाहरुको ल्होमी जातिहरुको जनसंख्या उमेरगत रुपमा निम्नाअनुसार रहेको छ :

तालिका नं. ९

समग्र ल्होमीहरुको जनसंख्या

| उमेर समुह(वर्षमा) | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|
| (०–६) | ४७६ | ४९३ | ९६९ | |
| (७–१२) | ५०० | ५०८ | १००८ | |
| (१३–१६) | ३४९ | ४३६ | ७८५ | |
| (१७–२५) | ५८६ | ६६२ | १२४८ | |
| (२६–४५ | ८१९ | ७४८ | १५६७ | |
| (४५ +) | ४२६ | ३३६ | ७६३ | |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | ३१५६ | ३१८४ | ६३४० | |

स्रोत : नेपाल ल्होमी समाज २०७०

माथिको तालिकालाई हेर्दा ल्होमीहरुको जम्मा जनसंख्या ६३४० जना रहेको छ जसमा पुरुष ३१५६ र महिला ३१८४ जना रहेको छ। उमेर समुह अनुसार २६ वर्ष देखि ४५ वर्ष सम्मको उमेर समुहका ल्होमीहरुको जनसंख्या सवैभन्दा वढी १५६७ जना र सवैभन्दा कम ७८५ जना १३ देखि १६ वर्ष उमेर समुहका जनसंख्या रहेको देखिन्छ।

### ४.१.५. अध्ययन क्षेत्रका ल्होमी पुरुष र महिलाहरुको जनसंख्या

अध्ययन क्षेत्र अर्न्तगतको ल्होमी पुरुष तथा महिला हरुको कुल जनसंख्याको जनकारीको लागि गरेको सर्वेक्षणमा यस क्षेत्रमा निम्न अनुसारको नतिजा प्राप्त भयो :


तालिका नं. १०

छनौट गरिएका गाँउहरुको जनसंख्या विवरण

| क.स. | घरधुरी | जम्मा जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | २०० | ७९४ | ३७३ | ४२१ |
| २ | प्रतिशतमा | १०० | ४६ | ५४ |

स्रोत : स्रोत स्थलगत सर्वेक्षण २०७०

चित्र १



अध्ययन क्षेत्रको जनसंख्या सर्वेक्षणको नतिजालाई तालिकामा र वृत्तचित्रमा प्रस्तुत गर्दा यस चेपुवा गा.वि.स को वडा नं. ३ गुम्बा गाँउ र  वडा नं. २ चेपुवा गाँउ एवं हटिया गा.वि.सको वडा नं. २ र ३ को हुगुङ्ग गाँउको जम्मा २०० घरधुरीमा ३७३ पुरुष र ४२१ महिला रहको पाइयो  । यस गाँउहरुमा पुरुष भन्दा महिलाको जनसंख्या वढी रहेको पाइयो ।

## ४.१.६. अध्ययन क्षेत्रका ल्होमीहरुको उमेरगत जनसंख्या

अध्ययन क्षेत्रका ल्होमीहरुको उमेरसमुह अनुसार के कति जनसंख्या रहेको छ भनि जानकारी लिनको लागि प्रयोग गरिएको सर्वेक्षण वाट निम्न अनुसारको नतिजा प्राप्त भयो :


तालिका ११

ल्होमीहरुको उमेरगत जनसंख्या

| उमेर समुह(वर्षमा) | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|
| (०–६) | ७३ | ७९ | १५२ | |
| (७–१२) | ५७ | ६३ | १२० | |
| (१३–१६) | ६४ | ७१ | १३५ | |
| (१७–२५) | ६१ | ६६ | १२७ | |
| (२६–४५ | ६८ | ६९ | १३७ | |
| (४५ +) | ५० | ७३ | १२३ | |
| जम्मा | ३७३ | ४२१ | ७९४ | |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

चित्र २




अध्ययन क्षेत्रको उमेर समुह अनुसार जनसंख्यालाई हेर्दा ० देखि ६ वर्ष उमेर समुहको जनसंख्या सवैभन्दा वढि १५२ जना रहेको पाइयो । त्यस्तै सवै भन्दा कम उमेर समुहको जनसंख्या अनुसार ७ देखि १२ वर्ष उमेर समुहको जनसंख्या ५७ पुरुष र ६३ महिला गरि १२० जना रहेको पाइयो ।

## ४.१.७. साक्षर ल्होमीहरुको जनसंख्या

अध्ययन क्षेत्रमा रहेको ६ वर्ष देखि माथिका ल्होमीहरुको साक्षर जनसंख्याको स्थीती पत्तालगाउनको लागि गरिएको सर्वेक्षण र प्रश्नावलीहरुको आधारमा निम्न अनुसारको नतिजा प्राप्त भयो :


तालिका १२

साक्षर ल्होमीहरुको जनसंख्या

| उमेर समुह(वर्षमा) | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|
| (०–६) | | | | |
| (७–१२) | २८ | २९ | ५७ | |
| (१३–१६) | ३४ | १६ | ५० | |
| (१७–२५) | २८ | २४ | ५२ | |
| (२६–४५ | २७ | १३ | ४० | |
| (४५ +) | १२ | १९ | ३१ | |
| जम्मा | १७१ | २३३ | २२० | |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

चित्र ३




अध्ययन क्षेत्रको ल्होमीहरुको साक्षरताको स्थिती सो क्षेत्रमा ७ वर्ष देखि १२ वर्ष उमेर समुहका ल्होमी हरुको साक्षरता संख्या सवैभन्दा वढि रहेको पाइयो । जसमा पुरुष २८ र महिला २९ गरि ५७ जना साक्षर पाइयो भने १३ देखि १६ उमेर समुहमा  पुरुष ३४ र पहिला १६ गरि ५० जना साक्षर रहेको पाइयो । त्यस्तै १७ देखि २५ वर्ष उमेर समुहका ल्होमी हरुमा पुरुष २८ र महिला २४ गरि ५२ जना साक्षर रहेको पाइयो ।

## ४.१.८. निरक्षर ल्होमीहरुको जनसंख्या

अध्ययन क्षेत्रका ल्होमी जातिहरुमा के कति जना निरक्षर रहेको छ , भनि पत्तालगाउनको लागि गरिएको सर्वेक्षण वाट निम्न नतिजा प्राप्त भयो :

तालिका १३


निरक्षर ल्होमीहरुको जनसंख्या

| उमेर समुह(वर्षमा) | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|
| (०–६) | | | | |
| (७–१२) | २९ | ३४ | ६३ | |

| | | | | |
|---|---|---|---|---|
| (१३–१६) | ३० | ४७ | ७७ | |
| (१७–२५) | ३३ | ४२ | ७५ | |
| (२६–४५ | ४१ | ५६ | ९७ | |
| (४५ +) | ३८ | ५४ | ९२ | |
| जम्मा | १७१ | २३३ | ४०४ | |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

चित्र ४




यस क्षेत्रका ल्होमीहरुको निरक्षरताको जनसंख्या पत्तालागाउनको लागि गरिएको अध्ययनबाट सो गाँउहरुमा जम्मा ४०४ जना ल्होमीहरु निरक्षर रहेको पाइयो । जम्मा विद्यालय जान योग्य उमेर को कुल जनसंख्या ६४२ जनाको ६२.९ प्रतिशत रहेको छ । जसमा पनि पुरुष ४३ .६६ प्रतिशत निरक्षर रहेको पाइयो भने महिला ५८ प्रतिशत निरक्षर रहेको पाइयो ।

## ४.१.९ साक्षरता शिक्षा प्राप्त गरिरहेका ल्होमीहरुको जनसंख्या

अध्ययन क्षेत्रमा औपचारिक शिक्षा वाहेक विभिन्न अनौपचारिक शिक्षा प्राप्त गरिरहेका ल्होमीहरुको जानकारी लिनको लागि गरेको अध्ययनवाट निम्न नतिजा प्राप्त भयो :


तालिका १४

साक्षरता शिक्षा प्राप्त गरिरहेका ल्होमीहरुको जनसंख्या

| उमेर समुह(वर्षमा) | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|
| (०–६) | – | – | – | |
| (७–१२) | – | – | – | |
| (१३–१६) | – | – | – | |
| (१७–२५) | – | ३ | ३ | |
| (२६–४५ | १ | १२ | १३ | |
| (४५ +) | २ | १५ | १७ | |
| जम्मा | ३ | ३० | ३३ | |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

चित्र ५




अध्ययन क्षेत्रमा औपचारिक शिक्षा वाहेक विभिन्न अनौपचारिक शिक्षामा सहभागि रहेको ल्होमीहरुको जनसख्या जम्मा ३३ जना मात्र रहेको पाइयो । जसमा पुरुष ३ जना मात्र सहभागि रहेको र महिला ३० जना मात्र सहभागि रहेको पाइयो । अध्ययन क्षेत्रका ल्होमी पुरुषहरु भन्दा ल्होमी महिलाहरु साक्षरता शिक्षा प्राप्त गर्न बढि उत्साहित रहेको पाइयो ।

### ४.१.१० तहगत रुपमा शिक्षा हासिल गरिसकेका ल्होमी हरुको स्थिती

अध्ययन क्षेत्रका ल्होमीहरु मध्ये तहगत रुपमा शिक्षा हासिल गरिसकेका ल्होमीहरुको जनसंख्या पत्ता लगाउनको लागि गरेको अध्ययनवाट निम्न नतिजा प्राप्त भयो :


तालिका १५

तहगत रुपमा शिक्षा हासिल गरिसकेका ल्होमीहरुको जनसंख्या

| तह | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|
| प्राथमिक | ३२ | २७ | ५९ | |
| निम्न माध्यमिक | ३४ | २३ | ५७ | |
| माध्यमिक | २६ | २४ | ५० | |
| एस.एल.सी | १८ | १४ | ३२ | |
| उच्च माध्यमिक | १५ | १२ | २७ | |
| स्नातक | ६ | २ | ८ | |
| स्नातकोत्तर तह | ४ | १ | ५ | |
| जम्मा | १३५ | १०३ | २३८ | |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

चित्र ६




अध्ययन क्षेत्रका ल्होमीहरु मध्ये २३८ (३०.०७ %) जनाले औपचारिक शिक्षाका विभिन्न तहहरु पुरा गरेको पाइयो । जसमध्ये सवै भन्दा बढि ५९ जनाले प्राथमिक तहको मात्र शिक्षा हासिल गरेको पाइयो । त्यस्तै उच्च शिक्षा तर्फ ६ जना पुरुष र २ जना महिला गरि ८ जना ,स्नातकोत्तर तह तर्फ ४ जना पुरुष र १ जना महिला गरि ५ जनाले औपचारिक शिक्षा हासिल गरिसकेको पाइयो ।

### ४.१.११ अध्ययन क्षेत्रका ल्होमी पुरुष तथा महिलाहरुको साक्षरता स्थिती

अध्ययन क्षेत्रका ल्होमी पुरुष तथा महिलाहरुको साक्षरता के कस्तो रुपमा रहको छ , सो कुरा पत्ता लगाउनको लागि गरिएको अध्ययनबाट निम्न नतिजा प्राप्त भयो :


तालिका १६

ल्होमी पुरुष तथा महिलाहरुको साक्षरता स्थिती

| | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|
| जम्मा जनसंख्या | ३०० | ३४२ | ६४२ | |
| साक्षर | १३८ | १३३ | २७१ | |
| प्रतिशतमा | ४६ | ३८.८८ | ४२.२१ | |
| निरक्षर | १६२ | २०९ | ३७१ | |
| प्रतिशतमा | ४३.६६ | ५६.३३ | ५७.७८ | |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

चित्र ७




अध्ययन क्षेत्रमा ६ वर्ष माथिका जम्मा ६४२ जना मध्ये कुल साक्षर जनसंख्या २७१(४२.२१%) रहेको पाइयो भने ,३७१ (५७.७८% ) निरक्षर रहेको पाइयो । कुल २७१ जना साक्षर जनसंख्यामा १३८ जना पुरुष र १३३ जना महिला रहेको पाइयो । त्यस्तै निरक्षर कुल ३७१ जनामा १६२ पुरुष र २०९ महिला निरक्षर रहेका पाइयो ।

## ४.१.११ .१६ वर्ष भन्दा मुनिका ल्होमीहरुको साक्षरता स्थिती

अध्ययन क्षेत्रका १६ वर्ष भन्दा मुनि र ६ वर्ष भन्दा माथिको ल्होमीहरुको साक्षरता स्थिती पत्तालगाउनको लागि गरिएको अध्ययनवाट निम्न नतिजा प्राप्त भयो :


तालिका १७

१६ वर्ष भन्दा मुनिका ल्होमीहरुको साक्षरता स्थिती

| | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|
| जम्मा जनसंख्या | १३४ | १२१ | २५५ | |
| साक्षर | ५३ | ६२ | ११५ | |
| निरक्षर | ८१ | ५९ | १४० | |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

चित्र ८




अध्ययन क्षेत्रको ६ वर्ष भन्दा माथि र १६ वर्ष भन्दा मुनिको जनसख्या जम्मा १५५ जना मध्ये साक्षर जनसंख्या ५३ महिला र ६२ पुरुष गरि ११५ जना साथै निरक्षर ८१ जना महिला र ५९ जना पुरुष गरि जम्मा १४० जना निरक्षर रहेको पाइयो ।

### ४.१.१२ १६ वर्ष भन्दा माथिका ल्होमीहरुको साक्षरता स्थिती

अध्ययन क्षेत्रका १६ वर्ष भन्दा माथिका ल्होमी पुरुष तथा महिला हरुको साक्षरता स्थिती पत्तालगाउनको लागि गरिएको अध्ययनवाट निम्न नतिजा प्राप्त भयो :


तालिका १८

१६ वर्ष भन्दा माथिका ल्होमीहरुको साक्षरता स्थिती

| | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|
| जम्मा जनसंख्या | १७९ | २०८ | ३८७ | |
| साक्षर | ६७ | ५६ | १२३ | |
| निरक्षर | ११२ | १५२ | २६४ | |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

चित्र ९




अध्ययन क्षेत्रमा १६ वर्ष भन्दा मथिको कुल जनसंख्या ३८७ जना मध्ये ६७ पुरुष र ५६ महिला साक्षर पाइयो । १६ वर्ष भन्दा मथिको साक्षर जनसंख्या १२३( ३१.७८%) रहेको पाइयो । त्यस्तै निरक्षरहरुमा ११२ पुरुष र १५२ महिला गरि कुल २६४ (६८.२१%) निरक्षर रहेको पाइयो ।

### ४.१.१३ अध्ययन क्षेत्रमा अवस्थित विद्यालय र सो विद्यालयमा ल्होमी वालवालिकाहरुको सहभागिताको स्थिती

ल्होमी जातिहरुको मुख्य बसोवास रहेका क्षेत्रहरु मध्येको एक मात्र उ.मा.वि तहको विद्यालय श्री अरुणोदय उच्च माध्यमिक विद्यालय , त्यस्तै अध्ययन क्षेत्रको चेपुवा गाँउको श्री शान्ति नि.मा. वि. चेपुवा र हुगुङ्ग गउँको वर्तमान ल्होमी विद्यार्थीहरुको संख्या निम्न अनुसार रहेको पाइयो :

#### क. श्री अरुणोदय उच्च माध्यमिक विद्यालय लिंगम चेपुवा ३, संखुवासभा

तालिका १९

अरुणोदय उच्च माध्यमिक विद्यालय लिंगमको विद्यार्थी विवरण

| कक्षा | जम्मा विद्यार्थी | छात्रा | छात्र | कैफियत |
|---|---|---|---|---|
| ६ | ५१ | २१ | ३० | |
| ७ | ५३ | २३ | ३० | |
| ८ | ४८ | २१ | २७ | |
| ९ | ५१ | २० | ३१ | |
| १० | ४२ | १६ | २६ | |
| ११ | ११ | ६ | ५ | |
| १२ | २३ | १० | १३ | |
| जम्मा | २७९ | ११७ | १६२ | |

स्रोत :विद्यालयको अभिलेख Flash II २०६९

अध्ययन क्षेत्रका विद्यालयहरु मध्ये उच्च माध्यमिक तहको कक्षा समेत सञ्चालन गरिरहेका २०४६ सालमा स्थापित यस विद्यालयमा चेपुवा गा.वि.स , हटिया गा.वि.स , किमाथांका गा.वि.स र पावाखोला गा.वि.सका सम्पुर्ण माध्यमिक तहका विद्यार्थीहरु आफ्नो गाँउमा माध्यमिक तहको विद्यालय नभएकोले यस श्री अरुणोदय उच्च माध्यमिक विद्यालयमा अध्ययन गर्न आउने गर्दछ । यस विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरु अधिकांश ल्होमी रहेका छन् भने एकदमै कम संख्यामा अन्य जनजाति तथा दलितहरु अध्ययन गर्ने गर्दछ । हाल यस विद्यालयमा कक्षा ६ देखि कक्षा १२ सम्मको कक्षा संचालनमा रहेको छ । यस विद्यालय मा १६२ जना पुरुष र ११७ जना महिला गरि जम्मा २७९ जना अध्ययनरत छन् । जसमध्ये १५० पुरुष र १०९ महिला गरि जम्मा २५९ (९२.८३

%) जना ल्होमी विद्यार्थीहरु अध्ययन गरिरहेका छन् । अध्ययन क्षेत्रका ल्होमी जातिहरुमध्ये स्नातकोत्तर शिक्षा हासिल गरेका ५ जना मध्ये २ जना पुरुष र १ जना महिला गरि ३ जनाले यसै एस. एल .सी सम्म यसै विद्यालयमा अध्ययन गरेका थिए । हाल आएर यस विद्यालयवाट एस.एल.सी उत्तिर्ण गरेका धेरै विद्यार्थीहरु विभिन्न तहमा प्राविधिक विषयहरु लिएर अध्ययन गरिरहेका छन् ,तसर्थ ल्होमी जातिको शैक्षिक विकासमा यस विद्यालयले अत्यन्तै ठुलो योगदान पुर्‍याएको देखिन्छ ।

## ख. श्री शान्ति नि.मा.वि.चेपुवा–२, संखुवासभा

तालिका २०

शान्ति नि.मा.वि.को विद्यार्थी विवरण

| कक्षा | जम्मा विद्यार्थी | छात्र | छात्रा | कैफियत |
|---|---|---|---|---|
| वा.वि. | २० | ११ | ९ | |
| १ | ६७ | २९ | ३८ | |
| २ | २१ | १० | ११ | |
| ३ | १७ | ८ | ९ | |
| ४ | १८ | ९ | ९ | |
| ५ | २३ | १० | १३ | |
| ६ | १६ | ८ | ८ | |
| जम्मा | १८२ | ८५ | ९७ | |

स्रोत :विद्यालयको अभिलेख Flash II २०६९

चेपुवा गा.वि.सको सबैभन्दा शुरुको विद्यालय श्री शान्ति नि.मा.वि हो । विगत लामो समयदेखि यस विद्यालयमा प्रा.वि. तहको पठनपाठन गरि शैक्षिक विकासमा योगदान पुर्‍याउदै आएको पाइन्छ । यस विद्यालयमा शुरुमा चेपुवा गा.वि.सका सम्पुर्ण वालवालिकाहरु अन्य गाँउमा पढ्ने विद्यालय नभएर यस विद्यालयमानै पढ्न अउथे गर्थ्यो । वर्तमान समयमा यस विद्यालयमा शैक्षिक सत्र २०६८ ⁄०६९ वाट नि.मा.वि. तहको अनुमति लिई कक्षा ६ पनि संचालन गर्दै आएको देखिन्छ । हाल चेपुवा गा.वि.सको १,२ र ३ वडाका ल्होमी वालवालिकाहरुलाई निम्नमाध्यमिक तहको शिक्षा प्रदान गरि शिक्षाको विकासमा यस विद्यालय लागिपरिरहेको छ ।यस विद्यालयमा छात्र ८५ र छात्रा ९७ गरि जम्मा १८२ जना ल्होमी विद्यार्थीहरु अध्ययनरत रहेको छ ।

ग. श्री गुावाछेसा नि.मा.वि. हटिया- २ हुगुङ्ग , संखुवासभा

तालिका २१

गुावाछेसा नि.मा.वि.को विद्यार्थी विवरण

| कक्षा | जम्मा विद्यार्थी | छात्र | छात्रा | दलित विद्यार्थी |
|---|---|---|---|---|
| बा.वि. | २३ | १३ | १० | |
| १ | ७६ | ४१ | ३५ | |
| २ | २५ | ९ | १६ | |
| ३ | २४ | ८ | १५ | १ |
| ४ | २७ | ८ | १९ | |
| ५ | १७ | ९ | ७ | १ |
| ६ | २३ | ११ | १२ | |
| ७ | १० | ५ | ५ | |
| ८ | १० | ३ | ७ | |
| जम्मा | २३५ | १०७ | १२६ | २ |

स्रोत :विद्यालयको अभिलेख Flash II २०६९

अध्ययन क्षेत्रका गाँउहरुमध्ये ल्होमी जतिहरुको सवैभन्दा ठुलो गाउँ हटिया गा.वि.स अर्न्तगत रहेको गाँउ हुगुङ्ग गाँउ हो । यसै गाँउमा रहेको विद्यालय श्री गुवाछेसा निम्नमाध्यमिक विद्यालय हो । हटिया गा.वि.सका ३ वटा निम्न माध्यमिक तहका विद्यालयहरुमध्ये यस विद्यालयमा ल्होमी जातिका वालवालिकाहरु सवैभन्दा वढि अध्ययन गर्न आउने गर्दछ किनकी यस विद्यालयका शेवा क्षेत्र अर्न्तगत हटिया गा.वि.स वडा नं. १,२ र ३ रहेको छ जहाँ २ घर दलित वाहेक सम्पुर्ण गाँउमा ल्होमी जातिको वसोवास रहेको छ ।

यस विद्यालयमा वर्तमान समयमा जम्मा २३५ जना विद्यार्थीहरु अध्ययनरत रहेको छ ।जसमा ल्होमी छात्र १०७ जना र छात्रा १२६ जना अध्ययनरत छन् । ल्होमी जातिको शिक्षाको विकासका लागि यस विद्यालयले निम्नमाध्यमिक तहसम्मका शिक्षाको अवसर प्रदान गर्दै आएको छ ।

अध्ययनका लागि छनोट गरिएका विद्यालयहरुको ल्होमी विद्यार्थी संख्यालाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ :


तालिका २२

अध्ययन क्षेत्रका विद्यालयहरुमा ल्होमी विद्यार्थीहरुको संख्या

| विद्यालयको नाम | जम्मा विद्यार्थी | पुरुष | महिला | कैफियत |
|---|---|---|---|---|
| श्री अरुणोदय उ.मा.वि. | २५९ | १५० | १०९ | २० अन्य |
| श्री शान्ति नि.मा.वि | १८२ | ८५ | ९७ | |
| श्री गुवाछेसा नि.मा.वि | २३३ | १०७ | १२६ | २ दलित |
| जम्मा | ६७४ | ३४२ | ३३२ | २२ |

स्रोत :विद्यालयको अभिलेख Flash II २०६९

चित्र १०




## ४.२ शिक्षाका कारणले जिवनस्तरमा ल्याएको परिवर्तनको अवस्था

शिक्षा जीवनपर्यान्त चलिरहने सिकाइ प्रक्रिया हो , जसले मानिसको व्यवहारमा सकारात्मक परिवर्तन गरि सार्वाङ्गीण विकासलाई सम्भव बनाउँछ र समाजमा योग्य एवं सक्षम व्याक्तिको भुमिक निर्वाह गर्न मद्धत पुर्‍याउदछ । ल्होमी जातिको जिवनस्तरमा शिक्षाको कारणले ल्याएको परिवर्तन पत्तालगाउनकोलागि प्रयोग गरिएका तथ्याङ्क संकलनका साधनहरु प्रयोग गरि प्राप्त नतिजाहरुलाई विभिन्न उपशिर्षकमा विभाजन गरि प्रस्तुत गरिएको छ :

### ४.२.१ स्वास्थ्यमा आएको परिवर्तन

शिक्षाले ल्होमी जतिको स्वास्थ्यमा ल्याएको परिवर्तन थहा पाउनको लागि सर्वेक्षण फारामा र प्रश्नावलीको प्रयोग गरि नमुना छनोट गरिएका व्यक्तिहरु वाट विगत १० वर्षको स्वस्थ्यको स्थिती र वर्तमान अवस्थामा यिनिहरुको स्वास्थ्यको स्थितीको अवस्था विभिन्न मतहरुको आधारमा प्रस्तुत गरिएको छ । यस जातिले पहिले कुनै प्रकारको विरामी भएको खण्डमा ल्होमी जातिहरु लामा वा विजुवा वोलाएर उपचार गर्ने गर्थे तर अहिले आएर धेरै ल्होमीहरुले  विभिन्न औषधिहरुको शेवन गर्ने र स्वास्थ्य कर्मीको सल्लाह लिने गरेको देखिएको पाइन्छ । यस अध्ययनमा नमुना छनोट गरिएका ल्होमी जातिहरुको स्वास्थ्यमा भएको परिवर्तन लाई निम्न तलिकामा आधारित सुचकका आधारमा थप जानकारि प्राप्त गर्न सकिन्छ :

तालिका २३

स्वास्थ्यमा आएको परिवर्तनको नतिजा

| क्र.स. | सुचक | १० वर्ष अगाडी | | ज | वर्तमान समयमा | | ज | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | पु | म | | पु | म | | |
| १ | विरामी हुदाँ लामा कहाँ जाने | १३ | १२ | २५ | ८ | ५ | १३ | |
| २ | विरामी हुदाँ स्वस्थ्य चौकी जने | ८ | ७ | १५ | १२ | १५ | २७ | |
| ३ | वालवालिकालाई  नियमित खोप दिने | ११ | ८ | १९ | ११ | १२ | ३३ | |
| ४ | वालवालिकालाई खोप नदिने | ९ | १२ | २१ | ३ | ४ | ७ | |
| ५ | झाडा पखला वाट वच्ने उपायाको जनकारी | ८ | ७ | १५ | १५ | १६ | ३१ | |
| ६. | जुका वाट वच्ने उपायको जानकारी | ६ | ८ | १४ | १३ | १५ | २८ | |
| ७. | टाइफाइड को लक्षणको जानकारी | ५ | ४ | ९ | ६ | ७ | १३ | |
| ८. | ज्वरोको उपचारको जानकारी | ३ | ५ | ८ | १२ | १५ | २७ | |
| ९. | झाडापखलाको साधारण उपचार गर्न सक्ने | ४ | ६ | १० | १३ | १४ | २७ | |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

अध्ययन क्षेत्रवाट शिक्षाको कारणले ल्होमी जातिहरुमा स्वास्थ्य सम्वन्धिको धारणामा परिवर्तन भएको पाइयो । विगतमा ल्होमीहरु औषधि र स्वास्थ्य चौकी भन्दा पनि विभिन्न लामा ,पुजारी कहाँ जानेको संख्या अधिक रहेको पाइयो तर वर्तमान समयमा स्वास्थ्य चौकी जानेको संख्या दोब्बरले वृद्धि मएको पाइयो । सर्वेक्षण वाट प्रप्त नतिजाअनुसार वालवालिकाहरुलाई वर्तमान अवस्थामा नियमित रुपमा खोप लगाउनेको संख्या वृद्धि भएको पाइयो । १० वर्ष अगाडि ४० घरपरिवार मध्ये १९ जनाले मात्र

आफ्नो वालवालिकाहरुलाई नियमित खोप दिने गरेको थियो भने वर्तमान समयमा ३३ जना परिवारले नियमित खोप दिने गरेको पाइयो । त्यस्तै झाडापखलावाट बच्ने उपाय , जुकावाट बच्ने उपाय , टाइफाइडको लक्षण ,ज्वरो र झाडापखलाको साधारण उपचार गर्ने उपायहरुको पनि जानकारी रहनेहरुको संख्या विगतको भन्दा शिक्षाको कारणले बढेको पाइयो ।

## ४.२.२ व्यक्तिगत सरसफाइमा भएको परिवर्तन

ल्होमी जातिहरुमा शिक्षाका कारणले व्यक्तिगत सरसफाइमा ल्याएको परिवर्तन पत्तालगाउनको लागि गरिएको अध्ययनवाट निम्न नतिजा प्राप्त भएको पाइयो :

तालिका २४

व्यक्तिगत सरसफाइमा भएको परिवर्तनको नतिजा

| क.स. | सुचक | विगत १० वर्ष पहिले | | | वर्तमान समयमा | | |
|---|---|---|---|---|---|---|---|
| | | म | पु | ज | म. | पु | ज |
| १ | सौचालयको प्रयोग गर्ने | ९ | ८ | १७ | ३१ | ३४ | ६५ |
| २ | खाना खानु अगाडि हात धुने | २१ | २४ | ४५ | २८ | ३६ | ६४ |
| ३ | महिनामा २ देखि ६ चोटि शरिर नुहाउने | १५ | १३ | २८ | २४ | २९ | ५३ |
| ४. | नियमित दाँत माझ्ने | १२ | १६ | २८ | १९ | २३ | ४२ |
| ५. | आवश्यक सामाग्रीहरुको दैनिक सरसफाई गर्ने | ७ | ५ | १२ | ३१ | ३३ | ६४ |

स्रोत :स्थलगत सर्वेक्षण २०७०

अध्ययन क्षेत्रको नमुना छनोट गरिएका ४० जना अभिभावक र ३० जना विद्यार्थीहरुमा गरिएको सर्वेक्षण र प्रश्नावलीको आधारमा ल्होमी जातिहरुमा शिक्षाको कारणले व्यात्तिगत सरसफाइमा परिवर्तन भएको पाइयो । सौचालय प्रयोग गर्ने संख्यालाई हेर्दा विगत १० वर्ष पहिले १७ जनाले मात्र प्रयोग गर्दै आएको देखिन्छ भने वर्तमान अवस्थामा त्यो संख्यामा वृद्धि भएर सौचालयको प्रयोग गर्नेको संख्या ६५ रहेको छ । त्यस्तै खाना खानु भन्दा अगाडि हात धुने , शरिर नुहाउने , नियमित दाँत माझ्ने , आवश्यक दैनिक प्रयोगका सामाग्रिहरुको सरसफाइ जस्ता कार्यम निकै नै राम्रो परिवर्तन आएको पाइयो ।

४.२.३ खानपानमा ल्याएको परिवर्तन

शिक्षाको कारणले ल्होमी जातिहरुको खानपानमा ल्याएको परिवर्तन पत्तालगाउनको लागि गरिएको अनुसन्धानबाट निम्न नतिजा प्राप्त भयो :


तालिका २५

खानपानमा ल्याएको परिवर्तनको नतिजा

| क.स. | सुचक | विगत दस वर्ष पहिले | वर्तमान समयमा | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | सामान्य भोजन खाने | ३२ | ७ | ६ | १३ (३२.५प्रतिशत ) |
| २ | सन्तुलित भोजन प्रयोग गर्ने | ३ | ४ | ६ | १० (२५ प्रतिशत) |
| ३ | मिश्रित भोजनको प्रयोग गर्ने | ५ | ९ | ८ | १७ (४२.५ प्रतिशत) |
| ४ | जम्मा जनसंख्या | | २० | २० | ४० (१०० प्रतिशत) |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

चित्र ११




अध्ययन क्षेत्रवाट प्राप्त नतिजा अनुसार ल्होमी जतिहरुको खानपानको अवस्थामा परिवर्तन आएको पाइयो । १० वर्ष पहिले सन्तुलित भोजन प्रयोग गर्ने ३ जना मात्र पाइयो भने हाल आएर १० जना(२५ प्रतिशत) ले सन्तुलित भोजन प्रयोग गर्दै आएको पाइयो । सामान्य मात्र भोजनको मात्र प्रयोग गर्नेहरुको संख्या भने क्रमश घट्दै आएको पाइयो ।

### ४.२.४ लवाइमा आएको परिवर्तन

शिक्षाले यस जातिको लवाइमा ल्याएको परिवर्तन पहिचानको लागि गरिएको अध्ययनवाट निम्न नतिजा प्राप्त भयो :


तालिका २६

लवाइमा ल्याएको परिवर्तनको नतिजा

| क.स | सुचक | विगत दस वर्ष पहिले | वर्तमान समयमा | | | |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | प्रतिशतमा |
| १ | परम्परागत भेषभुषा प्रयोग गर्ने | २४ | ४ | ३ | ७ | १७.५ |
| २ | आधुनिक भेषभुषा प्रयोग गर्ने | ६ | ६ | ८ | १४ | ३५ |
| ३. | मिश्रित भेषभुषा प्रयोग गर्ने | ९ | १० | ९ | १९ | ४७.५ |
| | जम्मा | | २० | २० | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

चित्र १२




अध्ययनवाट प्राप्त नतिजा अनुसार ल्होमी जातिको लवाइमा पनि परिवर्तन भएको देखिन्छ। विगतमा परम्परागत भेषभुषा प्रयोग गर्नेहरुको संख्या २४ जना रहेको पाइयो भने हाल आएर ७ जनाले मात्र परम्रागत भेषभुषाको प्रयोग गर्दै आएको पाइयो। वर्तमान समयमा आधुनिक भेषभुषा प्रयोग गर्नेहरुको संख्या ६ देखि वढेर १४ पुगेको छ। तयस्तै मिश्रित भेषभुषा प्रयोग गर्नेहरुको संख्या भने ९ वाट बढेर १९ पुगेको पाइयो।

### ४.२.५ बोलिचालिमा भएको परिवर्तन

शिक्षाको कारणले ल्होमी जातिहरुको बोलिचालिमा भएको परिवर्तन पहिचानको लागि गरिएको अध्ययनबाट निम्न नतिजा प्राप्त भयो :

तालिका २७

बोलिचालिमा भएको परिवर्तनको नतिजा

| क.स. | सुचक | विगत १० वर्ष पहिले | वर्तमान समयमा | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | ल्होमी भाषा मात्र बोल्न जान्ने | १४ | ३ | २ | ५ |
| २. | नेपाली भाषा र ल्होमी भाषा दुवै प्रष्ट सँग बोल्न जान्ने | २१ | १२ | १४ | २६ |
| ३ | नेपाली , ल्होमी र अंग्रेजी भाषा बोल्न जान्ने | ५ | ४ | ५ | ९ |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

अध्ययन वाट प्राप्त नतिजा अनुसार ल्होमी भाषा मात्र वोल्न जान्ने ५ जना रहेको पाइयो भने नेपाली भाषा र ल्होमी भाषा दुवै प्रष्टसँग वोल्न जान्नेको संख्या २६ जना रहेको पाइयो। विगतमा ल्होमी भाषा मात्र वोल्न जान्नेको संख्या १४ जना रहेको पाइयो। वर्तमान समयमा ल्होमी ,नेपाली र अंग्रेजी तीनै वटा भाषा वोल्न जान्नेहरुको संख्या ९ जना रहेको पाइयो भने विगतमा ५ जना मात्र रहेको पाइयो। यसवाट यस जातिको भाषामा परिवर्तन भएको देखिन्छ ।

### ४.२.६ रोजगारमा आएको परिवर्तन

शिक्षाको कारणले ल्होमी जातिहरुको रोजगारमा ल्याएको पहिचानको लागि अध्ययन गर्दा निम्न नतिजा प्राप्त भयो :

तालिका २८

रोजगारमा भएको परिवर्तनको नतिजा

| क.स | सुचक | विगत १० वर्ष पहिले | वर्तमान समयमा | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | कृषि | २७ | ११ | ६ | १७ |
| २ | पशुपालन | ५ | २ | १ | ३ |
| ३ | शिक्षक | ४ | ३ | ५ | ८ |
| ४ | निजामति शेवा | - | - | २ | २ |
| ५ | व्यापार | २ | ४ | ३ | ७ |
| ६ | पर्यटन | २ | - | ३ | ३ |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

अध्ययन वाट प्राप्त नतिजा अनुसार रोजगारमा पनि परिवर्तन भएको पाइयो । विगतमा कृषिपेशामा २७ जना संलग्न रहेको पाइयो भने हाल आएर १७ जनाले मात्र कृषि पेशा अवलम्बन गर्दै आएको पाइयो । पशुपालन गर्नेको संख्या विगतमा ५ जना रहेको पाइयो
भने वर्तमान समयमा ३ जनाले गर्दै आएको पाइयो । त्यस्तै हाल आएर सरकारी कर्मचारीको रुपमा पनि ल्होमीहरु देखा परेको पाइयो । जसमध्ये शिक्षण पेशामा ८ जना र निजामति पेशामा २ जना रहेको पाइयो । पर्यटनमा पनि ल्होमी जातिहरु आवद्ध रहेको पाइयो ।

## ४.२.७ आर्थिक स्तरमा ल्याएको परिवर्तन

अध्ययन क्षेत्रका ल्होमीहरुमा शिक्षाको कारणले आर्थिक स्तरमा ल्याएको परिवर्तन पहिचानको लागि गरिएको अध्ययनबाट निम्न नतिजा प्राप्त भयो :

तालिका २९

आर्थिक स्तरमा ल्याएको परिवर्तनको नतिजा

| क्र.स. | सुचक | विगत १० वर्ष पहिले | वर्तमान समयमा | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | मासिक आम्दानी २००० भन्दा कम | २३ | २ | ३ | ५ |
| २ | मासिक आम्दानी २००० देखि ५००० सम्म | ९ | ५ | ७ | १२ |
| ३ | मासिक आम्दानी ५००० देखि १०००० सम्म | ४ | ६ | ७ | १३ |
| ४ | मासिक आम्दानी १००००देखि १५००० सम्म | ४ | ५ | २ | ७ |
| ५ | मासिक आम्दानी १५००० भन्दा माथि | - | २ | १ | ३ |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

अध्ययन बाट प्राप्त नतिजालाई हेर्दा ल्होमी जातिहरुको आर्थिक स्तरमा पनि परिवर्तन भएको पाइयो । विगतमा मासिक आम्दानी २००० भन्दा कम हुनेहरुको संख्या २३ जना रहेको पाइयो भने हाल आएर सो संख्यामा घटेर ५ जना मात्र रहेको पाइयो । हाल आएर मासिक आम्दानी २००० देखि ५००० सम्म गर्नेहरुको संख्या १२ जना रहेको पाइयो । त्यस्तै विगतमा मासिक आम्दानी १५००० भन्दा माथि रहेको पाइएन भने हाल आएर ३ जनाको मासिक आम्दानी सो भन्दा माथि रहेको पाइयो ।

## ४.३ ल्होमी जातिहरु शिक्षामा पछाडि पर्नुका कारणहरु

अध्ययन क्षेत्रका ल्होमीहरु शिक्षामा पछाडि पर्नुका कारणहरु पहिचानका लागि अध्ययन क्षेत्रका नमुना छनोटमा परेका प्र.अ , शिक्षक , विद्यार्थी , अभिभावक , वि.व्य .स अध्यक्ष ,शि.अ.स. अध्यक्ष

, बुद्धिजिवि वर्ग ,उच्च शिक्षा हासिल गरिसकेका महिला पुरुष र स्रोत व्यक्तिहरु सँग तथ्याङ्क संकलनका साधनहरुको प्रयोग गरि अध्ययन गर्दा निम्न नतिजा प्राप्त भयो :

तालिका ३०

ल्होमी जातिहरु शिक्षामा पछाडि पर्नुका कारणहरु

| क्र. सं. | सुचक | प्र.अ /शिक्षक मत(९) | विद्यार्थी मत(१०) | अभिभावक मत (४०) | वि.व्य.स.अध्यक्ष/ सि.अ.स.अध्यक्ष मत(६) | बुद्धिजिवि/ उ.शि. हासिल गरेका व्याक्ति मत (४) | स्रोत व्याक्ति मत(१) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | अशिक्षा र चेतनाको अभाव | ४ | | ८ | २ | १ | | १५ |
| २ | भौगोलिक विकटता | | २ | १५ | ३ | १ | | २१ |
| ३ | गरिवी | ३ | ६ | २५ | १ | २ | १ | ३८ |
| ४ | राजनिति | १ | | | | | | १ |
| ५ | भाषिक समस्या | १ | | | | | | १ |
| ६ | राज्यको नीति | | २ | | | | | २ |

स्रोत : स्थलगत अध्ययन २०७०

अध्ययन बाट प्राप्त मत परिणामलाई हेर्दा ल्होमी जातिहरु शिक्षामा पछाडि पर्नुका प्रमुख कारणहरु अशिक्षा र चेतनाको अभाव ,भौगोलिक विकटता ,गरिवी रहेको पाइयो । यहाँका ल्होमी जातिहरु शिक्षामा पछाडि पर्नुको प्रमुख कारणको रुपमा गरिवीमा ३८ जनाले आफ्नो मत व्यक्त गरेको पाइयो । यस जातिका विद्यालय जाने वालवलिकाहरु पनि विहान वेलुका , दिउँसो विद्यालय जान नपाई अरुको काम , खेतीमा , दाउरामा जानुपर्ने बाध्यता रहेको पाइयो । त्यस्तै भौगलिक विकटतामा अध्ययन गर्ने संस्था घर देखि टाढा रहेको कारणले धेरै हिडेर जानुपर्ने र बाटो एकदमै अप्ठ्यारो रहेको कारणले विद्यालय जान नसक्नेमा २१ जनाले आफ्नो धारण राखेको पाइयो । त्यस्तै अभिभावकहरुमा विद्यालय पठाउनुपर्छ भन्ने चेतनाको कमीका कारणले पनि अध्ययन क्षेत्रका ल्होमीहरु शिक्षामा पछाडि परेको हो भन्ने मत १५ जनाले व्यक्त गरेको पाइयो ।

## ४.४ ल्होमी जातिहरुलाई शैक्षिक मुलधारमा ल्याउन अपनाउनु पर्ने उपायहरु

ल्होमी जातिहरुलाई शैक्षिक मुलधारमा ल्याउनको लागि विभिन्न निकाय ,समुदाय र व्यक्तिको भुमिका रहेको हुन्छ , तसर्थ अध्ययन क्षेत्रबाट ल्होमी जातिलाई शिक्षाको मुलधारमा ल्याउनको लागि सम्वन्धित निकाय हरुले खेल्नुपर्ने भुमिका र उपायहरुको वारेमा विभिन्न उपशिर्षकमा विभाजन गरि अध्ययन क्षेत्रवाट मत सर्वेक्षण गरियो । उक्त सर्वेक्षणबाट प्राप्त नतिजाहरुलाई निम्न अनसुर तालिकाम प्रस्तुत गरिएको छ :

### ४.४.१ राज्यले अपनाउनुपर्ने उपायहरु

ल्होमी जातिहरुलाई शैक्षिक मुलधारमा ल्याउनको लागि राज्यको तर्फबाट के कस्ता उपायहरु अवलम्बन गर्नु  पर्छ भन्ने विषयमा गरिएको मत सर्वेक्षणमा प्राप्त नतिजालाई निम्न अनुसार उल्लेख गरिएको छ :

तालिका ३१

राज्यले अपनाउनुपर्ने उपायहरु

| क्र. सं. | विवरण | प्र.अ र शिक्षक | विद्यार्थी | अभिभावक | वि.व्य.स /सि.अ.स. | बुद्धिजिवि/उ.शि.हासिल गरेका व्यक्ति | स्रोत व्यक्ति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | दिवा खाजाको व्यवस्था गर्नु | | ४ | ४ | | | | ८ |
| २ | जनचेतनामुलक कार्यक्रम गर्नु | ३ | २ | ३ | १ | | | ९ |
| ३ | छात्रवृत्तिको व्यवस्था गर्नु | २ | १८ | २३ | १ | | | ४४ |
| ४ | निः शुल्क तथा अनिवार्य शिक्षा लागु गर्नु | ३ | | ३ | ३ | २ | १ | १२ |
| ५ | रोजगारी प्रबर्द्धन | | १ | | | | | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | गरिनु | | | | | | | |
| ६ | पँहुच पुग्ने स्थानमा विद्यालयको स्थपाना | १ | ५ | ७ | १ | १ | | १५ |
| ७ | भौतिक,शैक्षिक सामाग्रीको व्यवस्था गर्नु , | | | | | १ | | १ |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

अध्ययनवाट प्राप्त नतिजालाई हेर्दा ल्होमी जातिहरुलाई शैक्षिक मुलधारमा ल्याउनको लागि सम्पुर्ण ल्होमी विद्यार्थीहरुलाई उचित छात्रवृतिको व्यावस्था गर्नुपर्नेमा ४४ जनाको धारणा रहेको पाइयो , त्यस्तै पहुँच पुग्ने स्थानहरुमा राज्यले विद्यालयको स्थापना गर्नुपर्छ भन्ने धारण १५ जनाले र १२ जनाले नि :शुल्क र अनिवार्य शिक्षा लागु गर्न सकेको खण्डमा ल्होमी जातिहरुलाई शैक्षिक मुलधारमा ल्याउन सकिने धारणा राखेको पाइयो । त्यस्तै अन्य उपायहरुमा दिवा खाजाको व्यवस्था गर्नु पर्ने , जनचेतना मुलक कार्यक्रमको संचालन गर्नु पर्ने, पढेका हरुलाई रोजगारिको व्यावस्था गर्नु पर्ने , पर्याप्त भौतिक तथा शैक्षिक सामाग्री व्यवस्था राज्यको तर्फबाट गर्नु पर्ने धारणा राखेको पाइयो ।

### ४.४.२ विद्यालयले अपनाउनुपर्ने उपायहरु

अध्ययन क्षेत्रका नमुना छानैटमा परेका व्यक्तिहरुबाट ल्होमी जातिलाई शिक्षाको मुलधारमा ल्याउनको विद्यालयले अपनाउनुपर्ने उपायहरुको सम्वन्धमा अध्ययन गर्दा निम्न नतिजा प्राप्त भयो :

तालिका ३१

विद्यालयले अपनाउनुपर्ने उपायहरु

| क्र. सं. | विवरण | प्र.अ र शिक्षक | विद्यार्थी | अभिभावक | वि.व्य.स /सि.अ.स | बुद्धिजिवि/उ .शि.हासिल गरेका व्यक्ति | स्रोत व्याक्ति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयको सम्पुर्णपक्ष वालमैत्री वनाउनु | १ | १ | ११ | ३ | २ | | १८ |
| २ | समुदाय र विद्यालयको सम्बन्ध सुदृढ गर्नु | ४ | ६ | ५ | २ | | | १७ |
| ३ | जनचेतना मुलक कार्यक्रम संचालन गर्नु | २ | १२ | ६ | | | १ | २१ |
| ४ | आधुनिक शैक्षिक सामाग्रीको प्रयोग | | | १४ | | | | १४ |
| ५ | विद्यालयमा विभिन्न अतिरिक्त कार्यक्रमहरु संचालन | २ | ८ | | | १ | | ११ |
| ६ | शिक्षकहरुलाई पेशागत तालिमको व्यवस्था | १ | | ३ | १ | १ | | ६ |
| ७ | शिक्षकहरुको नियमित उपस्थिती | | २ | | | | | २ |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

अध्ययन क्षेत्रबाट प्राप्त नतिजा अनुसार ल्होमी जातिहरुलाई शिक्षाको मुलधारमा ल्याउनको लागि ल्होमी जाति वसोवास गर्ने गाउँहरुमा शिक्षा सम्वन्धि विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्नु पर्छ भन्नेमा २१ जनाले आफ्नो धारणा राखेका पाइयो । त्यस्तै विद्यालयका सम्पुर्ण पक्षहरु वालमैत्री हुनुपर्नेमा १८ जनाले आफ्नो धारणा राखेको पाइयो । समुदाय र विद्यालयको सम्वन्ध सुदृढ

पार्नु पर्ने मत १७ जनाले व्यक्त गरेको पाइयो ,त्यस्तै विद्यालयमा विभिन्न अत्तिरित्त क्रियाकलापहरु संचालन  गर्नु पर्ने ,शिक्षकहरुलाई पेशागत तालिमको व्यावस्था गर्नु पर्ने  र शिक्षकहरु नियमित रुपमा उपस्थित भएको खण्डमा पनि यस जातिको शैक्षिक स्तर माथि उठ्ने मत व्यक्त गरेको पाइयो ।

### ४.८.३ अभिभावक वाट अपनाउनुपर्ने उपायहरु

ल्होमी जातिलाई शैक्षिक मुलधारमा ल्याउन अभिभावकहरुले  अपनाउनु पर्ने उपायहरु पहिचानको लागि गरिएको  अध्ययनवाट निम्न नतिजा प्राप्त भयो :

तालिका ३२

अभिभावहरुले अपनाउनुपर्ने उपायहरु

| क्र.स | विवरण | प्र.अ/शिक्षक | विद्यार्थी | वि.व्य.स /शि.अ.स. | बुद्धिजिवि/उ.शि.हा.गरिसकेका व्यक्ति | स्रोत व्यक्ति | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | छोराछोरिहरुलाई विद्यालयमा भर्ना गर्नु पर्ने | २ | ३ | १ | १ | | ७ |
| २ | नियमित रुपमा विद्यालय पठाउनु पर्ने | ५ | १६ | ३ | २ | | २६ |
| ३ | आवश्यक शैक्षिक सामाग्रीको उचित व्यवस्था गरिदिने | १ | ५ | २ | | | ८ |
| ४ | घरमा छोराछोरीहरुलाई अध्ययनको समय मिलाइदिनु पर्ने | १ | ६ | | १ | १ | ९ |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

अध्ययन वाट प्राप्त नतिजालाई हेर्दा ल्होमी जातिलाई शिक्षाको मुलधारमा ल्याउनको लागि अभिभावकहरुले आफ्ना छोराछोरिहरुलाई नियमित रुपमा विद्यालय पठाउनु पर्ने धारणा सवैभन्दा वढि राखेको पाइयो । त्यस्तै घरमा आफ्ना छोराछोरिहरुलाई पढ्नको लागि उचित वातावरण मिलाएको खण्डमा पनि शैक्षिक मुलधारमा आउनका लागि टेवा पुग्ने धारणा ९ जनाले राखेको पाइयो भने आफ्ना छोराछोरीहरुलाई भेदभाव नगरिकन विद्यालयमा भर्ना गर्ने र आवश्यक शैक्षिक सामाग्रिहरु पनि खरिद गरिदिएमा ल्होमी वालवलिका तथा विद्यार्थीहरुलाई शैक्षिक मुलधारमा ल्याउन सकिने  धारणा राखेको पाइयो ।

## ४.४.४ गैर सरकारी तथा अन्य दातृसंस्थाहरुले अपनाउनुपर्ने उपायहरु

ल्होमी जातिलाई शैक्षिक मुलधारमा ल्याउनको लागि गैर सरकारी तथा अन्य दातृसंस्थाहरुले अपनाउनु पर्ने उपायहरुको जानकारी प्राप्त गर्नको लागि गरिएको अध्ययनबाट निम्न नतिजा प्राप्त भयो :

तालिका ३३

गैर सरकारी तथा अन्य दातृसंस्थाहरुले अपनाउनुपर्ने उपायहरु

| क्र.स | विवरण | प्र.अ र शिक्षकको | विद्यार्थी | वि.व्य.स मत र शि.अ.स. | बुद्धिजिवि र उ.शि.हा व्यक्ति | स्रोत व्याक्ति | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | सचेतना वृद्धि कार्यक्रम संचालन | १ | | | १ | | २ |
| २ | नि :शुल्क शैक्षिक सामाग्री वितरण | | १६ | २ | २ | | २० |
| ३ | भौतिक ,शैक्षिक र प्रशाशनिक पक्षमा सहयोग | ३ | | | | | ३ |
| ४ | छात्रवृत्तिको व्यवस्था | ४ | १४ | ४ | १ | १ | २४ |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

अध्ययन वाट प्राप्त नतिजालाई हेर्दा ल्होमी जाति माथि कार्यगर्ने विभिन्न गैर सरकारी संघ संस्थाहरु र अन्य दातृ निकायहरुले ल्होमी जातिको शैक्षिक उत्थानको लागि २४ जनाले छात्रवृत्तिको व्यवस्था गर्नुपर्छ भन्ने धारणा राखेका पाइयो । त्यस्तै २० जनाको मत नि : शुल्क रुपमा आवश्यक शैक्षिक सामाग्रीहरु वितरण गरेका खण्डमा पनि यस जातिको शैक्षिक स्तर उकास्न सकिन्छ भन्ने धारणा रहेका पाइयो । त्यस्तै शिक्षा सम्वन्धि सचेतना कार्यक्रम संचालन र शैक्षिक ,भौतिक एवं प्रशासनिक पक्षमा विभिन्न माध्यम द्धारा सहयोग गर्नसकेमा पनि ल्होमी जातिलाई शैक्षिक मुलधारमा ल्याउन सकिने धारणा व्यक्त गरेको पाइयो ।

### ४.४.५ समग्रमा ल्होमी जातिहरुलाई शिक्षाको मुलधारमा ल्याउने उपायहरु

ल्होमी जातिलाई शैक्षिक मुलधारमा ल्याउनको लागि अपनाउनु पर्ने उपायहरुको अध्ययन बाट समग्रमा निम्नअनुसारका उपायहरु उल्लेख गर्न सकिन्छ :

क. अभिभावकहरुलाई शिक्षाको महत्व र आवश्यकताको विषयमा विभिन्न सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ,

ख. ल्होमी जातिहरुको शिक्षाकालागि उचित छात्रवृतिको व्यवस्था हुनुपर्ने ,

ग. विद्यालयलाई वालमैत्री वनाई नि : शुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था गर्ने ,

घ. ल्होमी जातिहरु भौगोलिक रुपमा अत्यन्तै विकट स्थानमा वसोवास गर्ने भएकोले पहुँच पुग्ने स्थानमा विद्यालयहरुका स्थापना गर्नुपर्ने ,

ङ. निशुल्क पाठ्यपुस्तक , पोशाक, दिवा खाजाका एवं शैक्षिक सामाग्रिको व्यवस्था हुनुपर्ने ,

च . शिक्षा हासिल गरिसकेका व्यक्तिहरुलाई स्तर र क्षमता अनुसार रोजगारीमा रोजगार प्रवर्धन गरिनुपर्ने एवं व्यवसायमुलक शिक्षा प्रदान गरिनुपर्ने ,

छ . अभिभावकहरुलाई साक्षरता शिक्षा प्रदान गरिनुपर्ने ,

ज. ल्होमीहरुको पेशालाई प्रवर्धन गरी आर्थिक लगानी वृद्धि गर्नु पर्ने ,

ठ. सामुदायिक विद्यालयको शिक्षा नीतिमा सुधार ल्याउनुपर्ने ,

ड. विद्यालयहरुमा पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था गरि सुविधा सम्पन्न वनाउनु पर्ने ,

ढ. .राज्यले शिक्षामा लागानि वृद्धि गरि छात्रवृत्ति प्रणालीलाई प्रभावकारी वनाउनु पर्ने देखिन्छ ।

# परिच्छेद पाँच :

# निर्ष्कष र सुझाव

## ५.१ निष्कर्ष

“ल्होमीहरुको वर्तमान शैक्षिक अवस्था” शिर्षकमा गरिएको यो अध्ययन संखुवासभा जिल्लाको चेपुवा गा.वि.सको वडा नं. २ स्थित चेपुवा गाँउ र वडा नं.३ स्थित गुम्बा गाउँ साथै हटिया गा.वि.सको वडा नं. २ र ३ हुगुङ्ग गाँउमा वसोवास गर्ने कुल २०० घरधुरीको ३७३ जना पुरुष र ४२१ जना महिला गरि ७९४ जना ल्होमी जनसंख्या भित्र सिमित रहेको छ। यस अध्ययनको मुख्य उद्देश्य ल्होमीहरुको वर्तमान शैक्षिक अवस्था पत्ता लगाउनु , शिक्षाको कारणले जिवनस्तरमा ल्याएको परिवर्तन पत्ता लगाउनु , शिक्षामा पछाडी पर्नुका कारणहरु पत्ता लगाउनु , शैक्षिक क्षेत्रमा ल्होमीहरुको पहुँच वढाउनको लागि अवलम्वन गर्नु पर्ने उपायहरु पत्ता लगाउनु रहेको छ। यस अध्ययन बाट प्राप्त भएका तथ्याङ्क तथा सुचनाहरुलाई शैद्धान्तिक चिन्तनको हिसावले गरिएको व्याख्या विश्लेषण अनुसार अनुसन्धानकर्ता निम्न निष्कर्षमा पुगेको छ। जुन यसप्रकार रहेको छ :

१. अध्ययन क्षेत्रको साक्षरता स्थिती ४२.२१ पतिशत मात्र रहेको पाइयो जुन नेपाल र अध्ययन क्षेत्रको जिल्लाको तुलनामा अत्यन्तै न्युन रहेकोले यस जातिको साक्षरता प्रतिशत बढाउनको लागि सम्वन्धित निकायले ठोस कदम चाल्नुपर्ने देखियो।
२. अध्ययन क्षेत्रका पुरुष भन्दा महिलाहरुको साक्षरता प्रतिशत कम रहकोले गर्दा महिलाहरुलाई शिक्षा प्रदान गर्न सम्वन्धित निकाय तथा अन्य संघसस्थाहरुले महिलाहरुको शिक्षाका लागि कदम चाल्नुपर्ने देखिन्छ।
३. अध्ययन क्षेत्रका विद्यालय उमेरका अझै धेरै वालवालिकाहरु विद्यालय वाहिर रहेकाले विद्यालयमा ल्याउनको लागि सम्वन्धित निकायहरुले विषेश पहल गर्नुपर्ने देखिन्छ।
४. १६ वर्ष भन्दा मुनिका ल्होमीहरुको साक्षरता प्रतिशत ४५ प्रतिशत रहेको पाइयो भने १६ वर्ष भन्दा माथिको साक्षरता प्रतिशत ३१.७८ प्रतिशत रहेको पाइयो यसवाट ल्होमीहरुको शिक्षा प्रति झुकाव वढ्दै आएको देखिन्छ।

५. अध्ययन क्षेत्रमा ल्होमीहरुको मुख्य वसोवास रहेको हटिया र चेपुवा गा.वि.स लगायत किमाथाङ्का गा.वि.स को एकमात्र उच्च माध्यमिक विद्यालय र २ वटा नि.मा.वि. तहको विद्यालय रहेको पाइयो । यी विद्यालयहरुले ल्होमी जातिको शैक्षिक स्तर उकास्न र शैक्षिक मुलधारमा ल्याउनको लागि योगदान पुर्‍याउँदै आएको पाइन्छ ।

६. अध्ययन क्षेत्रमा विभिन्न साक्षरतका कार्यक्रमहरु संचालन गरि निरक्षरता उन्मुलन गर्नुपर्ने देखिन्छ ।

७. अध्ययन क्षेत्रमा संचालनमा रहेको साक्षरता कार्यक्रममा पुरुषहरुको तुलनामा महिलाहरुको सहभागिता वढी रहेको पाइयो तर उत्साहजनक रुपमा सहभागि भने भएको पाइएन ।

८. अध्ययन क्षेत्रमा एस.एल.सी उतिर्ण गरेका ल्होमीहरु ३२ जना ,प्रमाण पत्र तह २७ जना ,स्नातक तह ८ जना र स्नातकोत्तर तह उर्तिण गरेकाहरु ५ जना रहेको देखिन्छ ।

९. अध्ययन क्षेत्रमा शिक्षाका कारणले ल्होमी जातिहरुको जिवनस्तरमा व्यापक रुपमा परिवर्तन ल्याएको देखिन्छ ।

१०. वर्तमान समयमा ल्होमीहरु सरकारी शेवामा पनि प्रवेश गरेका देखिन्छ ।

११. अशिक्षा , भौगोलिक विकटता ,गरिवी ,भाषिक समस्या र राज्यको नितिको कारणले ल्होमीहरु शिक्षामा पछाडि परेको देखिन्छ ।

१२. ल्होमी जातिहरुलाई अभिभावकहरुलाई शिक्षाको महत्व र आवश्यकताको विषयमा विभिन्न सचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ ।

१३. गरिवी र अशिक्षाका कारणले ल्होमीहरु पछाडि परेको देखिएकोले निशुल्क पाठ्यपुस्तक , पोशाक, दिवा खाजाका एवं शैक्षिक सामाग्रिको उचित व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१४. शिक्षा हासिल गरिसकेका व्याक्तिहरुलाई स्तर र क्षमता अनुसार रोजगारीमा रोजगार प्रवर्धन गरिनुपर्ने एवं व्यवसायमुलक बनाउनुपर्ने देखिन्छ ।

१५. विद्यालयहरुमा पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था गरि सुविधा सम्पन्न वनाउनु पर्ने देखिन्छ ।

१६. .राज्यले शिक्षामा लागानी वृद्धि गरिनुपर्ने छात्रवृत्ति प्रणालीलाई प्रभावकारी वनाइनु पर्ने देखिन्छ ।

१७. अध्ययनक्षेत्रका ल्होमीहरुको साक्षरता स्थिती अत्यन्तै कम रहेकोले अनिवार्य एवं नि :

शुल्क शिक्षाको आवश्यकता देखिन्छ ।

## ५.२ सुझावहरु

अध्ययनवाट प्राप्त नतिजा र निष्कर्षको आधारमा सिमान्तकृत ल्होमी जातिहरु शिक्षामा पछाडि पर्नुका कारणहरु पहिचान गरि शैक्षिक मुलधारमा ल्याउनको लागि ठोस कदमका साथ कार्यन्वयन गर्न सम्वन्धित तहहरुलाई निम्नानुसारका सुझावहरु प्रस्तुत गरिएको छ :

### क. नीतिगत तहका लागि

१ . राज्यले सिमान्तकृत ल्होमी जातिहरुलाई प्राथमिक तह देखि उच्च शिक्षा सम्म छात्रवृत्तिको नितिगत व्यवस्था गर्नु पर्छ ,

२. अनिवार्य र निशुल्क शिक्षाको नितिगत व्यवस्था गर्नु पर्छ ,

३. उच्च शिक्षा तथा प्राविधिक शिक्षामा सिमान्तकृत समुदायका लागि विभिन्न कोटाहरुको व्यवस्था गर्नु पर्छ ,

४. शिक्षा हासिल गरिसकेका व्याक्तिहरुलाई स्तर र क्षमता अनुसार नितिगत माध्यमबाट नै रोजगारीमा रोजगार प्रवर्धन गरिनुपर्ने एवं व्यवसायमुलक बनाउनु पर्छ ,

५. राज्यले सिमान्तकृत समुदायको शिक्षा सम्वन्धि हक र अधिकारको ल्होमी जातिहरु माझ व्यापक रुपमा प्रचार प्रसार गर्नु पर्छ ,

६. निशुल्क पाठ्यपुस्तक , पोशाक, दिवा खाजाका एवं शैक्षिक सामाग्रिको नितिगत रुपबाट नै उचित व्यवस्था गर्नु पर्छ ,

७. विद्यालयहरुमा न्युनतम शिक्षक दरवन्दि व्यवस्था गर्नु पर्छ ,

८. विद्यालयलाई हरेक पक्षबाट सम्पन्न वनाई सरकारबाट अनुदान प्रदान गर्नु पर्छ ,

९. प्र.अ,शिक्षक तथा विद्यालयका सम्वन्धित पक्षहरुलाई शेवाकालिन तथ पुनताजगी तालिमको व्यावस्था गर्नु पर्छ ,

१०. भौगोलिक विकटताको कारणले ल्होमीहरु शिक्षामा पछाडिपरेको कारणले पहुँच पुग्ने स्थानमा विद्यालयको स्थापना गर्नु पर्छ ।

### ख. कार्यान्वयन तहका लागि

१. विद्यालयहरुको सम्वन्धित निकाय द्धारा नियमित तथा अनिवार्य अनुगमन तथा सुपरिवक्षणको व्यवस्था गरिनु पर्छ ,

२. तहगत रुपमा स्रोतकेन्द्र अर्न्तगर्त रहेका अध्ययन क्षेत्रका विद्यालयहरुको मुल्याङ्कन गरि सिकाइउपलब्धिको आधारमा विद्यालय र शिक्षकलाई पुरुस्कारको व्यवस्था गरिनु पर्छ ,

३. ल्होमी जतिहरुलाई विभिन्नप्रकारका अवसरहरु प्रदान गरि उनिहरुको ज्ञान , सिप र क्षमताको प्रर्दशन गर्न लगाउनु पर्छ ,

४. शिक्षामा ल्होमीहरुको पहुँच बढाउन समतामुलक शिक्षा प्रदान गर्नु पर्छ ,

५. विद्यालयको सम्पुर्ण पक्षहरु वालमैत्री बनाई पठनपाठन गरिनु पर्छ,

६. निरक्षर ल्होमी तथा पुरुषहरुलाई साक्षरता शिक्षा प्राप्त गर्नमा लागि विभिन्न अर्न्तक्रिया ,गोष्ठी तथा छलफलहरुको आयोजना गरि उत्साहित वनाउनु पर्दछ ,

७. गाँउ गाँउमा विभिन्न शिक्षा सम्वन्धि सचेतनामुलक कार्यक्रमको आयोजना गर्नु पर्छ ,

८. निरन्तर विद्यार्थी मुल्याङ्कन प्रणाली अपनाई मुल्याङ्कन गरिनु गर्नु पर्छ ,

९. प्र.अ. , शिक्षक ,वि.व्य. स तथा विद्यालयसँग सम्वन्धित व्यत्तिहरुलाई उचित तालिमको व्यवस्था गरिनु पर्छ ,

१०. विद्यालय र समुदायको सम्वन्ध सुमधुर वनाउनु पर्छ ,

११. वि.व्य. स तथा शिक्षक र प्र.अ.हरुको बैठकबसी आफ्नो विद्यालय वाहिर रहेका विद्यालय जाने उमेर समुहका वालवलिकाहरुलाई विद्यालयमा ल्याउने रणनिति निमार्ण गरिनु पर्छ ,

१२. विद्यार्थीहरुलाई विद्यालमा टिकाइराख्नको लागि विभिन्न अतिरिक्त कार्यक्रमहरु संचालन गरिनु पर्छ ,

१३. विद्यालयको पहुँच नभएका स्थानहरुमा सम्वन्धित निकायहरुसँग समन्वय गरि घुम्ति विद्यालय संचालन गरिनु पर्छ ।

## ग. अनुसन्धान तहका लागि

१. ल्होमी जातिले भोग्नु परिरहेका समाजिक एवं आर्थिक समस्याहरुको गहिरो अध्ययन गर्नु पर्छ ,

२. ल्होमी जातिको शैक्षिक स्तर वृद्धिको लागि अपनाउनु पर्ने उपायहरुको जानकारी

बढाउनको लागि अध्ययन गर्नु पर्छ ,

३. अनिवार्य र निःशुल्क शिक्षाको आवश्यकताको अध्ययन गर्नु पर्छ ,

४. प्राथमिक तहसम्म मातृभाषाको पाठ्यक्रम निर्माण गरि कार्यन्वयन गर्नको लागि गहिरो अध्ययन गर्नु पर्छ ,

५. विद्यालयहरुको नियमित तथा अनिवार्य अनुगमन र सुपरिवेक्षणको व्यवस्था सम्वन्धि अध्ययन गर्नु पर्छ ,

६. विद्यालयमा न्युनतम शिक्षक दरवन्दीको व्यवस्थाको गर्नु पर्छ ,

७. विद्यायलयको पहुँच बाहिर रहेका गाँउहरुमा विद्यालयको स्थापना सम्वन्धि पहल गर्नु पर्छ ,

८. साक्षरता कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग गर्नु पर्छ ,

९. विद्यालय र समुदायको सम्वन्धको अध्ययन गर्नु पर्छ ,

१०. ल्होमीहरुको संस्कार र संस्कृतिलाई जोगाउदै वैज्ञानिक ढंगबाट उपयोग गर्नको लागि पहल गर्नु पर्छ ,

११. ल्होमी बालबालिकाहरुलाई विद्यालय भर्ना गराउन सकिने विभिन्न उपायहरुको अनुसन्धान गर्नु पर्छ ,

१२ .ल्होमी समुदायमा विद्यालय उमेर नपुगेका बालबालिकाहरुका लागि बालविकास केन्द्र तथा शिशु स्याहार केन्द्र स्थापना सम्वन्धि सहयोग गर्नु पर्छ ,

१३ .ल्होमीहरुलाई रोजगार मुलक तथा सिपमुलक शिक्षा सम्वन्धि अध्ययन अनुसन्धान गर्नु पर्छ ,

१४. ल्होमी जातिहरुको शैक्षिक स्तर वृद्धिको लागि राज्यले प्रदान गर्दै आइरहेको सेवा तथा सुविधाको प्रभावकारितको वियषमा अध्ययन गरिनु पर्छ ।

# सन्दर्भ सामग्री


१. अधिकारी, विष्णु प्रसाद (२०६५), **प्राथमिक शिक्षक दिग्दर्शन ,** काठमाण्डौः आशिष पुस्तक भण्डार, भोटाहिटी ।

२. अरुणोदय उच्च माध्यमिक विद्यालय (२०६९) **विद्यालय प्रतिवेदन** , संखुवासभा : चेपुवा , लिङ्गम ।

३. कार्की, उपेन्द्र कुमार (२०५४), **सिकाइ सिद्धान्त र मूल्याङ्कन,** काठमाण्डौं : भृकुटी पुस्तक तथा मसलन्द भण्डार, भोटाहिटी ।

४. कार्की, कल्पना (२०६६), **मुसहर जातिका बालबालिकाहरुको शैक्षिक अवस्था,** त्रि.वि.शिक्षा शास्त्र सङ्काय, सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुर , चितवन , अप्रकाशित शोधपत्र ।

५. काफ्ले, प्रा.डा.वासुदेव र चन्द्रवहादुर श्रेष्ठ (२०६४) , **शैक्षिक प्रशासन र सुपरिवेक्षण ,** काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

६. कोइराला, विद्यानाथ र चन्द्र वहादुर श्रेष्ठ (२०५९), **शैक्षिकव्यवस्थापन र संगठनात्मक व्यवहार,** काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

७. खनाल, पेशल (२०६६), **शैक्षिक अनुशन्धान पद्धति**, काठमाण्डौः सनलाइट पब्लिकेशन किर्तिपूर ।

८. गौतम , सूर्य प्रसाद र यादवचन्द निरौला (२०६१), **माध्यमिक शिक्षक प्रतियोगीता दिग्दर्शन,** काठमाण्डौं : मकालु वुक्स एण्ड स्टेशनर्स, पुतलीसडक ।

९. जवरा, प्रकाश र साथिहरु (२०६५), **शिक्षामा मापन तथा मुल्याङ्कन,** काठमाडौंः विद्यार्थी, पुस्तक भण्डार, भोटाहिटी ।

१०.ढकाल , माधवप्रसाद र मातृका प्रसाद कोइराला (२०६८), **शोध यात्रा**, काठमाण्डौं : सारा प्रकाशन ।

११. तिमल्सिना, वि.के. र टि.आर.भट्ट (२०६४), **शैक्षिक अनुसन्धान पद्धति**, काठमाण्डौं : ज्ञानकुञ्ज प्रकाशन किर्तिपुर, काठमाण्डौँ ।

१२. नेपाल सरकार, शिक्षामन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्र (२०६६), **शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका ,** भक्तपुर : सानोठिमी ।

१३. नेपाल सरकार, शिक्षामन्त्रालय, पाठ्यक्रम विकास केन्द्र (**२०६८) शिक्षा जगतको अर्ध बार्षिक पत्रिका**, भक्तपुर : सानोठिमी ।

१४. नेपाल सरकार (२०६९), **शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली** (संशोधन सहित) २०५९, काठमाण्डौं : कानुन किताव व्यवस्था समिति ।

१५. नेपाल सरकार, शिक्षामन्त्रालय (२०६६/०७२), **विद्यालय क्षेत्र सुधार योजना**, काठमाण्डौं : केशरमहल ।

१६. नेपाल सरकार, शिक्षामन्त्रालय,**पाठ्यक्रम विकास केन्द्र (२०६६), पाठ्यक्रम तथा पा.पु. प्रवोधिकरण सामग्री**, भक्तपुर : सानोठिमी ।

१७. नेपाल सरकार, शिक्षामन्त्रालय, पाठ्यक्रमविकास केन्द्र (२०६७), **विद्यार्थी मूल्याङ्कन कार्यान्वयन निर्देशिका तथा निरन्तर विद्यार्थी मूल्याङ्कन अभिमुखीकरण सामग्री**, भक्तपुर : सानोठिमी ।

१८. न्यौपाने, विनोद (२०६७), **नि.मा. शिक्षक दर्पण,** काठमाडौं : वौद्धिक दर्पण प्रकाशन ।

१९. पा.वि.के. (२०६७), **नेपालमा विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३,** भक्तपुर : पाठ्यक्रमविकास केन्द्र, सानोठिमी ।

२०. पा.वि.के. (२०३२),प्राथमिकशिक्षा पाठ्यक्रम, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानो ठिमी ।

२१.पोखेरेल ,निलमणी (२०६९), **निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको अवस्था** ,संखुवासभा : शैक्षिक योजन तथा व्यावस्थापन विभाग ,वरुण बहुमुखी क्याम्पस ,खाँदवारी ,अप्रकाशित शोधपत्र ।

२२. पौडेल, लेखनाथ (२०५५), **शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा**, काठमाण्डौंः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

२३. भट्टराई ,गोपालप्रसाद (२०६६), ल्होमी समुदायका महिलाहरुको अवस्था , मोरङ्ग : शैक्षिक योजना तथा व्यवस्थापन विभाग ,सुकुना बहुमुखी क्याम्पस ,सुकुना ,इन्द्रपुर ,अप्रकाशित शोधपत्र ।

२४. भोटे, फिन्जो (२०६१) , **भोटे जातिको छोटो परिचय** , संखुवासभा , लेखक ।

२५. भोटे, साङ्गबु (२०६७),**ल्होमी जातिको विवाह पद्धति एक अध्ययन** ,काठमाण्डौं :मानविकी तथा समाजशास्त्र सङ्काय विभाग ,त्रिभुवन विश्वविद्यालय ,किर्तीपुर ,अप्रकाशित शोधपत्र ।

२६. वराल, खगराज र सीताराम कोइराला (२०६८), **शैक्षिक विकासका वहुआयामिक चिन्तन**, काठमाडौं : सोपानमासिक ।

२७. शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६४), **पाठ्यक्रम योजना र अभ्यास,** काठमाडौं : एम.के. पब्लीशर्स एण्ड डिस्ट्रीव्युटर्स, भोटाहिटी ।

२८. शर्मा, गोपिनाथ (२०६०), **नेपालको शैक्षिक इतिहास,** काठमाण्डौंः मकालु बुक्स एण्ड स्टेसनर्स, पुतलीसडक ।

२९. शर्मा, चिरञ्जीवी (२०६०), **कक्षाकोठामा मनोविज्ञान**, काठमाण्डौं : एम. के. पब्लिसर्स एण्ड डिस्ट्रीव्युटर्स, भोटाहिटी ।

३०. शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६६), **शैक्षिक योजना,** काठमाण्डौंः एम्.के.पब्लिकेशन एण्ड डिष्ट्रीब्युटर्स, भोटाहिटी, काठमाण्डौँ ।

३१. शिक्षा तथा खेलकुद मन्त्रालय (सन् २००३), **सवैका लागि शिक्षा (२००४-२००९) मूख्य दस्तावेज**, काठमाडौं : शिक्षाविभाग ।

३२. शिक्षा मन्त्रालय, शै.ज.वि.के. (२०६७), **शिक्षाको पेशागत विकास कार्यक्रम, नमूना टिपिडी मोड्युल सामग्री,** भक्तपुर :सानोठिमी ।

३३. शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र (२०६४), **विद्यालय स्तरीय मूल्याङ्कन सहयोगी सामग्री** (नि.मा.तह) , भक्तपुर :सानोठिमी ।

३४ .**शैक्षिक सुचना (२०६९),** शिक्षा मन्त्रालय अनुगमन मुल्याङ्कन तथा निरीक्षण माहाशाखा, काठमाण्डौं : केशरमहल ।

३५. त्रिभुवन विश्वविद्यालय, सेरिड (२०६३), **सबैका लागि शिक्षा (२००४-००९)** फर्मेटिभ अनुसन्धान परियोजना, काठमाण्डौं किर्तीपुर ।

## अनुसूचि एक :

## अभिभावकहरुका लागि तयार पारिएको प्रश्नावली

नाम थर : उमेर : धर्म : लिङ्ग:

महिला /पुरुष ठेगना :- जिल्ला : गा.वि.स.: गाँउ :

शिक्षा : टोल : पेशा :

परिवार संख्या :

१. तपाइलाई तलका मध्ये कुन - कुन भाषा बोल्न आउछ ?

क. ल्होमी मात्र ख.ल्होमी र नेपाली दुवै ग. नेपाली,ल्होमी र अग्रेजी घ.अन्य

२. तपाई आफ्ना छोराछोरीहरुलाई सधै विद्यालय पठाउनुहुन्छ ?

क. सधै पठाउछु ख. कहिलेकाही पठाउछु ग. पठाउदिन घ.अन्य

३. वालवालिकाहरुलाई सधै विद्यालय किन पठाउनु हुन्न?

क. घरमा काम गर्ने अरु नभएर ख. विद्यालय टाढा भएकोले

ग. पढाइखर्च नभएकोले घ.अन्य

४. तपाइको विचारमा छोराछोरीको शिक्षाको जिम्मा कसले लिनुपर्ला ?

क. सरकारले ख. परिवारले ग. कुनै दाता घ. अन्य

५. तपाइको मासिक परिवारको आम्दानी कति हुन्छ ?

क. रु २००० भन्दा कम ख. रु २०००–रु ५००० सम्म

ग. रु ५०००–रु १५००० ङ. रु १५००० भन्दा माथि

६.वालवालिकाको शिक्षाका लागि मासिक कति खर्च गर्नुहुन्छ ?

क. रु १००० भन्दा कम ख. रु १०००–रु २००० सम्म

ग. रु२००० –रु५००० सम्म घ. रु ५००० भन्दा माथि

७.तपाई वालवालिकाहरुलाई किन विद्यालय पठाउनुहुन्छ ?

क. भविश्यमा अर्थोपार्जन गर्न ग. भविश्यमा आफुलाई वास्ता गरोस् भनेर

घ. प्रतिष्ठा र इज्यतको लागि ङ. अन्य

८. तपाईको घर /गाँउ नजिकै कुन तहको विद्यालय छ ?

क. प्रा.वि ख. नि.मा.वि ग. मा.वि घ. उ.मा.वि

९. विद्यालय पुग्न कति समय लाग्छ ?

.................................................................................................................

१०. विद्यालयको शिक्षा लिएर पछि जीविकोपार्जन हुन्छ ,जस्तो लाग्छ ?किन ?

.................................................................................................................

११. पढेको र नपढेको व्याक्ति बिच के के कुरामा फरक पाउनुहुन्छ ?

.................................................................................................................

१२.तपाइको विचारमा ल्होमी जातिहरु शिक्षामा पछाडि पर्नुका कारणहरु के के होला ?

.................................................................................................................

१३.ल्होमी जातिहरुलाई शिक्षाको मूलधारमा ल्याउन के कस्ता उपायहरु अपनाउनु पर्ला ?

.................................................................................................................

१४. अन्त्यमा तपाइको केही सल्लाह तथा सुझावहरु छ की ?

.................................................................................................................

## अनुसूची दुई :

## विद्यार्थीहरुका लागि प्रश्नावली

विद्यालयको नाम : ठेगना : कक्षा :

विद्यार्थीको नाम : रोल्नं.: उमेर :

१. तिम्रो घरमा कतिको काम गर्नु पर्छ ?

क. धेरै ख. ठिकै ग. गर्नुपर्दैन

२. आमा बुबाले सधै विद्यालय पठाउनुहुन्छ ?

क. पठाउनु हुन्छ ख. पठाउनु हुन्न ग. कहिलेकाही मात्र पठाउनुहुन्छ

३. घरमा पढ्ने ,गृहकार्य गर्ने समय कतिको पाउछौं ?

क. प्रशस्त पाउछु ख. अलि अलि पाउछु ग. पाउदिन

४. कपी कलम र आवश्यक सामाग्री कस्ले किनिदिनु हुन्छ ?

क. आमा बुवा ख. आफन्तले ग. अन्य

५. विद्यालय जाने वालवालिका र नजाने वालवालिकामा फरक छ ?

क. छ ख. छैन ग. अलि अलि फरक छ

६. तपाईको विद्यालयमा शिक्षकहरुको उपस्थिती कस्तो छ ?

क. नियमित ख. अनियमित ग. सन्तोषजनक

७. तपाईको विद्यालयमा नियमित पढाई हुन्छ ?

क. हुन्छ ख. हुदैन ग. कहिले हुन्छ कहिले हुदैन

८. तपाई आफ्नो गाँउ ठाँउलाई शिक्षाको माध्यम द्धारा कसरी विकास गर्न सक्नुहुन्छ ?

.....................................................................................................

९. शिक्षा लिने सम्वन्धमा तपाईले महसुस गरेका कठिनाईहरु के के हुन् ?

.....................................................................................................

१८. विद्यालयको प्रशासन र भौतिका सुविधा कस्तो भइदिए राम्रो हुन्थ्यो ,जस्तो लाग्छ ?

.....................................................................................................

१९. अन्त्यमा तपाइको केही सल्लाह तथा सुझावहरु छ की ?

.....................................................................................................

## अनुसूची तीन :

## व्यवस्थापन समिति र शि.अ.सको अध्यक्षहरुका लागि प्रश्नावली

नाम : वि.व्य.स /सि.अ.स पद :

१. विद्यालय प्रति अभिभावकहरुको धारणा कस्तो छ ?

क. सकारात्म ख. तटस्थ ग. नकरात्मक

२. विद्यालयको व्यवस्थापनमा विद्यार्थी तथा अभिभावकहरुको सहयोगको स्थीति कस्तो छ ?

क. अत्यन्तै उत्साहजनक ख. सन्तोषजनक ग. निराशाजनक घ अन्य

३. तपाइको विद्यालयमा शिक्षकहरुको उपस्थिती कस्तो छ ?

क. नियमित ख.अनियमित ग. सन्तोषजनक

४.तपाइको विद्यालयमा शिक्षकहरुको उपस्थिती कस्तो छ ?

क. नियमित ख.अनियमित ग.सन्तोषजनक

५. विद्यार्थीहरुको उपस्थिती कस्तो छ ?

क. अत्यन्तै उत्साहजनक ख. सन्तोषजनक ग.निराशाजनक

६.विद्यालयको अनुगमन सामान्यत महिनाको कति चोटि गर्नुहुन्छ ?

क. महिनाको १-३ चोटि ख. महिनाको ३-५ पटक सम्म ग.महिनाको ५-८ चोटि सम्म

७. विद्यालयको उचित व्यवस्थापनमा आइपरेका समस्याहरु के-के छन् ?

..........................................................................................................

८. तपाइको कार्याकाल र तपाई भन्दा अगाडीको वि.व्य.स /सि.अ.स को कार्यकालमा विद्यालयको शैक्षिक अवस्थामा आएको परिवर्तनहरु के के छन् ?

..........................................................................................................

९. राज्यको तर्फबाट विद्यालयको व्यवस्थापनमा के कति लगानी कुन कुन क्षेत्रमा भइरहेको छ ?

..........................................................................................................

१०. तपाईको विद्यालय सेवाक्षेत्रभित्र विगतको शैक्षिक अवस्थामा हाल आएर के के परिवर्तनहरु भएका छन् ?

..........................................................................................................

११. तपाइको विचारमा ल्होमी जातिहरुलाई शिक्षाको मूलधारमा ल्याउन के कस्ता उपायहरु अपनाउन पर्ला ?

....................................................................................................

१२.अन्त्यमा तपाइको केही सल्लाह तथा सुझावहरु छ की ?

....................................................................................................

# अनुसुची चार :

## प्र.अ तथा शिक्षकहरुका लागि प्रश्नावली

विद्यालयको नाम :

शिक्षक वा प्र.अ.को नाम : स्थायी /अस्थायी शेवा गरेको वर्ष :

१. विद्यालयमा ल्होमीहरुको उपस्थिति कस्तो छ ?

क. उच्च ख. सन्तोष जनक ग. न्यून

२. विद्यार्थीहरु सबैले नेपाली भाषा बुझ्छन् ?

क. सवैले बुझ्छन् ख. कोही कोहिले मात्र बुझ्छन ग. बुझ्दैनन्

३. मातृभाषामा शिक्षण गर्दा सिकाई उपलब्धिमा कस्तो प्रभाव पार्ला ?

क. राम्रो ख. नराम्रो ग. ठिकै

४. तपाइको विचारमा यस जातिको जीवनस्तरमा विगतको भन्दा परिवर्तन भएको छ ?

क. छ ख. छैन ग. उस्तै छ

५. आमाबाबुले छोराछोरीहरुलाई कतिको सरसफाई गरेर पठाँउछ ?

क. सधै सफा बनाएर ख. एकदमै फोहोर ग. कहिले सफा कहिले फोहोर

६. विद्यार्थीहरुले कतिको गृहकार्य गरेर ल्याउँछन् ?

क. सधै ख. कहिलेकाँही ग. कहिल्यै ल्याउदैनन्

७. तपाइको विचारमा विद्यार्थीहरुले पढ्ने समय कतिको पाँउछ ?

क. पाउदैनन् ख. पाउछन् ग. कहिलेकाँही पाउछ

८. विद्यार्थीहरुको उत्तिर्णदर कस्तो छ ?

क. उच्च ख. सन्तोषजनक ग.न्यून

९. विद्यालयको सम्पूर्ण पक्षहरु बालमैत्री छ ?

क. छ ख. छैन ग. मिश्रित छ

१०. वालवलिकाहरु विद्यालय पठाउने संख्या विगतको तुलनामा कस्तो छ ?

क. वृद्धि भएको छ ख. घटेको छ ग. उस्तै छ

११. नेपाल सरकारबाट यस जातिको लागि आउने छात्रवृत्ति नियमित रुपमा विद्यार्थीले प्राप्त गर्छन् ?

क. प्राप्त गर्छन्      ख. प्राप्त गर्दैनन्   ग.कहिले गर्छ कहिले गर्दैनन्

१२. ल्होमी जातिको शैक्षिक स्तर बृद्धिको लागि के कस्ता उपायहरु अपनाउनु पर्ला ?

..........................................................................................................

१३. यस क्षेत्रका बालबालिका र अभिभावकको शिक्षा सम्बन्धी मूख्य समस्या के -के होला ?

..........................................................................................................

१४. तपाईको विद्यालयमा विद्यार्थी तथा शिक्षकहरुको संख्या कति कति छ ?

..........................................................................................................

१५. तपाइले  प्र.अ.सम्हाल्नुभन्दा अगाडि र प्र.अ.मा तपाई आउनु भएपछि विद्यालयको शैक्षिक  अवस्थामा के फरक पाउनुभयो ?(प्र.अ सँग)

..........................................................................................................

१६. कक्षा छाड्ने र विद्यालयममा कम उपस्थिती कम हुनुको कारण  तपाईको विचारमा के के हुनसक्छन् ?

..........................................................................................................

१७. विद्यालयमा भर्ना दर बढाउने र विद्यार्थीहरुलाई विद्यालयमा टिकाई राख्नको लागि के कस्तो कार्यक्रम संचालन गर्दै आउनुभएको छ ?

..........................................................................................................

१८. तपाईको विद्यालयको व्यवस्थापकीय पक्ष र भौतिक वातावरण कस्तो छ ?

..........................................................................................................

१९. नेपाल सरकारवाट प्राप्त भौतिक शेवा सुविधाहरुको स्थिती कस्तो छ ?

..........................................................................................................

२०. ल्होमी जातिलाई शिक्षाको मुलधारमा ल्याउन सकिने उपायहरु के के होला ?

..........................................................................................................

२१. अन्त्यमा तपाइको केही सल्लाह तथा सुझावहरु छ की ?

..........................................................................................................

## अनुसूची पाँच :

## ल्होमी जातिहरु मध्येका विशिष्ट व्यक्तिहरु र उच्च शिक्षा हासिल गरिसकेका पुरुष तथा महिला हरुका लागि प्रश्नावली

नाम : ठेगना :

शैक्षिक योग्यता : कार्यरत सस्था :

१. तपाइको विचारमा ल्होमी समुदायको वर्तमान शैक्षिक स्तर कस्तो छ ?

ख. मध्यम ग. न्युन घ. अति न्युन

२.वर्तमान ल्होमी जातिको शैक्षिक स्तर विगतको तुलनामा वृद्धि भएको छ ?

क. छ ख. छैन ग.केही मात्रामा छ

३. तपाइले कस्को प्रेरणा र सहयोगमा उच्च शिक्षा हासिल गर्नुभयो ?

क. अभिभावक ख. सरकार ग. साथीहरु

४. ल्होमी जातीको शैक्षिक स्तर वृद्धि गर्नको लागि के कस्ता कदमहरु चाल्नुपर्ला ?

...................................................................................................

५. विगतका ल्होमी जातिको शैक्षिक अवस्था र वर्तमान ल्होमी जातिको शैक्षिक अवस्था माथि तपाई कसरी तुलनात्मक रुपमा विष्लेषण गर्नुहुन्छ ?

...................................................................................................

६. तपाईको अनुभवमा ल्होमी महिलाले /पुरुषले शिक्षा आर्जन गर्ने संवन्धमा भ्केल्नुपर्ने समस्याहरु के के हुन् ?

...................................................................................................

७. तपाईको समयको ल्होमी महिला /पुरुष र अहिलेको ल्होमी महिला/पुरुष बिच शिक्षा लिने कार्यमा के फरक पाउनुहुन्छ ?

...................................................................................................

८. यस क्षेत्रको ल्होमी महिला/पुरुष हरुलाई के कस्ता सल्लाह र उत्साह दिनुहुन्छ ?

...................................................................................................

९. अन्त्यमा तपाइको केही सल्लाह तथा सुझावहरु छ की ?

...................................................................................................

## अनुसूचि छ :

### स्रोत व्यक्तिका लागि प्रश्नावली

१. यस क्षेत्रका विद्यार्थीहरुमा विद्यालय जाने उमेरका वालवालिकाहरुको उपस्थिति अन्य स्रोत केन्द्रको तुलनामा कस्तो छ ?

क. उच्च ख. न्यून ग. बराबर

२. शिक्षकहरुलाई तालिम प्रदान गर्दै आउनुभएको छ ?

क. छ ख. छैन ग. अन्य

.३. Flash I र II सम्पूर्ण विद्यालयले समयमा नै बुझाउछन् ?

क. बुझाउछन् ख. बुझाउदैनन् ग. कुनैले बुझाउछन् कुनैले बुझाउदैनन्

४. विद्यालयको प्र.अ. तथा शिक्षकहरुको अनुगमन कसरी कति पटक गर्नुहुन्छ ?

..................................................................................................................

५. तपाईको कार्यकाल र विगतको स्रोत व्याक्तिको कार्यकालमा तपाईले तुलनात्मक रुपमा के कस्ता कार्यमा सुधार गर्नुभयो ?

..................................................................................................................

६. तपाईको विचारमा ल्होमी जातिको शैक्षिक अवस्था अपेक्षा गरे अनुसार सुधार गर्न नसक्नुको पछाडि के के कारणहरु हुन सक्छ ?

..................................................................................................................

७. ल्होमी जातिको शैक्षिक अवस्था वृद्धि गर्नका लागि के कस्ता कदमहरु चाल्नुपर्ला ?

..................................................................................................................

८. विगतका ल्होमी जातिको शैक्षिक अवस्था र वर्तमान ल्होमी जातिको शैक्षिक अवस्थामा के कस्ता परिवर्तन भएको देख्नु हुन्छ ?

.................................................................................................................. ९.

अन्त्यमा तपाईको केही सल्लाह तथा सुझावहरु छ की ?

..................................................................................................................

## अनुसूचि सात :
## छलफल सुची

यस अध्ययनलाई प्रभावकारी तथा उद्देश्यमुलक बनाउन प्र.अ. , शिक्षक , वि.व्य.स तथा शि.अ.स अध्यक्ष , बुद्धिजिवी वर्ग र अभिभावकहरुसँग गरिएको छलफल सूची :

१. ल्होमी जातिहरु शिक्षामा पछाडि पर्नुका कारणहरु ,

२. राज्यवाट प्राप्त भैरहेको शेवा तथा सुविधाहरु ,

३. ल्होमी जातिहरु लाई शैक्षिक मूलधारमा ल्याउन अपनाउन सकिने उपायहरु ,

४. ल्होमी जातिहरुलाई शिक्षाको मूलधारमा ल्याउन सरोकारवलाहरुको जिम्मेवारी ,

५. विद्यालयमा प्र.अ., शिक्षक , विद्यार्थी, वि.व्य. स र शि.अ.सको  कर्तव्य र जिम्मेवारी ।

# अनुसूची आठ :

## जनसंख्या सर्वेक्षण फाराम

घरमुलिको नाम : गा.वि.स वडा नं.
गाँउ

| क.स. | उमेर समुह | पुरुष | | महिला | | जम्मा साक्षर तथा निरक्षर | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | साक्षर | निरक्षर | साक्षर | निरक्षर | साक्षर | निरक्षर | |
| १ | (०–६) | | | | | | | |
| २ | (७–१२) | | | | | | | |
| ३ | (१३–१६) | | | | | | | |
| ४ | (१७–२५) | | | | | | | |
| ५ | (२६–४५ | | | | | | | |
| ६ | (४५ +) | | | | | | | |
| | जम्मा | | | | | | | |

## अनुसूचि नौ :

## विद्यालयको औपचारिक शिक्षा प्राप्त गरेकाहरुको लागि सर्वेक्षण फाराम

घरमुलिको नाम : गा.वि.स वडा नं. गाँउ

| क्र. स. | उमेर समुह | प्राथमिक तह | | | नि.मा.वि.तह | | | माध्यमिक | | | एस.एल .सी | | | प्रमाणपत्र तह | | | स्नातक तह | | | स्नातकोत्तर तह | | | जम्मा साक्षर | | | जम्मा निरक्षर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु | म | जम्मा | पु | म | जम्मा | पु | म | जम्मा | पु | म | जम्मा | पु | म | जम्मा | पु | म | जम्मा | पु | म | जम्मा | पु | म | जम्मा | पु | म | जम्मा |
| १ | (०–६) | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | (७–१२) | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | (१३–१६) | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ४ | (१७–२५) | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ५ | (२६–४५ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ६ | (४५ +) | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

अनुसुची दस :

शिक्षाले जीवनस्तरमा ल्याएको परिवर्तन पहिचानको लागि सर्वेक्षण फाराम

नाम गाँउ पेशा लिङ्ग

| क्र. स. | सुचकाङ्क | विगत १० वर्ष पहिले | | जम्मा | वर्तमान अवस्थामा | | जम्मा | परिवर्तन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | पुरुष | महिला | | | |
| | स्वास्थ्यमा आएको परिवर्तन | | | | | | | | |
| १ | विरामीहुदाँ स्वास्थ्य चौकी जाने | | | | | | | | |
| | विरामिहुदाँ स्वास्थ्य लामा कहाँ नजाने | | | | | | | | |
| २ | वालवालिकालाई नियमित खोप लगाउने | | | | | | | | |
| | वालवालिकालाई नियमित खोप नलगाउने | | | | | | | | |
| ३ | झाडापखला वाट बच्ने उपायहरुको जानकारी | | | | | | | | |
| | झाडापखला वाट बच्ने उपायहरुको जानकारी नभएको | | | | | | | | |
| ४ | जुकावाट बच्ने उपायको जानकारी | | | | | | | | |
| | जुकावाट बच्ने उपायको जानकारी नभएको | | | | | | | | |
| ५ | टाइफाइडको लक्षणको जानकारी | | | | | | | | |
| | टाइफाइडको लक्षणको जानकारी नभएको | | | | | | | | |
| ६ | ज्वरोको उपचारको जानकारी | | | | | | | | |
| | ज्वरोको उपचारको जानकारी नभएको | | | | | | | | |
| ७ | झाडापखलाको साधारण उपचार गर्न सक्ने | | | | | | | | |
| | झाडापखलाको साधारण उपचार गर्न नसक्ने | | | | | | | | |
| | व्यक्तिगत सरसफाई | | | | | | | | |
| ८ | शौचालायको प्रयोग गर्ने | | | | | | | | |
| | शौचालायको प्रयोग नगर्ने | | | | | | | | |
| ९. | खानाखानु अगाडि हात धुने | | | | | | | | |
| | खानाखानु अगाडि हात नधुने | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | महिनमा २ देखि ६ चोटि शरिर नुहाउने | | | | | | | | |
| | महिनामा १ चोटि पनि ननुहाउने | | | | | | | | |
| ११ | नियमित दाँत माभ्ने | | | | | | | | |
| | नियमित दाँत नमाभ्ने | | | | | | | | |
| १२ | आवश्यक सामग्रीहरुको दैनिक सरसफाई गर्ने | | | | | | | | |
| | आवश्यक सामग्रीहरुको दैनिक सरसफाई नगर्ने | | | | | | | | |
| | खानपानको स्थिति | | | | | | | | |
| १३ | सामान्य भोजन खाने | | | | | | | | |
| १४ | सन्तुलित भोजन प्रयोग गर्ने | | | | | | | | |
| १५ | मिश्रित भोजनको प्रयोग गर्ने | | | | | | | | |
| | लवाइमा ल्याएको परिवर्तन | | | | | | | | |
| १६ | परम्परागत भेषभुषा प्रयोग गर्ने | | | | | | | | |
| १७ | आधुनिक भेषभुषाको प्रयोग गर्ने | | | | | | | | |
| १८ | मिश्रित भेषभुषाको प्रयोग गर्ने | | | | | | | | |
| | वोलिचालिमा भएको | | | | | | | | |
| १९ | ल्होमी भाषा मात्र बोल्न जान्ने | | | | | | | | |
| २० | नेपाली भाषा र ल्होमी भाषा दुवै प्रष्ट बोल्ने | | | | | | | | |
| | रोजगारमा भएको परिवर्तन | | | | | | | | |
| २१ | कृषि | | | | | | | | |
| २२ | पशुपालन | | | | | | | | |
| २३ | शिक्षक | | | | | | | | |
| २४ | निजामति | | | | | | | | |
| २५ | व्यापार | | | | | | | | |
| २६ | पर्यटन | | | | | | | | |

# अनुसुची एघार :

## ल्होमी जाति शिक्षामा पछि पर्नुका कारण पत्ता लगाउनको लगि तयार गरिएको मत सर्वेक्षण फाराम

| क्र.सं. | विवरण | प्र.अ /शिक्षक मत (९) | विद्यार्थी मत (१०) | अभिभावक मत (४०) | वि.व्य.स.अध्यक्ष/सि.अ.स. अध्यक्ष मत (६) | बुद्धिजिवि/उ.शि.हासिल गरेका व्यक्ति मत (४) | स्रोत व्यक्ति मत (१) |
|---|---|---|---|---|---|---|---|
| १ | अशिक्षा र चेतनाको अभाव | | | | | | |
| २ | भौगोलिक विकटता | | | | | | |
| ३ | गरिवी | | | | | | |
| ४ | राजनिति | | | | | | |
| ५ | भाषिक समस्या | | | | | | |
| ६ | राज्यको नीति | | | | | | |
| ७ | अन्य | | | | | | |

# अनुसुची बाह्र :

## शिक्षाको मुलधारमा ल्याउन विभिन्न पक्षहरुले अपनाउनु पर्ने उपायहरुको पहिचानको लागि मत सर्वेक्षण फाराम

| क्र.सं. | विवरण | प्र.अ र शिक्षक मत (९) | विद्यार्थी मत (३०) | अभिभावक मत (४०) | वि.व्य.स/सि.अ.स.अध्यक्ष मत (६). | बुद्धिजिवि/उ.शि.हासिल गरेका व्यक्ति मत (४) | स्रोत व्यक्ति मत (१) |
|---|---|---|---|---|---|---|---|
| | राज्यले अपनाउनु पर्ने उपायहरु | | | | | | |
| १ | आर्थिक अवस्थामा सुधार गर्नु | | | | | | |
| २ | जनचेतनामुलक कार्यक्रम गर्नु | | | | | | |
| ३ | छात्रवृत्तिको व्यवस्था गर्नु | | | | | | |
| ४ | निः शुल्क तथा अनिवार्य शिक्षा लागु गर्नु | | | | | | |
| ५ | रोजगारी प्रबर्द्धन गरिनु | | | | | | |
| ६ | पँहुच पुग्ने स्थानमा विद्यालयको स्थपाना | | | | | | |
| ७ | पर्याप्त भौतिक ,शैक्षिक सामाग्री को व्यवस्था गर्नु , | | | | | | |
| ८ | दिवा खाजाको व्यवस्था गर्नु | | | | | | |
| ९. | समावेशी र समाहित शिक्षा पद्धति लागु गर्नु | | | | | | |
| | विद्यालयले अपनाउनु पर्ने उपायहरु | | | | | | |
| १ | विद्यालयको सम्पुर्ण पक्ष वालमैत्री वनाउनु | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | समुदाय र विद्यालयको सम्बन्ध सुदृढ गर्नु | | | | | | |
| ३ | जनचेतना मुलक कार्यक्रम संचालन गर्नु | | | | | | |
| ४ | आधुनिक शैक्षिक सामाग्रीको प्रयोग | | | | | | |
| ५ | विद्यालयकामा विभिन्न अत्तिरिक्त कार्यक्रमहरु संचालन | | | | | | |
| ६ | शिक्षकहरुलाई पेशागत तालिमको व्यवस्था | | | | | | |
| ७ | शिक्षकहरुको नियमित उपस्थिती | | | | | | |
| ८ | अन्य | | | | | | |
| | अभिभावकले अपनाउनु पर्ने उपायहरु | | | | | | |
| १ | आफ्ना छोराछोरिहरुलाई विद्यालयमा भर्ना गर्नु पर्ने | | | | | | |
| २ | नियमित रुपमा विद्यालय पठाउनु पर्ने | | | | | | |
| ३ | आवश्यक शैक्षिक सामाग्रीको उचित व्यवस्था | | | | | | |
| ४ | घरमा छोराछोरीहरुलाई अध्ययनको समय मिलाइदिनु | | | | | | |
| ५ | विद्यालयलाई सहयोग गर्नु | | | | | | |
| ६ | अन्य | | | | | | |
| | विद्यार्थीले अपनाउनु पर्ने उपायहरु | | | | | | |
| १ | नियमित रुपमा विद्यालयमा उपस्थिती | | | | | | |
| २ | विद्यालयको आचारसंहिता पालन | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | अनुर्तिण हुदैमा कक्षा नछोड्ने | | | | | | |
| ४ | शिक्षा सम्बन्धि समाजमा जनचेतना मुलक कार्यक्रम संचालन | | | | | | |
| ५ | विद्यालयको हरेक काममा सहयोग र सहभागी | | | | | | |
| ६ | अन्य | | | | | | |
| | गैर सरकारी तथा दातृसस्थाहरुले अपनाउनु पर्ने उपायहरु | | | | | | |
| १ | सचेतना वृद्धि कार्यक्रम संचालन | | | | | | |
| २ | नि :शुल्क शैक्षिक सामाग्री वितरण | | | | | | |
| ३ | भौतिक ,शैक्षिक र प्रशाशनिक पक्षमा सहयोग | | | | | | |
| ४ | छात्रवृत्तिको व्यवस्था | | | | | | |
| ५ | अन्य | | | | | | |